

पोखराबाट नरसिम्हा... पृष्ठ ४

लोकप्रिय राष्ट्रिय दैनिक
# राजधानी
ग्राहक प्रति
काठमाडौं, धरान र बुटवलबाट एकैसाथ प्रकाशित

ग्राहक वर्गमा जानकारी
राजधानी दैनिकको वार्षिक ग्राहकदर रू १,५०० अब केहि दिनको लागि मात्र
राजधानी न्यूज पब्लिकेशन प्रा.लि
बिक्रिवितरण विभाग
कुपण्डोल, ललितपुर, फोन नं. : ५५४६३००, Ext : ११२

काठमाडौं । वर्ष १५, अंक २४७, काठमाडौं, मंगलबार ४ फागुन २०७२, नेपाल संवत् ११३६ । www.rajdhani.com.np । Email rajdhaninews@gmail.com । RAJDHANI Nepali National Daily । Kathmandu, Tuesday 16 February 2016 । पृष्ठ : ८+४ मूल्य रु. ५/-

# २३ वर्षपछि फुटबलमा उपाधि



रामसूदन तिमल्सिना/राजधानी
गुवाहाटी, ३ फागुन

## भारत २-१ ले पराजित

नेपाली फुटबल टिमले २३ वर्षपछि दक्षिण एसियाली खेलकुदमा स्वर्ण पदक जितेको छ । सन् १९९३ को इतिहास दोहोर्‍याउँदै फाइनलमा भारतलाई पराजित गर्दै नेपालले उपाधि चुमेको हो ।

सन् १९९३ मा नेपालले बंगलादेशमा भएको दक्षिण एसियाली खेलकुदमा भारतलाई पराजय गर्दै स्वर्ण जितेको थियो। गुवाहाटीस्थित इन्दिरा गान्धी स्टेडियममा सोमबार भएको भारतको होम ग्राउन्डमा नै उसलाई २-१ ले हराउँदै नेपालले स्वर्ण पदक जितेको हो । नेपालले सन् १९८४ मा काठमाडौंमा भएको पहिलो सागमा पनि स्वर्ण जितेको थियो ।

नेपालले ६ मिनेटमा २ गोल गरेर पछाडि परेको अवस्थालाई उल्ट्याउँदै आयोजक भारतलाई स्तब्ध पारेको थियो । सागमा फुटबलबाट स्वर्ण जित्ने लक्ष्यका साथ मैदानमा रहेको भारतलाई नेपालले अन्ततः निराश बनाइदियो । अतिरिक्त खेलाडीका रूपमा मैदान छिरेका प्रकाश बुढाथोकीले छिरेको ६ मिनेटमै आकर्षक फ्री-किकमार्फत लोभलाग्दो गोल गर्दै ०-१ ले पछि परेको अवस्थालाई बराबरीमा ल्याए । त्यसको ६ मिनेटपछि नेपाली फुटबलका 'लक्की ब्वाई' नवयुग श्रेष्ठले नेपालका लागि निर्णायक गोल गर्दै २-१ को ऐतिहासिक जित दिलाए ।

खेलको ३२औं मिनेटमा डिफेन्डर आदित्य चौधरीले डी-बक्समा कुमान उदान्त सिंहलाई लडाएपछि श्रीलंकाली रेफ्री गमिनी रोवेशले पेनाल्टी दिएका थिए । भारतले सो अवसरको सदुपयोग गर्दै १-० ले लिड गरेको थियो । नर्जारीले प्रहार गरेको पेनाल्टी गोलमा परिणत भएको थियो । पहिलो हाफमा केही कमजोर प्रदर्शन गरेको नेपाली टोलीले दोस्रो हाफमा सेमिफाइलनमा माल्दिभ्ससँग भिडेको स्प्रिट कायम गरेको थियो । खेलको बिचबिचमा केही तनावसमेत सिर्जना भएको थियो ।

खेलको ६३औं मिनेटमा मानबहादुर तामाङको स्थानमा मैदान भित्रिएका प्रकाश बुढाथोकीले करिब २५ यार्डबाट गरेको फ्री-किक गोलमा परिणत भएसँगै नेपालीमाझ खुसियाली छाएको थियो । भारतका विनीत राईले अञ्जन विष्टलाई लडाएपछि नेपाललाई सेट पिसमा गोल गर्ने सुन्दर अवसर प्राप्त भएको थियो ।

(बाँकी पृष्ठ ३ मा)

# पौडेलको विकल्प खोज्दै कोइराला परिवार

राजधानी समाचारदाता
काठमाडौं, ३ फागुन



नेपाली कांग्रेसको १३औं महाधिवेशनमा कोइराला परिवारबाट सभापतिमा कसैले पनि उम्मेदवारी नदिने संकेत गरेका छन् ।

(बाँकी पृष्ठ ३ मा)






# अधिकांश प्रतिनिधि नयाँ अनुहार

## ४० प्रतिशतको हाराहारीमा युवा प्रतिनिधि

**भुवन शर्मा/राजधानी**
काठमाडौं, ३ फागुन

नेपाली कांग्रेसको १३औं महाधिवेशन प्रतिनिधिमा अधिकांश नयाँ अनुहार आएका छन् । ६५ जिल्लाका २ सय ३ निर्वाचन क्षेत्रबाट छानिएका महाधिवेशन प्रतिनिधिमध्ये अधिकांश नयाँ अनुहार रहेका हुन् ।

अहिलेसम्मको नतिजाअनुसार आधाभन्दा बढी महाधिवेशन प्रतिनिधि नयाँ अनुहार रहेको र त्यसमा पनि ४० प्रतिशतको हाराहारीमा युवा प्रतिनिधि छनोट भएको कांग्रेस निर्वाचन समितिको भनाइ छ । कांग्रेस केन्द्रीय सदस्य प्रदीप पौडेलले अधिकांश नयाँ अनुहारका प्रतिनिधि आएको र त्यसमा पनि ४० प्रतिशत त युवा नै रहेको राजधानीलाई बताए ।

'महाधिवेशन प्रतिनिधि निर्वाचित हुने अधिकांश नयाँ अनुहारका छन्, ४० प्रतिशतभन्दा बढी युवा छन्,' पौडेलले राजधानीसँग भने । लामो समयसम्म नेपाल विद्यार्थी संघ, तरुण दललगायतका भ्रातृ संगठनहरूको अधिवेशन हुन नसक्दा पार्टी महाधिवेशनमा युवाहरूको संख्या बढेको हो । महाधिवेशनमा नयाँ अनुहारको संख्या ह्वात्तै बढ्नुको प्रमुख कारण पार्टीको विधानअनुसार समावेशीतर्फ निर्वाचित भएर आउने पाँच प्रतिनिधिकै संख्या अधिक रहेको छ । जसमा अधिकांश प्रतिनिधि १२औं अधिवेशनमा सहभागी हुन पाएका थिएनन् । त्यस्तै, १३औं महाधिवेशनका क्रममा भएका गाउँ, नगर, क्षेत्रीय र जिल्ला अधिवेशनमा समेत पुराना हस्ती पराजित भएका छन् । कतिपय निर्वाचन क्षेत्रमा केही स्थापित नेताबाहेक खुलाबाट आउने प्रतिनिधिमा पनि नयाँकै बाहुल्य रहेको छ । यस पटक काठमाडौं बसेर राजनीति गर्नेभन्दा गाउँ नगर तहमा नै सक्रिय युवा प्रतिनिधि चयन भएका छन् ।

१३औं महाधिवेशनमा उम्मेदवारी दिने आकांक्षा राखेका केन्द्रीय नेताहरूले अहिले महाधिवेशन प्रतिनिधिहरूलाई आफ्नो पक्षमा जोडघटाउ गर्न सुरु गरेका छन् । पुराना महाधिवेशन प्रतिनिधिहरूको तुलनामा नयाँ र युवा अनुहारका महाधिवेशन प्रतिनिधिलाई




उम्मेदवार घोषणा गरेका नेताहरूले पहिलो प्राथमिकतामा राखेका छन् । शीर्ष नेताहरू पनि अहिले विभिन्न माध्यमबाट महाधिवेशन प्रतिनिधिहरूसम्म जाने प्रयास गरिरहेका छन् । यसैबिच, कांग्रेसको ३६ जिल्लामा अधिवेशन सम्पन्न भएको निर्वाचन समितिले जनाएको छ । बाँकी ३९ जिल्लाको अधिवेशन पनि १० फागुनभित्रै सम्पन्न गर्ने गरी निर्देशन दिइएको कांग्रेसले जनाएको छ ।

२५ माघमा धेरै जिल्लामा अधिवेशनको प्रक्रिया सुरु भएकोमा २६ माघमा सभापति सुशील कोइरालाको निधनले माघ मसान्तसम्म अधिवेशन कार्यक्रम स्थगन गरिएको थियो । कांग्रेस महाधिवेशनमा ३ हजार १ सय ८१ महाधिवेशन प्रतिनिधिले भाग लिने निश्चित भएको छ । २ सय ४० निर्वाचन क्षेत्रबाट समावेशी प्रतिनिधित्वसहित निर्वाचित १२ जनाका दरले २ हजार ८ सय ८०, विदेशस्थित १७ जनसम्पर्क समितिबाट सात जनाका दरले १ सय १९, पार्टीका १८ ओटा भ्रातृ एवं शुभेच्छुक संस्थाबाट ९८ र केन्द्रीय पदाधिकारी एवं सदस्य गरी ८४ महाधिवेशन प्रतिनिधिले भाग लिने केन्द्रीय निर्वाचन समितिले जनाएको छ । वर्तमान केन्द्रीय समितिका सदस्यहरू स्वतः महाधिवेशन प्रतिनिधि हुने व्यवस्था छ । जसअनुसार केन्द्रीय समितिमा रहेका ८४ सदस्यहरू महाधिवेशन प्रतिनिधि हुनेछन् ।

**प्रतिनिधिको नाम वेबसाइटमा**

कांग्रेसले नवनिर्वाचित महाधिवेशन प्रतिनिधिहरूको नाम वेबसाइटमा राख्ने भएको छ । निर्वाचन समितिले ८ फागुनभित्रै महाधिवेशन प्रतिनिधिको नाम वेबसाइटमा राखिसक्ने गरी तयारी सुरु गरेको हो । '८ फागुनभित्रै महाधिवेशन प्रतिनिधिहरूको नाम वेबसाइटमा राख्ने गरी तयारी सुरु गरेका छौं । त्यसबेलासम्म सम्भव भए सबै महाधिवेशन प्रतिनिधिको नाम राख्ने प्रयास गर्छौं,' निर्वाचन समितिका सदस्य केशव रिजालले राजधानीसँग भने ।

यसअघि, निर्वाचन समितिले क्रियाशील सदस्यहरूको नाम वेबसाइटमा राखेको थियो । यता, विद्युतीय मेसिनबाट मतदान हुने कि नहुने भने अझै टुंगो लागेको छैन । निर्वाचन समितिका सदस्यहरूले विद्युतीय मेसिनबाट मतदान गर्न आन्तरिक तयारी सुरु गरेका छन् । निर्वाचन समितिका कर्मचारीहरू विद्युतीय मतदान गर्ने टुंगोमा पुगेपछि केन्द्रीय समितिले निर्णय गर्ने कांग्रेसको भनाइ छ । 'विद्युतीय मेसिनबाट मतदान गर्ने कि नगर्ने भन्ने विषयमा हामीले आन्तरिक तयारी गरिरहेका छौं । विद्युतीय मेसिनबाट मतदान गर्ने टुंगोमा पुग्यौं भने पार्टी पदाधिकारी र केन्द्रीय समिति बैठकबाट यसको स्वीकृत गराउछौं,' सदस्य रिजालले भने ।

## अखिलको २२औं महाधिवेशन

# अनेरास्ववियुको नेतृत्व चयन आज

**राजधानी समाचारदाता**
काठमाडौं, ३ फागुन

एमाले भ्रातृ संगठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) को नयाँ नेतृत्वका लागि आज मंगलबार मतदान हुँदै छ । सोमबार राति अबेरसम्म मनोनयन दर्ता सकिएपछि आज मतदान हुन लागेको हो । अध्यक्षका लागि नवीना लामा र दीपक गौतम प्यानल नै बनाएर मैदानमा उत्रिएका छन् । मनोनयन पनि प्यानलको तर्फबाट अध्यक्षका प्रत्यासीद्वय लामा र गौतमले गराएका थिए ।

एमाले नवौं महाधिवेशन जसरी नै टिमबाट नै उम्मेदवारी दर्ता भएको हो । लामा टिमबाट उपाध्यक्षहरूमा महेश बर्तौला, सुनीता बराल, रश्मि आचार्य र शैलेश लामाले उम्मेदवारी दर्ता गराएका छन् । महासचिवका उम्मेदवार उपाध्यक्ष ऐन महर छन् । सचिवमा समिक बडाल, कमला बोहरा, दुर्गानन्द ठाकुर, आरसी लामिछाने, अमृत बुढा, वसन्त ढकाल, मकर खड्काको उम्मेदवारी लामाको समूहबाट परेको छ । कोषाध्यक्ष पदका झपिन्द्र खत्रीले उम्मेदवारी दिएका छन् । निर्वाचन आयोगका अध्यक्षमा तुलसी मैनाली, अनुशासन आयोगमा अध्यक्ष निशा अधिकारी





र लेखा आयोगमा अध्यक्ष धर्मेन्द्र रोकाय उम्मेदवार बनेका छन् ।

गौतमका समूहका उपाध्यक्षहरूमा राधिका खतिवडा, नीलकण्ठ आचार्य, जीवन राई र सरोज यादवले उम्मेदवारी दिएका छन् । गौतम समूहले अब्दुल हुसेन खाँलाई महासचिवको उम्मेदवार बनाएको छ । सचिवमा सुदेश पराजुली, अशेष घिमिरे, भीम रावल, भक्तकुमारी लामाले उम्मेदवारी दिएका छन् । महिला सचिव आरती लामा, जनजाति सचिव गौतम राई र मधेसी सचिव वसिम आलम रहेका छन् । कमल शाहीले कोषाध्यक्षमा उम्मेदवारी दिएका छन् । अनुशासन आयोगका अध्यक्षमा वीरेन्द्र राई, निर्वाचन आयोगका अध्यक्षमा प्रेम प्रधान र लेखा समितिका अध्यक्षमा शिवजी गुप्ताले गौतम समूहबाट उम्मेदवारी दिएका हुन् ।

दुवै समूहले दिनभरको बैठकपछि सचिवालय र केन्द्रीय कमिटी सदस्य टुंग्याएको हो । आकांक्षीको संख्या धेरै भएपछि तीनको व्यवस्थापन मुस्किल भएको थियो । अखिलका पूर्वनेताहरूदेखि पार्टीका केन्द्रीय नेतृत्व एक सातादेखि नै टिम मिलाउन लागेका थिए ।

लामाका टिममा अखिलका पूर्वमहासचिव समेत रहेका एमाले नेता भानुभक्त ढकाल र गौतम समूहमा पूर्व अध्यक्ष ठाकुर गैरे नेतृत्वको टिम आधिकारिक उम्मेदवारको टुंगो लगाउन लागि परेका थिए । आफ्नो प्यानलाई विजयी गराउन उनीहरू रातदिन खटिएका छन् ।

आधिकारिक उम्मेदवार बन्ने/नबन्ने निश्चित भइनसके पनि आकांक्षीहरू सोमबार दिनभर नै भोट माग्न लागिपरेका देखिन्थे । आचारसंहिताको कडाइका साथ लागू हुँदा यस पटक महाधिवेशन स्थल र वरपर ठुला पोस्टरको प्रयोग भएको छैन । उम्मेदवार र समर्थकहरू ए-फोर साइजकै प्रचार सामग्री बाँडेका छन् । तुलनात्मक रूपमा यस पटक महाधिवेशन शान्त भएको विभिन्न जिल्लाबाट आएका अखिलका प्रतिनिधि बताउँछन् ।

तिन दिनभित्र र ६० लाख रुपैयाँमा महाधिवेशन सक्ने आयोजक कमिटीले योजना बनाए पनि समय लम्बिँदा खर्च पनि बढिरहेको छ । पहिले प्रतिनिधि विवाद टुंगो नलाग्दा लम्बेको थियो । सोमबार दुवै प्यानलले सचिवालय र केन्द्रीय सदस्यका आधिकारिक उम्मेदवार टुंगो नलाग्दा दिनभर निर्वाचनको कार्यक्रम अघि बढ्न सकेन । आज बिहान ११ बजेबाट मतदान सुरु हुने निर्वाचन समितिले जनाएको छ ।

देशभरबाट आएका १५ सय ४३ प्रतिनिधि महाधिवेशनमा सहभागी छन् । महाधिवेशनले १ सय ४१ जनाको नयाँ केन्द्रीय कमिटीको चयन गर्नेछ ।

# प्रधानमन्त्रीले संसद्मा सम्बोधन गर्ने

**राजधानी समाचारदाता**
काठमाडौं, ३ फागुन

प्रधानमन्त्री केपी शर्मा ओलीले फागुनको पहिलो साता हुने भारत भ्रमणको उद्देश्यबारे प्रस्ट पार्न व्यवस्थापिका संसद्को मंगलबारको बैठकमा सम्बोधन गर्ने भएका छन् ।

प्रधानमन्त्रीसहितको ५० सदस्यीय टोलीले आगामी ७ देखि ११ फागुनसम्म औपचारिक भारत भ्रमण गर्दै छ ।

मुलुकको कार्यकारी प्रमुख छिमेकी देशको औपचारिक भ्रमण गर्दा भ्रमणको उद्देश्यबारे सदनमा सम्बोधन गर्ने यो पहिलो अभ्यास हो ।

भारत भ्रमणको उद्देश्य र नेपालले लिनुपर्ने अडानका विषयमा सांसदहरूले संसद् बैठकमा राखेको धारणालाई समेटेर सम्बोधन गर्ने कि बैठकको सुरुमै प्रधानमन्त्रीले सम्बोधन गर्ने विषयमा मंगलबार मात्रै टुंगो लाग्ने संसद् सचिलालयले जानकारी दिएको छ ।

'प्रधानमन्त्रीले सम्बोधन गर्ने कुरा निश्चित हो तर सांसदहरूको जिज्ञासाको जवाफ दिने गरी पछि सम्बोधन गर्ने कि पहिला नै सम्बोधन गर्ने विषयमा टुंगो लागेको छैन,' सचिवालयका एक अधिकारीले भने ।

संसद्मा भारत भ्रमणमा नेपालले राख्नुपर्ने प्रस्ताव र लिनुपर्ने अडानका विषयमा सांसदहरूलाई बोल्न समय दिइनेछ ।

प्रधानमन्त्री ओलीले पूर्वप्रधानमन्त्री र पूर्वपरराष्ट्रमन्त्रीसँग पनि भारत भ्रमणमा उठाउनुपर्ने विषयबारे छलफल गरिसकेका छन् । उनले संसद्मा प्रतिनिधित्व गर्ने दलसँग पनि छलफल गरेका थिए । कानुन मन्त्री अग्नि खरेलले दुई दिनअघि सभामुख ओनसरी घर्ती मगरलाई भेट गरी प्रधानमन्त्रीले सम्बोधन गर्ने विषयमा जानकारी गराएका थिए ।

भारत भ्रमणमा सम्बन्ध सुधार, विगतमा भएका सहमति कार्यन्वयनको अवस्था, भूकम्पपछिको पुनर्निर्माणमा भारतीय सहयोग जुटाउनेलगायतका विषयमामा छलफल हुने बताइएको छ ।

सांसदहरूले दिएका जायज सुझावलाई पनि प्रधानमन्त्रीले एजेन्डाका रूपमा राख्ने तयारी गरेका छन् ।

## २३ वर्षपछि...

प्रशिक्षक राजुकाजी शाक्यले सही समयमा गरेको निर्णयका कारण नेपालले कमब्याक गरेको थियो । माल्दिभ्सविरुद्धको सेमिफाइलनमा ह्याट्रिक गरेका नेपाली स्टार नवयुग श्रेष्ठले फाइनल खेलमा पनि निर्णायक गोल गरे । उनले खेलको ७२औं मिनेटमा अन्जनको क्रसमा उत्कृष्ट गोल गरेका थिए । सन् १९९३ मा नेपालले बंगलादेशमा भएको दक्षिण एसियाली खेलकुदमा पनि फुटबलतर्फ स्वर्ण जितेयता सागमा स्वर्ण पदक जितेको थिएन । त्यतिबेला प्रशिक्षक राजुकाजी शाक्य कप्तान थिए । उनले कप्तान र प्रशिक्षकक रूपमा सागमा स्वर्ण जित्दै इतिहास राखेका छन् ।

नेपालले यसअघि भर्खरै बंगलादेशमा सम्पन्न बंगबन्धु गोल्डकप जितेको थियो । सन् १९८४ मा काठमाडौंमा भएको पहिलो संस्करणमा नै नेपालले स्वर्ण जितेको थियो । पछिल्लो पटक सन् १९९९ मा पनि नेपाल साग फुटबलको फाइनल खेलेको थियो ।

**निकै खुसी छु : प्रशिक्षक**

१२औं दक्षिण एसियाली खेलकुदमा फुटबलले स्वर्ण जितेपछि उत्साहित भएको नेपाली राष्ट्रिय फुटबल टिमका प्रशिक्षक राजुकाजी शाक्यले आफू निकै खुसी भएको बताए । उनले भने, 'मसँग आज बोल्ने कुनै शब्द छैन, आम नेपालीझैं मेरो पनि खुसीको कुनै सीमा छैन ।' नेपाली खेलाडीले पहिलो हाफमा खेल्न नसकेको स्वीकार गर्दै भने, 'पहिलो हाफमा खेलाडीले खेल्न नसक्दा स्कोर हुन सकेन, पेनाल्टी गोल खाएर पनि पछि कमब्याक भएर जित्नु भनेको हामीलाई आज भगवान्ले पनि साथ दिएको थियो ।'

उनले नेपालले दोस्रो हाफमा सोचेजस्तो उत्कृष्ट प्रदर्शन गरेको बताए । उनले गोलरक्षक विकेश कुथुको तारिफ गर्दै भने, 'विकेशले निकै राम्रो प्रदर्शन गरे । म उनको प्रदर्शनबाट निकै खुसी छु ।' उनले दोस्रो हाफमा रणनीति परिवर्तन गरेर खेलेको बताए । 'दोस्रो हाफमा हामीले रणनीति परिवर्तन गर्‍यौं, जुन सफल भयो ।' उनले भारतीय रक्षापंक्तिको गल्तीको फाइदा उठाउँदै गोल गर्न सफल भएको बताए । 'भारतको रक्षकको गल्तीमा हामी सफल भयौं,' उनले भने ।

शाक्यले १२औं सागमा फुटबलले दिएको स्वर्णले नेपाली फुटबलको विकासमा कोसेढुंगो साबित हुने बताए । 'यस उपाधिले नेपाली फुटबलको विकासमा धेरै सहयोग पुग्ने अपेक्षा गरेको छु,' प्रशिक्षक शाक्यले भने ।

### प्रधानमन्त्रीले दिए बधाई

प्रधानमन्त्री केपी शर्मा ओलीले १२औं दक्षिण एसियाली खेलकुद (साग) मा उपाधि जितेकोमा नेपाली राष्ट्रिय टिमलाई बधाई एवं शुभकामना दिएका छन् । प्रधानमन्त्रीले साग खेलकुदमा २३ वर्षपछि प्राप्त जितले नेपालको शिर उँचो बनाएको भन्दै खेलाडी, प्रशिक्षक एवं खेलसँग सम्बन्धित सबै सरोकारवाला पक्षलाई आफ्नो व्यक्तिगत र सरकारको तर्फबाट बधाई दिएका हुन् ।

'नेपाली खेलाडीको यो विजय खेल इतिहासमा अनन्तकालसम्म स्मरणीय हुनेछ । सरकारले खेलाडीको सम्मानमा कुनै कमी आउन दिनेछैन,' उपाधि जितेलगत्तै प्रधानमन्त्रीले भनेका छन् । प्रधानमन्त्रीले सागको महिला फुटबल टिम पनि फाइनलसम्म पुग्न सफल भएकोमा बधाई दिँदै आगामी दिनमा अझै राम्रो तयारी गर्न सुझाव दिएको प्रेस संयोजक चेतन अधिकारीले जनाएका छन् । प्रधानमन्त्रीले सागमा स्वर्ण, रजत र कांस्य पदक विजेता खेलाडीलाई पनि बधाई दिएका छन् । यसैबिच, सूचना तथा सञ्चारमन्त्री शेरधन राई र गृहमन्त्री शक्ति बस्नेतले पनि नेपाली फुटबल टिमलाई बधाई दिएका छन् । सरकारका प्रवक्तासमेत रहेका मन्त्री राई र गृहमन्त्री बस्नेतले सामाजिक सञ्जालमार्फत बधाई दिएका हुन् ।

## पौडेलको विकल्प...

सभापति सुशील कोइरालाको निधनपछि कोइराला परिवारको बिरासत धान्ने गरी कसलाई उत्तराधिकारी बनाउने भन्ने चर्चा भइरहेका बेला कोइराला परिवारभन्दा बाहिरका व्यक्तिलाई सभापति बनाउने तयारी भएको हो । कार्यवाहक सभापति रामचन्द्र पौडेलले सभापति जित्न नसक्ने निष्कर्षसहित कोइराला परिवारले १३औं महाधिवेशनमा अन्य व्यक्तिलाई अघि सारेर पदाधिकारीमा पकड जमाउने रणनीति बनाएको छ । 'शेरबहादुर देउवाजीसँग पौडेलले जित निकाल्न सक्नुहुन्न, त्यसैले हामीले अन्य विकल्पमा छलफल थालेका छौं,' कोइराला परिवारका एक सदस्यले भने ।

ती सदस्यका अनुसार पौडेललाई संसदीय दलको नेता बनाउँदै भावी प्रधानमन्त्रीका रूपमा प्रस्तुत गरी सभापतिको प्रतिस्पर्धाबाट ब्याक गराउने तयारी भएको छ । कार्यवाहक सभापति पौडेलको विकल्पमा महामन्त्रीद्वय प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला र केन्द्रीय सदस्य डा. रामशरण महतमध्ये एकलाई सभापतिको उम्मेदवार बनाउने गरी कोइराला परिवारले छलफल अघि बढाएको हो । उनीहरूले पौडेलबाहेक संस्थापनबाट एक मात्र सभापति उम्मेदवार बनाउन सके जित्न सकिने आँकलनसमेत गरेका छन् । यदि संस्थापनमा विभाजन आए नेतृत्व देउवाको हातमा जाने र अल्पमतमा परिने कोइराला परिवारको ठहर छ । 'सभापतिमा देउवा विजयी भए कोइराला परिवारमा कहिल्यै नेतृत्व फर्काउन नसकिने निष्कर्षसहित हामीले नयाँ तवरबाट छलफल अघि बढाएका छौं, उम्मेदवारी दिने बेलासम्म निर्णयमा पुगिन्छ,' कोइराला परिवारका ती सदस्यले भने ।

सभापतिमा चुनाव लड्ने घोषणा गरेकी पूर्वसभापति स्व. गिरिजाप्रसाद कोइरालापुत्री सुजातालाई उपसभापति बनाउने र बीपीपुत्र सशांकलाई महामन्त्रीको उम्मेदवार बनाउने कोइराला परिवारको योजना छ । यसो गर्दा १४औं महाधिवेशनबाट पार्टी नेतृत्व पुनः कोइराला परिवारमा नै फर्काउन सकिने उनीहरूको निष्कर्ष छ । अहिले नै सशांक वा सुजातालाई सभापतिका रूपमा अघि सार्दा कांग्रेस कोइराला परिवारको 'पेवा पार्टी' बन्न लागेको आरोप लाग्ने निष्कर्षसहित यस पटक कोइरालाइतरका व्यक्तिलाई नेतृत्वमा ल्याउने उनीहरूको तयारी छ । सोही आधारमा उनीहरूले पौडेलले सभापति जित्न नसक्ने र अन्य तिन व्यक्तिमध्ये एकलाई अघि बढाउन जिताउन सकिने ठहर पनि गरेका छन् । कांग्रेस महाधिवेशनमा छानिएकामध्ये कोइराला परिवारलाई मान्ने संस्थापन पक्षधर झन्डै १२ सय प्रतिनिधि रहेका छन् ।

# सरकारी सेवा पाउँदा स्थानीय दंग

**दिनेश थापा/राजधानी**
सिन्धुपाल्चोक, ३ फागुन

७६ वर्षको उमेरमा नागरिकता पाएपछि गोल्चे-३ की कन्या तामाङ दंग परिन् । हिँडेर सदरमुकामसम्म पुग्न नसकेपछि उनले नागरिकता बनाएकी थिइनन् । तर, गाउँमा नै सरकारी अधिकारीहरू आएको मौकामा नागरिकता हातमा लिँदै मुस्कुराइन् । 'जिल्लासम्म जान सकिनँ, त्यसैले नागरिकता बनाउन सकेको थिइन्,' तामाङले भनिन्, 'गाउँमा हाकिमहरू आएपछि नागरिकता बनाएँ ।'

तामाङजस्तै अन्य स्थानीयवासी पनि घरआँगनमा नै सरकारी सेवा पाउँदा खुसी भएका छन् । नागरिकता, राहदानी, लालपुर्जालगायतका सरकारी सेवा पाउन दुई दिन हिँडेर सदरमुकाम पुग्ने स्थानीय गाउँमै सरकारी कर्मचारीहरूले सेवा दिएपछि खुसी भएका हुन् ।

जिल्लाको विकट र हिमाली गाविस गोल्चे, गुम्बा, पाङताङ, सेलाङ र बराम्ची गाविसका स्थानीयले घरआँगनमा नै सरकारी सुविधा पाएपछि खुसी भए । कहिल्यै सरकारी अड्डाका कर्मचारी नदेखेका दुर्गम गाउँमा जिल्लाका सरकारी कार्यालयका सबै प्रमुखलाई एकैसाथ देखेपछि अचम्मित बनेका थिए । आफ्नो गाउँमै पहिलो पटक यसरी सरकारी कर्मचारीहरू आएकोमा आफूहरू खुसी भएको स्थानीय अगुवा भरत सिलवालले बताए ।

'हाम्रो यस क्षेत्रमा सरकारी कर्मचारीहरू पहिलो पटक यसरी सरकारी सेवा लिएर गाउँमा आउनुभएको छ, हामी धेरै खुसी छौं,' सिलवालले भने । स्थानीयलाई सरकारी सेवा घरदैलोमा नै गएर दिने उद्देश्यले जिल्ला प्रशासन कार्यालयले पाङताङको कात्तिकेमा घुम्ती शिविरको आयोजना गरेको थियो । सरकारी सेवा लिएर सरकारी अधिकारीहरू गाउँमा आउने थाहा पाएपछि गुम्बाको तेम्बाथान, लिदीलगायतका गाउँहरूबाट अघिल्लो दिन नै सातुसामल बोकेर सयौं स्थानीय सरकारी सेवा लिन शिविरमा आएका थिए । 'सेवा लिन दुर्गम गाउँबाट सयौं स्थानीय अघिल्लो दिन नै सातु सामल बोकेर आएका रहेछन्,' प्रमुख जिल्ला अधिकारी गोकर्णमणि दुवाडीले भने ।

अपांग परिचय पत्र बनाउन नसकेकाहरूले पनि घुम्ती शिविरमा परिचय पत्र बनाएका थिए । एकदिने शिविरमा ३ हजारभन्दा बढीले सरकारी सेवा पाएको जिल्ला प्रहरी प्रमुख डीएसपी विश्व अधिकारीले बताए ।




## छोटकरी

### कपिलवस्तु कांग्रेसमा आचार्य

**कपिलवस्तु/रास-** कपिलवस्तु कांग्रेसको सभापतिमा सुरेन्द्रराज आचार्य पुनः निर्वाचित भएका छन्।

सभापतिका प्रत्यासी राजु अर्याललाई १ सय ९० मतको भारी अन्तरले हराउँदै सभापतिमा दोस्रो कार्यकालका लागि उनी चुनिएका हुन्। आचार्यले ५ सय ५६ र अर्यालले ३ सय ६६ मत पाएका थिए। यस्तै, सचिवमा महेन्द्र पाठक ५ सय १८ मत ल्याई विजयी भएका थिए। सचिवका प्रत्यासी उम्मेदवार सुरेश शर्माले ४ सय मत पाएका थिए।

### हतियारसहित दुई पक्राउ

**जनकपुरधाम/रास-** हतियारसहित पक्राउ परेका दुईजनालाई जिल्ला प्रहरी कार्यालय धनुषाले सोमबार सार्वजनिक गरेको छ।

आइतबार साँझ जनकपुर उपमहानगरपालिका-४ विश्वकर्मा चोकनजिकबाट हतियारसहित पक्राउ गरिएका जनकपुर-१२ कुवाका रमेश कुमार यादवलाई पत्रकार सम्मेलन गरी सार्वजनिक गरिएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएका प्रहरीको गस्ती टोलीले चेकजाँचका क्रममा दुई थान पेस्तोल, पेस्तोलको म्यागजिन एक थान र दुई थान गोलीसहित उनलाई पक्राउ गरिएको हो।

उनका साथमा धनुषा सबैला-३ का दीपेशकुमार यादवलाई पनि प्रहरीले पक्राउ गरेको प्रहरी उपरीक्षक रामदत्त जोशीले जानकारी दिए।

### कपास उद्योगमा आगलागी

**बागलुङ/रास-** बागलुङ नगरपालिका-११ उपल्ला चौरस्थित कपास उद्योगमा सोमबार दिउँसो आगलागी भएको छ।

अस्मिता रिसाइक्लिन कपास उद्योगमा दिउँसो साढे १२ बजेतिर विद्युत् सर्ट भई आगालागी हुँदा लाखौंबराबरको धनमाल जलेर नष्ट भएको छ।

आगलागीबाट करिब १० लाख रुपैयाँबराबरको क्षति भएको उद्योग सञ्चालक तामलाल बन्जाडेले जानकारी दिए। उद्योगभित्र रहेका मेसिन, मोटर एवं कच्चा पदार्थहरू सबै जलेर नष्ट भएको उद्योग सञ्चालक बन्जाडेले जानकारी दिए।

# नेपाली नागरिकता त्यागेको घोषणा

**सुभाष साह/राजधानी**
बारा, ३ फागुन

बारा बिसुनपुर-९ निवासी ३४ वर्षीय नसरुलाह अन्सारीले नेपाली नागरिकता परित्याग गरेको घोषणा गरेका छन्। उनले जिल्ला प्रशासन कार्यालय बारामा निवेदन दर्ता गर्दै नेपाली नागरिकता त्यागेको घोषणा गरेका हुन्।

देशको अस्थिर राजनीतिक अवस्थाले नेपाली नागरिकता परित्याग गर्नुपरेको अन्सारीले बताएका छन्। देशमा बढ्दै गइरहेको राजनीतिक अस्थिरताले छोराछोरीको भविष्य अन्योलमा परेकाले परिवारको उज्वल भविष्यका लागि नेपाली नागरिकता त्याग गर्नुपरेको उनले बताए। उनी भर्खर वैदेशिक रोजगारबाट फर्केका हुन्। देशमा फर्किंदा पनि रोजगारको सम्भावना तत्काल नरहेको र नेपालमा आफ्नो भविष्य राम्रो नभएकाले नेपाली नागरिकता त्याग्नुपरेको उनले बताए।

अन्सारीले नेपाली नागरिकता परित्याग गरी भारत, बिहार राज्यको मोतीहारी जिल्लाको छौडादानोमा बस्ने निर्णय गरेका छन्। त्यो गाउँ उनको ससुराली गाउँ पनि हो। सीमावर्ती क्षेत्रका भारतीयले नेपाली नागरिकता आर्थिक चलखेल गरी लिइरहेको अवस्थामा अन्सारीले नेपालको नागरिक भएर पनि नेपाली नागरिकता त्याग्नुलाई अर्थपूर्ण रूपमा हेरिएको छ।

केही समयपहिले उनी मलेसियाबाट





नसरुलाह अन्सारी

पाँच वर्ष काम गरी नेपाल आएका थिए। नेपालबाट काम गर्न पाँच वर्ष मलेसिया बसेर नेपाल फर्किंदा नेपालको राजनीतिक अवस्था नेताहरूले बिगार्दै गएको उनले गुनासो गरेका छन्। विदेशबाट काम गरी फर्किंदा नेपालको अवस्था दिनदिनै बिग्रँदै गएको र नेपालमा भविष्य राम्रो नरहेकाले नेपालमा नबस्ने निर्णय गरेको उनले बताए।

'नेपालका नेताहरूले देशलाई राम्रो बनाएर जनताका लागि राम्रो काम गरेको भए म नेपालमै बस्थें,' अन्सारीले भने 'नेताहरू राष्ट्रिय स्वार्थभन्दा व्यक्तिगत स्वार्थका लागि देश बिगार्दै छन्, नेपालमा बसे मेरो परिवारको भविष्य पनि राम्रो नहुने भएकाले अब म भारत पस्छु।'

जिल्ला प्रशासन कार्यालय बारामा आइतबार निवेदन दर्ता गरी उनले आफ्नो नागरिकता खारेज गर्न माग गरेका छन्। जिल्ला प्रशासन कार्यालय बाराका प्रशासकीय अधिकृत ओम खड्काले अन्सारीको नागरिकता त्याग निवेदनको अनुसन्धान गरी नेपालको कानुनअनुसार आवश्यक कामकारबाही अघि बढाउने बताए।

उनी १० असोज २०३८ मा बारा बिसनपुर गाविसमा जन्मिएका थिए। अन्सारीले २० असोज २०५६ मा वंशज नागरिकता जिल्ला प्रशासन कार्यालय बाराबाट लिएका थिए। उनी नेपालको नागरिकता ऐन २०६३ बमोजिम ५ चैत २०७० मा पहिलो प्रतिलिपि जिल्ला प्रशासन कार्यालय बाराबाट लिएका हुन्। अन्सारीको नागरिकत्ता प्रमाणपत्र नम्बर १८३८/१४०८/१५५६ रहेको छ।

# सात महिनामा पाँच सुत्केरीको मृत्यु

**रुद्र सुवेदी/राजधानी**
नेपालगन्ज, ३ फागुन

चालू आर्थिक वर्षको सात महिनामा बाँकेमा पाँचजना सुत्केरीले ज्यान गुमाएका छन्। भेरी अञ्चल अस्पतालमा मात्र यो आर्थिक वर्षमा दुईजनाले ज्यान गुमाइसकेका छन्। गत आर्थिक वर्षमा २१ जनाले ज्यान गुमाएको जिल्ला जनस्वास्थ्य प्रमुख डा. विनोद गिरीले जानकारी दिए।

उनले बाँकेका विभिन्न गाविसमा ३४ ओटा बर्थिङ सेन्टर र एक सरकारी अस्पतालसँगै तिन निजी अस्पतालमार्फत आमा सुरक्षा कार्यक्रम सञ्चालनमा ल्याएको जानकारी दिए। बाँकेमा मृत्यु हुनेहरू अधिकांश जटिलतापछि अस्पताल आउनेहरू भएको पाइएको उनको भनाइ छ। उनले भने, 'अस्पतालमा बच्चा जन्माउन आउनुपर्छ भन्ने जनचेतना अझै समुदायमा नपुगकाले सुत्केरी आमा तथा नवजात शिशुको मत्यु हुने गरेको पाएका छौं,' उनले सचेतनाका लागि कार्यालयमार्फत विभिन्न चरणका पहल भएको दाबी गरे।

उनले गत वर्षको तथ्यांकलाई खोतल्दै जाँदा मृत्यु भएका सुत्केरीमध्ये ८५ प्रतिशत मधेसी र मुस्लिम समुदायका महिलाहरू पाइएको बताए। उनले भने, 'अझै पनि सुत्केरी हुनलाई अस्पताल जानुपर्छ वा लैजानुपर्छ भन्नेभन्दा पनि हामी पनि घरमै जन्मिएका हौं, यहीँ जन्माउनुपर्छ भनेर घरमै राखिदिने जटिल र अति सिरियस भएपछि मात्र अस्पताल आउँदा जोखिम हुने गरेको हो।' उनले जिल्लाको भौगोलिक अवस्थाका कारण बाँकेका राप्तीपारिका बर्थिङ सेन्टरमा खट्ने अनमी तथा स्वास्थ्यकर्मीका लागि बस्ने क्वार्टरको व्यवस्था नहुँदा सेवा दिन र त्यहाँ स्वास्थ्यकर्मी टिकाउन असहज भएको दुखेसो पोखे।

त्यस्तै, भेरी अञ्चल अस्पताल नेपालगन्जमा प्रसूति गराउनेको संख्या बढे पनि सेवा सुविधा पर्याप्त नभएको गुनासो छ। आर्थिक वर्ष २०७२/७३ देखि हालसम्म १ हजार ६ सय २१ सामान्य सुत्केरी भएका छन्। यसमा जटिलतायुक्त १ सय ६९ जना सुत्केरी भएका छन् भने प्रसूति तथा सुत्केरी अवस्थामा हुने जटिलता ९५ जनामा देखिएको छ। शल्यक्रियाबाट ४ सय ५० जनाले बच्चा जन्माएका छन्।

अस्पतालमा गम्भीर प्रकृतिका 'रेफरल' बिरामी आउने हुँदा समस्या देखिएको मेडिकल सुपरिटेन्डेन्ट डा. श्यामसुन्दर यादवले बताए। उनले भने, 'अति नै जटिल भएपछि मात्र अन्यत्रको समेत 'रेफरल' केस आउने हुँदा गाह्रो हुने गरेको छ।' उनले नियमित गर्भवती जाँच गराउने तथा आमा सुरक्षा कार्यक्रमको सेवा लिनेको संख्या अन्यत्रको तुलनामा भेरी अञ्चल अस्पतालमा बढी भएको दाबी गरे।

# स्वयंसेवकका भरमा पशु सेवा केन्द्र

**सुदीप अधिकारी/राजधानी**
बर्दिया, ३ फागुन

बर्दिया मनाउँस्थित पशु सेवा केन्द्र एकजना स्वयंसेवकका भरमा चल्दै आएको छ। कार्यालयमा कर्मचारी नभएपछि ६ महिनाअघि स्वयंसेवकका रूपमा आएकी अमिता दहितले कार्यालयको सम्पूर्ण काम गर्दै आएकी छन्।

सो कार्यालयमा प्रमुखसहित तिनजनाको दरबन्दी छ। तर, त्यहाँ एकजना पनि कर्मचारी छैनन्। स्वयंसेवक दलितले नै सबै पशुपन्छीको औषधोपचार र किसानलाई परामर्श दिने गर्छिन्। राष्ट्रिय योजना आयोगले उनलाई स्वयंसेवकका रूपमा खटाएको हो। कार्यालयमा स्वयंसेवा गरिरहेकी दहित भेटनरी जेटीए हुन्।

कार्यालयमा एक्लै भएकाले पशुको उपचार गर्न उनलाई भ्याईनभ्याई छ। स्वयंसेवक बिरामी हुँदा र तालिम गोष्ठीमा गएका बेला सेवा केन्द्र बन्द हुन्छ। कार्यालय सहयोगीदेखि सेवा केन्द्रका सबै काम आफैंले गर्नुपर्ने भएकाले निकै गाह्रो भएको स्वयंसेवक अमिता दहित बताउँछिन्।

कर्मचारी नहुँदा पशु सेवा केन्द्र विगत एक वर्षदेखि बन्द थियो। राष्ट्रिय योजना आयोगले स्वयंसेवक खटाएपछि पशु सेवा केन्द्र पुनः सञ्चालनमा आएको हो। सेवा केन्द्र पुनः सञ्चालनमा आएपछि स्थानीय कृषक खुसी छन्। सेवा केन्द्र खुलेपछि धेरै सुविधा भएको स्थानीय कृषक बिन्तीराम थारूले बताए।

प्राविधिक कर्मचारीको अभाव भई सेवा प्रदान गर्न नसकिएका क्षेत्रमा राष्ट्रिय योजना आयोगले स्वयंसेवक खटाएपछि कृषकलाई निकै राहत भएको स्थानियवासीको भनाइ छ। दरबन्दी भए तापनि कर्मचारीको व्यवस्था नहुँदा यस्तो समस्या आएको जिल्ला पशुसेवा कार्यालयको भनाइ छ।

---

**श्री ग्लोबल केमिकल्स प्रा.लि. अत्तरिया नगरपालिका, वडा नं. १२, कैलालिले कालिकोट जिल्लाका केहि सामुदायिक वन उपभोक्ता समूहहरुमा रहेको खाटे सल्लाको वन क्षेत्रहरुबाट खोटो संकलन गर्ने कार्यको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्ने सम्बन्धि**

## १५ दिने सार्वजानिक सूचना

**सूचना प्रकाशन मिति : २०७२/११/०३**

यस उद्योगले कालिकोट जिल्लाका तपशिलका ३ गा.वि.स हरुमा रहेका ४ सामुदायिक वन उपभोक्ता समुह (सा. ब. उ. स.) हरुमा रहेको खोटे सल्लाको वन क्षेत्रहरुबाट खोटो संकलन गर्ने सम्बन्धि प्रस्ताव गरिएकोले वातावरण संरक्षण नियमावलि २०५४ को नियम ७ (२) अनुसार यो सार्वजानिक सुचना प्रथम पटक प्रकाशित गरिएको छ।

आर्थिक, भौतिक, रसायनिक, जैविक वातावरणमा के कस्ता प्रतिकुल वा अनुकुल असर पर्न सक्छ र त्यस्ता प्रतिकुल असरहरु न्युनिकरण गर्न र अनुकुल प्रभावहरु लाई बढावा गर्नका लागि के कस्ता उपायहरु अवलम्वन गर्न उपयुक्त हुन्छ सो सम्बन्धमा सरोकारवाला निकायहरुले आ-आफ्नो राय सुझावहरु यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तलको ठेगानामा उपलब्ध गराई सहयोग गरि दिनु हुन हार्दिक अनुरोध छ।

तपशिल

| क्र.सं. | गा.वि.स. | सा.ब.उ.स. को नाम |
|---|---|---|
| १. | धैलगोह-८,९ कालिकोट | कलशा सामुदायिक बन |
| २. | बदालकोट- ८,९ कालिकोट | गैरापातल सामुदायिक बन |
| ३. | बदालकोट- ४,५,६,७ कालिकोट | काला पातल सामुदायिक बन |
| ४. | मान्मा- ५,८,९ कालिकोट | नैनलदेब सामुदायिक बन |

**राय सुझाब पठाउने ठेगाना :**

१. श्री मध्य पश्चिमाञ्चल क्षेत्रिय वन निर्देशनालय, विरेन्द्रनगर, सुर्खेत
२. श्री जिल्ला बन कार्यालय, कालिकोट
३ श्री ग्लोबल केमिकल्स प्रा.लि., अत्तरिया नगरपालिका, वडा नं. १२, कैलालि, टेलि.नं. ०१-४२५६७६५

---

## नेपाल स्काउट

रा.प्र.का. लैनचौर,काठमाण्डौं

**मर्मत, संभार तथा निर्माण सम्वन्धि शिलवन्दी बोलपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशन मिति : २०७२।११।४

यस नेपाल स्काउटको राष्ट्रिय तालिम केन्द्र सुन्दरीजल भवनमा मर्मत, संभार तथा निर्माण कार्य गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक नेपाली व्यवसायीहरूबाट निम्न शर्तहरूको अधिनमा रही रीतपूर्वक शिलवन्दी बोलपत्र आव्हान गरिन्छ।

१. बोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिन (विदा परेमा सोको लगतै कार्यालय खुलेको दिन) भित्र आ.ब. २०७१/७२ सम्मको लागि नविकरण भएको फर्म दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र र आ.व. २०७१/७२ सम्मको कर चुक्ता प्रमाण पत्र वा कर विवरण दाखिला गरेको प्रमाणको प्रमाणित कागजात समेत संलग्न गरी आधिकारिक व्यक्तिले निवेदन दिई तपसिलमा उल्लेखित बमोजिमको दस्तुर (फिर्ता नहुने गरी) बुझाई यस आयोगबाट कार्यालय समयभित्र बोलपत्र फाराम प्राप्त गर्न सकिने छ।
२. खरिद भएको बोलपत्र प्रष्टसंग भरी निर्माण व्यवसायीले प्रत्येक पानामा सहीछाप गरी, सिलवन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, सम्पर्क फोन र कार्यको नाम प्रष्टसँग लेखी ३१ औं दिन (विदा परेमा सोको लगतै कार्यालय खुलेको दिन) दिनको २ बजे सम्ममा यस नेपाल स्काउटमा दर्ता गराउनु पर्नेछ। दर्ता भएका बोलपत्रहरू सोही दिनको ४ बजे उपस्थित बोलपत्रदाताहरू तथा निजका प्रतिनिधिकहरूको रोहवरमा यसै नेपाल स्काउटमा खोलिने छ। बोलपत्रदाताहरू तथा निजका प्रतिनिधिहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
३. शिलवन्दी बोलपत्र साथ धरौटी वापत तपसिलमा उल्लेख भए बमोजिमको रकम १२५०००।- नेपाल इन्भेष्टमेन्ट बैंक दरवारमार्ग स्थित यस नेपाल स्काउटको धरौटी खाता व.हि नं. २४२७७४० मा जम्मा गरेको सक्कल भौचर वा सो रकम बरावरको कम्तीमा १२० दिन म्याद भएको "क" वर्गको वाणिज्य बैंकबाट जारी भएको जमानत (बिडवण्ड), आ.ब. २०७१/७२ सम्मको नविकरण भएको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र र आ.ब. २०७१/७२ सम्मको कर चुक्ता प्रमाणपत्र वा कर विवरण दाखिला गरेको प्रमाणको प्रमाणित कागजात समेत संलग्न गरी खामबन्दी गरी लाहाछाप लगाई सिलवन्दी गरी पेश गर्नु पर्नेछ।
४. यस नेपाल स्काउटका आधिकारीक व्यक्तिको हस्ताक्षर र नेपाल स्काउटको छाप लगाएको सक्कल दरभाउ फारम खरिद गरी सोही बोलपत्र फारम नै पेश गर्नु पर्नेछ।
५. एक फर्मको नाममा खरिद भएको दरभाउपत्र अर्को फर्मको नामबाट दाखिला गर्न पाइने छैन।
६. बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले खरिद सम्झौता गर्नु अघि ठेक्का अंकको ५ पाँच प्रतिशतले हुने रकम उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको मर्मत सम्भार अवधिसम्मका लागि मान्य हुने "क" वर्गको वाणिज्य बैंकबाट जारी गरेको कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ।
७. बोलपत्र शर्त रहित,केरमेट नभएका, नेपाल स्काउटले उपलब्ध गराईएको बोलपत्र फाराममा कुनै थपघट वा दृष्टव्य नलेखेको हुनु पर्ने छ। समय भित्र प्राप्त नभएको, रीत नपुगेको, सूचनाका शर्त विपरित भएको दरभाउपत्र माथि कुनै कारवाही हुने छैन। केरमेट भएको खण्डमा सम्वन्धित फर्मको सहीछाप भएको हुनु पर्नेछ।
८. बोलपत्र फारम खरिद वा दर्ता गर्ने फर्महरूले निर्माण स्थल र कामको सम्वन्धमा राम्ररी बुझि बोलपत्र भरेको मानिने छ।
९. बोलपत्र भर्दा दररेट स्पष्ट रूपमा अक्षर र अंकमा उल्लेख गर्नु पर्नेछ। अक्षर र अंकमा फरक पर्न आएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइने छ।
१०. बोलपत्र सम्वन्धि कागजात दाखिला गर्दा निम्न कुराहरू खुलाउनु पर्नेछ। (क) प्रस्तावित कार्यको लागि आवश्यक समानस्तर अनुभव प्रमाणपत्र (ख) जनशक्तिको कार्य दक्षता र योग्यता (ग) आर्थिक दक्षताको विवरण (घ) आवश्यक प्राविधिक मालसामान तथा उपकरणको विवरण।
११. बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएका, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाँझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धि कसूरमा आफूले सजाय नपाएको भनि लिखित रूपमा गरेको घोषणा पत्र संलग्न गर्नु पर्नेछ।
१२. बोलपत्र सम्वन्धि अन्य कुनै कुरा बुझ्न परेमा कार्यालय समय भित्र यस नेपाल स्काउट, लैनचौरमा सम्पर्क राख्न सक्नु हुनेछ।
१३. यस सूचनामा नपरेमा अन्य कुराहरू सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ।
१४. कामको विवरण यस प्रकार हुनेछ।

| सि.नं. | खरिद नं. | कामको विवरण | बोलपत्र फारम दस्तुर रू. | धरौटी रकम रू. |
|---|---|---|---|---|
| १ | २०७२।०७३ ०१ | मर्मत, संभार तथा निर्माण सम्वन्धि कार्य सुन्दरीजल तालिम केन्द्र सुन्दरीजल | १०००।- | १,२५,०००।- |

---

नेपाल सरकार
संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय

## जिल्ला विकास समितिको कार्यालय

बिदुर, नुवाकोट

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

यस कार्यालयबाट मिति २०७२।०९।१२ गते राजधानी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम कविलास तथा चौघडा गाउ विकास समितिमा संचालन हुने सोलार पम्पिङ सिंचाइ तथा खानेपानी योजनाहरुको कार्यको लागि पर्न आएका बोलपत्रहरुको मिति २०७२।१०।२७ गतेको मूल्यांकन समितिको निर्णय बमोजिम तपसिलमा उल्लेखित बोलपत्रदाता न्यूनतम मुल्यांकित र सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि सिफारिस भई आएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सुचना सम्वधित सवैको जानकारीको लागि प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

| क्र.स. | ठेक्का नं. | बोलपत्रदाताको नाम | कबोल अंक मू.अ.कर सहित |
|---|---|---|---|
| १. | 01/nuw/energy/072/73 Aapchaur A Solar pumping Irrigation Project | Gham power Pvt. Ltd, Kathmandu. | 31,14,863.00 |
| २ | 02/nuw/energy/072/73 Aapchaur B Solar pumping Irrigation Project | Gham power Pvt. Ltd, Kathmandu. | 33,95,490.00 |
| ३ | 03/nuw/energy/072/73 Kabilash Solar pumping Drinking Water Project | Gham power Pvt. Ltd, Kathmandu. | 7,53,786.00 |

स्थानिय विकास अधिकारी


## वर्गीकृत विज्ञापन आइतबार, मंगलबार, बिहीबार र शनिबार

**निर्माण**
भवन निर्माण बाटो, पलम्बिङ, भत्काउने, रंगरोगन, बत्तीको सम्पूर्णकाम, बगैचा लगाएत विभिन्न कामको लागि सम्पर्क गर्नुहोसा : ९८०३०३६८५६

**जग्गा बिक्रीमा**
सांखु पालुबारीमा २ आना ३ पैसा जग्गा बिक्रिमा ९८४१४४५०४३,

९८४३४४६५३६

सांखु मोटरबाटोमा रहेको ५ आना जग्गा बिक्रीमा ९८४१४४५०४३,

**घर जग्गा बिक्रीमा**
ग्वार्को, बालकुमारी ईमाडोलमा ७ आना ९८५१०४९४२३, ९८४१९३४४६३

**चाहियो**
अफिसकोलागि स्टाफ ११,५००/- (फिक्स) ९८४३८८८१६३, ९८१८५१०७९० भक्तपुर

**बिक्रीमा**
औषधी, फार्मेसी पसल बिक्रीमा नेपाल क्यान्सर अस्पतालको एकमात्र ९८५१०४९४२३, ९८४१९३४४६३

पानी तताउने सोलार, पानी फिल्टर फोन नं. : ९७४१००४६७९,

चावहिल गणेशथान नजीकै डेकुरेशन सहितको पसल बिक्रीमा ९८४११२४१०६

**सोलार**
पूर्व जडित ईन्भटरलाई सोलारबाट चार्ज गराएर Hybride बनाउनु होस। ९८५१०१७२४२ साथै, पम्प, Induction, Band Siller, गारमेन्ट मेसिनरी चलाउने Solar System को लागि सम्पर्क गर्नुहोस्।

**सम्पर्क**
के तपाई बिदेशजान लाग्नुभएको छ तर सेक्युरेटी प्रमाणपत्रले अड्कीनु भएको छभने हामीलाई सम्पर्क गर्नुहोला ९८५१०४९८९९

**सवारी साधन**
नौसिटर जिप रिजर्भ टुर टिकेटिङ चाहियमा ४००१५६४, ९८६०८३३६७६

**मर्मत**
कलर टेलिभिजन ग्यारेन्टीसाथ घरमै मर्मत ९८४१७९३५८६,

९८१५०२७२४०

**तिर्थयात्रा**
गंगासागर, तिनधाम, ११-ज्योतिलिङ्ग, गयाकाशी 01-4462024, 9803017032

**प्रति शब्द: रु ५**

**राजधानी राष्ट्रिय दैनिकको वर्गीकृत/डिस्प्ले विज्ञापन संकलनका लागि विभिन्न स्थानमा बुकिङ्ग काउण्टर खोलिएकाले सम्पर्क राखि लाभ उठाउनुहुन सहर्ष जानकारी गराउँछौं**

➩**सोह्रखुट्टे,** नयाँबजार, गोरखा न्यूज :-४३५५७६०, ➩**लगनखेल,** ग्रासिस बुक्स एण्ड स्टेशनरी : ९८४१८७२१८१, ५५४१३०० ➩**चावहिल,** युनाइटेड आइटी सोलुसन: ९८५१०३०६७५, ➩**नयाँ बसपार्क,** न्यू पोखरा अडियो सेन्टर :- ४३८०५८२, ➩**नयाँ बसपार्क,** पशुपती कम्युनीकेशन :- ४३६६११२, ➩**भक्तपुर,** सल्लाघारी तीनकुने, पुण्य श्री स्टेशनरी :- ६६१५५१२, ➩**कालिमाटी,** पब्लिक कन्ट्याक प्वाइन्ट :- ४६७४८०१, ➩**पुरानोबानेश्वर चोक,** बीडलिंक मिडिया प्रा.लि. :- ४४९२३०९/२०१४९३२, ➩**हात्तीसार,** लुम्बिनी कम्युनीकेशन :- ४४४५२९४, ➩**मैतिदेवी,** बाबा स्टेशनरी एण्ड सेक्रेटरीयल इन्टरप्राइजेज :- ४४४४०१९, ➩**ज्याठा,** एपिनेट कम्प्युटर :- ४२५८६०६, ➩**मिनभवन,** ग्लोबल बुक्स एण्ड स्टेशनरी: ४१०७१२८/४१०७४७७, ➩**गोंगबु चोक,** लोटस कम्युनिकेशन :- ४३६४७५१, ➩**बसुन्धरा,** एम.एस. सेडोंई बुक्स एण्ड स्टेशनरी :- ४३५६४७५, ➩**कोटेश्वर,** कविन बक्स एण्ड स्टेशनरी :- ४६००१६७, ➩**चावहिल,** अदिती विज्ञापन सेवा :- ९८४१०२६३८१, ➩**क्षेत्रपाटी ढल्को,** कम्युनिकेशन प्लस :- ४२६६७५१, ➩**सुन्धारा,** सुन्धारा टेलिकम :- ४२२०१८२, ➩**कीर्तिपुर,** किपु बुक्स प्वाइन्ट :- ४३३१७७५, ➩**ठमेल,** हाइलाइट मिडिया :- ४४१७३३३, ➩**बागबजार,** विश्व नेपाली पुस्तक सदन :- ४२२४२२६, ➩**जोरपाटी,** स्मार्ट इन्भेष्टमेन्ट प्रमोशन नेपाल प्रा.लि. :- ४९१३०१०, ९७४१०१७२५३, ➩**लगनखेल,** निशा बुक्स एण्ड स्टेशनरी :- ५५३१९५७, ९८४१६२७४८९, ➩**नयाँ बानेश्वर,** पाथिभरा इन्टरप्राइजेज : ९८४१४४५६९०, ४४९८०३७, ➩**सैबु भैसेपाटी,** डंगोल बुक्स एण्ड स्टेशनरी सेन्टर :- ९८४१५०२७७, ५५९०६५८, ➩**वीरगंज त्रिमुरती चोक,** अमृत पुस्तक भण्डार : ९८४९९७०७८९, ➩**हेटौडा,** शिवालिक इन्टरप्राइजेज ९८४५२८९०९८, ➩**भरतपुर, चितवन,** शुभप्रभात मिडिया हाउस ९८५५०६३४०७

**सम्पर्क नं.:- काठमाडौं, ५५४६३००, फ्याक्स: ५०११५९४/ नेपालगञ्ज, ०८१-५२५९३४/पोखरा, ०६१-५३३४३७/बुटवल, ०७१-४३७४५५**

## सम्पादकीय

# भ्रमणअघि नै सहमति

प्रधानमन्त्रीको भारत भ्रमण नजिकिँदै गर्दा प्रमुख तिन दल र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबिचको संवाद टुटेको सन्देश फैलिएको छ । प्रधानमन्त्री ओली भारत भ्रमणमा जाँदै गर्दा धेरैले सीमांकन विवाद टुंग्याउन राजनीतिक संयन्त्र बन्ने अपेक्षा गरेका छन् । सरकारकै भनाइअनुसार पनि यस्तो संयन्त्र बनाउने म्याद नाघिसकेको छ । आइतबार बेलुकीसम्म पनि यस्तो संयन्त्रको गुन्जायस छैन । जब कि मोर्चा यस्तो संयन्त्रका लागि जतिबेला पनि तयार रहेको बताइरहेको छ । भ्रमणअघि नै राजनीतिक विवाद समाधानको एउटा महत्त्वपूर्ण कदम पूरा गरेको सन्देश दिन पनि यस्तो संयन्त्र गठन जरुरी छ ।

मधेसी दलको आन्दोलनसँगै राष्ट्रियतालाई जोडेर भारत भ्रमणका सन्दर्भमा नकारात्मक टिप्पणी मात्रै हुँदै छैन, सरकारप्रतिको अविश्वाससमेत बढ्ने सम्भावना उत्तिकै प्रबल छ। अर्को कुरा यसपालिको प्रधानमन्त्रीको भारत भ्रमणलाई सतही रूपमा हेरिनुहुन्न । नेपालमा जारी भएको नयाँ संविधानप्रति असन्तुष्टि जनाउन मोर्चाले आन्दोलन गरेको बहानामा अघोषित नाकाबन्दी नै गरेको थियो, भारतले। नेपालमा नाकाबन्दी हुनुमा मधेस आन्दोलनसमेत जोडिएकाले सबैभन्दा पहिला मधेसी मोर्चासँगको संवादलाई प्राथमिकता दिन जरुरी छ। यसो भए मात्र ती नकारात्मक टिप्पणीहरू बिलाएर जानेछन्। पछिल्लो समय सरकाको आग्रह स्विकार्दै मधेसी मोर्चाले आन्दोलन स्थगित गरेर संवाद सुरु गरेको जगजाहेरै छ । यस्तो अवस्थामा सरकार आफैंले बोलेको प्रतिबद्धता पूरा गर्न आनाकानी गर्छ भने सरकारको नियतका विषयमा समेत शंका गर्नेहरूलाई प्रशस्त आधार मिल्नेछ । नेपालको संविधानप्रति असहमति जनाउँदै मधेसमा आन्दोलन सुरु गरेका मधेसी मोर्चाको आन्दोलनलाई बलियो बनाउन भारतले कस्तो सहयोग गरेको थियो ? उल्लेख गरिरहनु जरुरी छैन । तर, सहमतिनजिक पुगेको विषयलाई निष्कर्षमा पुऱ्याउनु सरकार र प्रमुख तिन राजनीतिक दलको पनि कर्तव्य हो । मधेसी मोर्चाका नेताको फोनै नउठाउने र संवाद गरौंला भनेर टार्दै जानेजस्ता घटनाले केवल मधेसी मोर्चा र सरकारबिचको दुरी मात्रै बढाउँदैन, फेरि अर्को ठूलो समस्या निम्तिने खतरासमेत हुन्छ ।

आन्दोलन जुनसुकै उद्देश्यले गरिएको होस्, पाँच-पाँच महिना आन्दोलन गरेको शक्तिलाई कमजोर आँखाले हेरिनुहुन्न । हरेक आन्दोलनको आफ्नै धर्म र मर्म हुन्छ । आन्दोलनलाई सेफल्यान्डिङ गराउने विषयमा सरकार नै गम्भीर हुन जरुरी छ । यो भनेको तत्कालका लागि राजनीतिक संयन्त्र निर्माण नै हो। लामो नाकाबन्दीपछि प्रधानमन्त्री भारत भ्रमणमा जान लागेकाले पनि प्रधानमन्त्रीको भ्रमण आमसर्वसाधारणका लागि चासोको विषय बनेको छ। राष्ट्रियता र सार्वभौमिकतामा आँच नआउने गरी भ्रमण सार्थक बनाउन नागरिक तहबाटै तीव्र दबाब छ । यो दबाबमा आशा पनि उत्तिकै देखिन्छ । त्यसैलै, भ्रमणअघि नै राजनीतिक विवाद अन्त्यका लागि तत्काल उच्चस्तरीय राजनीतिक संयन्त्र बनाउने विषयमा विलम्ब गरिनुहुन्न। त्यसैगरी, भ्रमणलाई सद्भाव कायम राख्न अधिकतम प्रयोग गर्दै आवश्यकता प्रदर्शन गर्नुभन्दा समानस्तरमा त्यो पनि राजनीतिक तहमा सीधै दुई देशबिचको सम्बन्ध नयाँ शिराबाट उठाउनमा केन्द्रित हुनुपर्छ । प्रधानमन्त्रीको आसन्न भ्रमणबाट सबैले गरेको अपेक्षा पनि यही हो ।

# प्रधानमन्त्रीको भ्रमण र नेपाल–भारत सम्बन्ध



■ प्रेमलकुमार खनाल

भारतसँग भएका कैयौं असमान सन्धि र भारतको नेपालप्रतिको हेपाहा व्यवहारलाई यथास्थितिमा राखेर भारत सरकारबाट नेपाललाई प्रदान गरिने आर्थिक एवं प्राविधिक सहयोगले मात्र नेपालको राष्ट्रियता र स्वाधीनताको रक्षा गर्न सकिन्नँ । यसले नेपाल-भारतबिचको सम्बन्धलाई सुमधुर बनाउन मद्दत गर्न सक्दैन ।





प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न भारत भ्रमण दशकौंदेखि विद्यमान असमान र असन्तुलित बन्दै आएको नेपाल-भारतबिचको सम्बन्ध सुधार गर्न कत्तिको सार्थक बन्ला ? यतिखेर सर्वत्र चर्चा परिचर्चाको विषय बनेको छ। नेपालमा २०६२/०६३ मा भएको युगान्तकारी परिवर्तनलाई सम्बोधन गरिएको संविधान भर्खरै जारी भएको छ। संविधानले नेपाललाई सार्वभौमसत्ता सम्पन्न, स्वतन्त्र, अविभाज्य, लोकतान्त्रिक, गणतान्त्रिक एवं समाजवाद उन्मुख राज्यका रूपमा अंगीकार गरेको सन्दर्भमा नेपालको राष्ट्रियतामाथि छिमेकी मुलुक भारतबाट भएका व्यवहार र विगतमा भएका असमान सन्धिसम्झौताका सन्दर्भमा प्रधानमन्त्रीबाट निकट भविष्यमा हुने भारत भ्रमणका अवसरमा प्रस्तुत गरिने विषयवस्तु र यसको भारतबाट गरिने 'रेस्पोन्स' ले नेपाल-भारतबिचको सम्बन्ध नयाँ ढंगले विकास हुने सम्भावना रहेको छ ।

सन् १९५० मा नेपाल र भारत सरकारका बिचमा भएको शान्ति र मैत्री सन्धिमा एकअर्का देशको गोपनीयता बुझाउनुपर्ने, कन्सुलेट जनरल र त्यस मातहतका कर्मचारी विभिन्न सहर र बन्दरगाहमा राख्ने, नेपाल सरकारलाई चाहिने हतियार र खरखजाना भारतीय बाटोबाट मात्र ल्याउनुपर्ने, एकअर्काको मुलुकमा ठेक्कापट्टा उद्योगमा लगानी गर्न पाउने, एकअर्काको मुलुकमा नागरिक निर्वाध घुमफिर गर्न पाउनेजस्ता प्रावधान रहेका छन् । सो सन्धिले नेपालजस्तो सानो देशको सार्वभौमिकताको रक्षामा गम्भीर प्रकारको चुनौती खडा गर्दै आएको छ। नेपाल-भारतबिचको सन् १९५० को सन्धिको पुनरावलोकन गरी समानताका आधारमा गर्नुपर्ने विषयलाई २०५१ सालमा प्रधानमन्त्री मनमोहन अधिकारीले भारत भ्रमणको अवसरमा पहिलो पटक उठाएका थिए । नेपालका वामपन्थी पार्टीहरूले पनि यस किसिमको असमान सन्धिको पुनरावलोकन गर्नुपर्ने माग उठाउँदै आएका भए पनि वामपन्थी दलको नेतृत्वमा पाँच पटक सरकार गठन भए पनि यस विषयमा ठोस ढंगले भारतसँग छलफल हुन सकेको छैन ।

त्यस्तै, नेपाल र भारतका बिचमा झन्डै १८ सय किमी सिमाना जोडिएको छ । भारतले सीमा क्षेत्रमा रहेका सीमास्तम्भहरू (पिलर) १ सयभन्दा बढी स्थानमा सारेर सीमा अतिक्रमण गरेको तथ्य बाहिर आएको छ। यस सन्दर्भमा कालापानी, सुस्ता र महेशपुर क्षेत्रमा भएको अतिक्रमणले यसको पुनर्पुष्टि गरेको छ। यसरी, सीमा अतिक्रमण गर्दा नेपालको झन्डै ८ लाख रोपनीभन्दा बढी जग्गा अतिक्रमणमा परेको तथ्य रहेको छ। नेपाल-भारतबिचको सम्बन्धलाई सुमधुर बनाउन दुई देशबिचको सीमालाई व्यवस्थित गर्ने, सीमामा राखिएका पिलरहरूलाई (सीमास्तम्भ) यथास्थानमा व्यवस्थित गर्नेलगायतका विषय प्रधानमन्त्रीको भारत भ्रमणको अवसरमा अगाडि सार्न जरुरी छ ।

भारत सरकारले, सीमा क्षेत्रका नदीनालामा बाँध बाँध्दा नेपाली भूमि डुबान हुनाका साथै बाढीको चपेटामा परेर बर्सेनि हजारौं मानिस विस्थापित हुने गरेका छन् । लक्ष्मणपुर बाँध, गिर्जापुर ब्यारेज, बागमती बाँध र कमला बाँधजस्ता बाँध निर्माण गरेर भारत सरकारले सीमा क्षेत्रको नेपालको भूभाग डुबानमा पारेको छ । यसरी, डुबानमा परी विस्थापित एवं पीडित बनेका नेपालीहरूले जुन प्रकारको कष्ट बेहोरिरहेका छन्, छिमेकी मुलुक हुनाको नाताले भारत सरकारले यस विषयमा गम्भीरतापूर्वक विचार गर्दै पीडितहरूलाई यथास्थानमा स्थापित गराउन ध्यान दिनुपर्छ ।

नेपाल-भारतबिच भएको असमान व्यापार तथा पारवहन सन्धिले नेपालको सार्वभौमिकता र समानताका अधिकारमा चुनौती खडा गरेको छ। व्यापार सन्धि दुई देशका बिच आपसी लाभका आधारमा गरिने विषय हो भने पारवहनको अधिकार नेपालको अन्तर्राष्ट्रिय रूपमा स्थापित अधिकार हो। भूपरिवेष्ठित देश हुनुको नाताले समुद्र तटबाट निर्वाध रूपमा सामान ओसारपसार गर्न पाउने नेपालको अधिकारमा हालै भारत सरकारले गरेको नाकाबन्दीले नेपाली जनजीवन र अर्थतन्त्र चौपट बनेको छ। जस्तै परिस्थितिमा पनि नाकाबन्दी गर्न नपाउने मान्यतालाई भारत सरकारले उल्लंघन गरी नेपालजस्तो भूपरिवेष्ठित देशको सार्वभैमिकतामा प्रहार गर्ने काम गरेको छ । यस्तै, सन्धिको अर्को पाटो व्यापारका क्षेत्रमा असमान स्थिति रहेको छ । भारतबाट उत्पादित वस्तुको नेपालमा निर्वाध निर्यात गरी भारतले व्यापार गर्न पाउने तर नेपालले नेपालबाट उत्पादित वस्तु भारतमा निर्वाध रूपमा निर्यात गर्न नपाउने असमान सम्झौता छ। यसले गर्दा पनि नेपालको व्यापार घाटा हरेक वर्ष चुलिँदै गएको छ । भारतबाट मात्र कुल आयात व्यापारको झन्डै ७० प्रतिशत आयात गर्नुपरिरहेको छ तर निर्यात भने असीमित ढंगले भारतमा गर्न नपाउने नेपालको नियति बनेको छ ।

भारतसँग व्यापार र पारवहन सम्झौता बेग्लाबेग्लै आधारमा गर्नुपर्छ। यहाँ स्मणीय के छ भने व्यापार सन्धि दुई देशका बिच आपसी लाभ, स्वेच्छा र आवश्यकताका आधारमा हुने विषय भएको हुँदा व्यापार सम्झौता सोही आधारमा गरिनुपर्छ भने पारवहन सन्धिचाहिँ नेपालको हक र अधिकारको विषय भएको हुँदा यस विषयलाई गम्भीरतापूर्वक आत्मसात् गर्न जरुरी छ ।

नेपाल-भारतबिच उपर्युक्त असमान सन्धि सम्झौताको अलावा विगतमा भारतसँग भएको कोसी, गण्डक र महाकाली नदीको सिँचाइ तथा विद्युत् सम्झौताबाट पनि नेपालले उचित लाभ पाउन सकेको छैन। यसका साथै खुला सिमानाका कारण सीमा क्षेत्रमा बढेको चोरी, डकैती र अपराधीकरणले पनि नेपालको सुरक्षामा गम्भीर प्रकारको चुनौती खडा गरेको छ । यस्तै, भारतबाट नेपालको राजनीतिक एवं प्रशासनिक क्षेत्रमा भएको हस्तक्षेप र विकास निर्माणमा सहयोग गर्ने नाममा नेपाल सरकारको सहमति र स्वीकृति नलिई तथा नेपालको राष्ट्रिय बजेटमा समावेश नगराई, सीमा क्षेत्रलगायत पहाडी ग्रामीण क्षेत्रमा भारत सरकारले स्कुल, खानेपानी, बाटो बनाउने कार्य गरी नेपालमा भारतीय प्रभाव बढाउने ढंगका गतिविधि भएका छन्, भारत सरकारका यस किसिमका गतिविधिले नेपालको स्वाधीनता र राष्ट्रियताको संरक्षण र संवर्द्धन गर्नमा चुनौती खडा गरेका छन् ।

वर्तमान सरकार नेपालका वामपन्थी दलहरूको पूर्ण समर्थनमा बनेको सरकार हो। नेपालको राष्ट्रियता र स्वाधीनतालाई सबल र सुदृढ बनाउनका लागि नेपालका वामपन्थीहरूले राष्ट्रियताको सबाललाई केन्द्र भागमा राखेर आन्दोलन गर्दै आएका छन् । यतिखेर वामपन्थी दलहरूको बर्चस्व भएको वर्तमान सरकारका तर्फबाट प्रधानमन्त्री केपी शर्मा ओलीबाट हुन लागेको भारत भ्रमणका अवसरमा नेपालको स्वाधीनता र राष्ट्रियताका विषयमा भारतसँग सम्बन्धित अनेकन असमान सन्धिसम्झौतालाई समानताका आधारमा पुनरावलोकन गर्नका लागि नेपालको एजेन्डालाई अघि सार्नुपर्छ । भारतसँग भएका कैयौं असमान सन्धि र भारतको नेपालप्रतिको हेपाहा व्यवहारलाई यथास्थितिमा राखेर भारत सरकारबाट नेपाललाई प्रदान गरिने आर्थिक एवं प्राविधिक सहयोगले मात्र नेपालको राष्ट्रियता, र स्वाधीनताको रक्षा गर्न सकिन्नँ । यसले नेपाल-भारतबिचको सम्बन्धलाई सुमधुर बनाउन मद्दत गर्न सक्दैन । अत: नेपालको बदलिँदो राजनीतिक घटनाक्रमसँगै नेपाल-भारतबिचको सम्बन्धलाई नयाँ शिरा र उचाइबाट स्वतन्त्रता, समानता, पारस्परिक लाभ र सार्वभौमिकताको रक्षा र विकास गर्ने कोणबाट अघि बढाउन सके मात्र प्रधानमन्त्रीको भारत भ्रमण सफल भई नेपालको राष्ट्रियताको संरक्षण र संवर्द्धन गर्नमा मद्दत पुगी नेपाल-भारतबिचको सम्बन्ध सुमधुर बन्न सक्ने विश्वास लिन सकिन्छ ।

# सूचनाको हक प्रचलनमा एक वर्षको समीक्षा



■ कृष्णहरि बाँस्कोटा

आयोगको मूल ध्येय आमनागरिकप्रति माग गरेको सूचना पाइन्छ, यसको आशा र भरोसाको स्थान राष्ट्रिय सूचना आयोग हो भनी विश्वास दिलाउनु हो । यसैगरी, सार्वजनिक निकायमा कार्यरत पदाधिकारीलाई पनि लोकतान्त्रिक मुलुकमा सूचना प्रवाहमा उम्दा ठहरिँदा नै आफ्नो र आफू कार्यरत संस्थाको साख उँचो हुन्छ भन्ने सोचमा परिवर्तन ल्याउन आयोगले आफ्नो प्रयास जारी राख्नुपरेको छ ।

यसै पंक्तिकारको नेतृत्वमा तिन सदस्यीय राष्ट्रिय सूचना आयोगले पुस ३० पुस २०७१ बाट कार्यारम्भ गरेकामा एक वर्ष पूरा भएको छ । यस अवधिमा सूचनाको हकको संरक्षण, संवर्द्धन र प्रचलनमा हासिल भएका उपलब्धिको समीक्षा गर्ने जमर्को गरिएको छ । यस अवधिमा आयोगले केही महत्त्वपूर्ण आदेश गरेको छ जसमा लोकसेवा आयोगलाई प्रतियोगितात्मक परीक्षामा सम्मिलित उम्मेदवारले हासिल गरेको प्राप्तांकबारे सूचना दिनू भनिएको छ । यसैगरी, निर्वाचन आयोगलाई राजनीतिक दलले बुझाएको १० हजार मतदाताको दस्तखतसहितको समर्थनयुक्त विवरण मागकर्तालाई उपलब्ध गराउन भनिएको छ। यसका अतिरिक्त पञ्चेश्वर जलविद्युत् आयोजनाको विधान र माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको पीडीएसम्बन्धी कागजात सरोकारवाला मागकर्तालाई उपलब्ध गराउन आदेश जारी गरिएको छ । साथै, सूचना माग गर्दा प्रयोजन खुलाउनुपर्ने कानुनी प्रावधान छ । तर, सूचना प्रवाह गर्छु भन्ने प्रयोजन राखेकाले सूचना दिन इन्कार गर्ने निर्णयकर्ताविरुद्ध आयोग उभिएको छ र सूचना दिनू भन्ने आदेश जारी भई सूचना प्राप्त भएको अवस्था छ । यस्ता थुप्रै निर्णय भएका छन् । आयोगको मूल ध्येय आमनागरिकप्रति माग गरेको सूचना पाइन्छ, यसको आशा र भरोसाको स्थान राष्ट्रिय सूचना आयोग हो भनी विश्वास दिलाउनु हो । यसैगरी, सार्वजनिक निकायमा कार्यरत पदाधिकारीलाई पनि लोकतान्त्रिक मुलुकमा सूचना प्रवाहमा उम्दा ठहरिँदा नै आफ्नो र आफू कार्यरत संस्थाको साख उँचो हुन्छ भन्ने सोचमा परिवर्तन ल्याउन आयोगले आफ्नो प्रयास जारी राख्नुपरेको छ ।

यस प्रथम एक वर्षको अवधिमा आयोगले केही सार्वजनिक निकाय र केही क्षेत्रमा विशेष आदेश जारी गरेको छ जसअनुसार लोकतन्त्रको वाहकका रूपमा रहेका राजनीतिक दलहरूले पनि न्यूनतम रूपमा भए पनि आफ्नो दलसम्बन्धी विवरण प्रत्येक ३/३ महिनामा सार्वजनिक गर्न, सूचना अधिकारी तोक्न र सूचना माग र सूचना प्रवाहको छुट्टै अभिलेख राख्न निर्वाचन आयोगमा दर्ता भएका १ सय ८० दलका नाममा आयोगबाट आदेश जारी भएको छ । यसबाट स्थितिमा अनुकूल परिवर्तन हुने आयोगको ठम्याइ छ । यस्तै, आदेश नेपाल सरकारका साविकका २७ ओटा मन्त्रालय र अतिरिक्त २१ ओटा केन्द्रीय निकायका सचिवका नाममा पनि जारी गरिएको थियो । यसअनुसार सूचना अधिकारीको फ्लेक्स बोर्ड सबै मन्त्रालयमा देखिएको छ । तिन/तिन महिने विवरण पनि वेवसाइटमा प्रकाशित भएको पाइएको छ। यसैगरी, आयोगले १९ ओटा सरकारी तालिम केन्द्रलाई आ-आफ्नो पाठ्यक्रममा सूचनाको हकलाई पनि समेट्न आदेश जारी भएपछि यस विषयको जानकारीले तीव्रता लिएको छ । यसका अतिरिक्त आयोगले पचहत्तरै जिल्लाका प्रमुख जिल्ला अधिकारीका नाममा तत् जिल्लामा कार्यरत सबै सार्वजनिक निकायको नागरिक वडापत्र संकलन गरी सोको सँगालो प्रकाशित गरी गाउँ-गाउँसम्म पुऱ्याउन आदेश जारी गरेपछि सेवा प्रवाहमा पनि सुधारको महसुस गरिएको छ। यी सबै प्रकारका कार्यसम्पादनमा व्यवस्थापिका संसद्को विकास समितिले आयोगलाई सहयोग उपलब्ध गराउने र मार्गनिर्देशन गर्ने काम गरिरहेको सुखद पक्ष पनि यहाँ उजागर गर्नैपर्छ ।

सूचनाको हकसम्बन्धी ऐनअनुसार आयोगले सरकार र सरकारी निकायलाई सुझाव दिने र ध्यानाकर्षण गराउने काम पनि गरिआएको छ । यसै सन्दर्भमा गत १२ र २९ वैशाखमा गएको विनाशकारी भूकम्प र त्यसपछिका थुप्रै पराकम्पबाट थिलथिलो भएको नेपालमा भ्रमपूर्ण सूचना प्रवाह हुन नदिन सरकारले आधिकारिक सूचना प्रवाहलाई जोड दिँदै उद्धार, राहत, पुनर्निर्माण र पुन:स्थापनाको काममा पूर्णत: पारदर्शिता अपनाउन आयोगले १४ बुँदे ध्यानाकर्षण प्रस्तुत गरेको छ। यसैगरी, नेपाल आयल निगमले कारोबार गर्ने पेट्रोलियम पदार्थको मूल्य घटबढ हुँदा केही दिन र केही घन्टासम्म उपभोक्ताहरू सूचना प्रवाहको अभावमा ठगिने स्थितिको अन्त्य गर्न, आपूर्ति व्यवस्थालाई चुस्त र दुरुस्त गर्न चालिएका रणनीतिको सूचना समयमै प्रवाह गर्न र अनुगमनका नतिजाहरू सार्वजनिक गर्न आयोगले ध्यानाकर्षण प्रस्तुत गरेको छ। यसैगरी, मेलम्ची खानेपानी आयोजनाले जताततै पाइप बिच्छ्याउने निहुँमा सडक खनेका प्रति अयोगले तत् निकायलाई यस्तो कार्यका बारेमा आमजनतालाई पूर्व सूचना दिन आग्रह गरेको छ । यसै क्रममा आयोगले निजामती कर्मचारीको शपथमा रहेको 'गोप्य' शब्दको सट्टा 'परिणाममुखी काम गर्छु' भनी शपथ गराउन र सूचना अधिकारीहरूलाई उत्प्रेरित गर्ने प्याकेज लागू गर्न सुझाव दिएको छ। आशा गरौं, आयोगले दिएका यस्ता रचनात्मक सुझावलाई बेवास्ता गरी सरकारले कानमा तेल हालेर बस्ने छैन, कार्यान्वयनमा ल्याउनेछ ।

०७१ माघदेखि ०७२ पुससम्मको एक वर्षको अवधिमा सूचनाको हकलाई विद्यालय पाठ्यक्रममा समावेश गर्न आयोग सफल भएको छ। यसअनुसार कक्षा ९ को सामाजिक शिक्षामा सूचनाको हकसम्बन्धी एउटा पाठ समावेश भएको छ। कक्षा ८ का लागि ऐच्छिक विषयका रूपमा सूचनाको हकको पाठ्यपुस्तक तयार हुँदै छ। यसैगरी, कक्षा ६ देखि कक्षा १० सम्म 'ग्याप एनालाइसिस' गरी प्रत्येक तहमा सूचनाको हकसम्बन्धी पाठ्यक्रम समावेश गर्ने गरी नीतिगत निर्णय भइसकेको छ। साथै, शिक्षकका लागि सूचनाको हकसम्बन्धी मार्गनिर्देशिका पुस्तिका तयार हुँदै छ। आयोगले यस अवधिमा सूचनाको हकसम्बन्धी छलफल कार्यक्रमलाई विभिन्न जिल्ला र विद्यालयमा व्यापक रूपमा सञ्चालन गरिआएको छ । हालसम्म धादिङ, नुवाकोट, लम्जुङ, स्याङ्जा, कास्की, बाग्लुङ, पर्वत, दैलेख, बाँके, सुर्खेत, रामेछाप, दोलखा, दाङ, इलाम, मोरङ, सुनसरी, काभ्रे, धनुषा, महोत्तरी, धनकुटा, डडेलधुरा, बैतडी, पाल्पा, गुल्मी, काठमाडौं, ललितपुर, भक्तपुर, चितवन, झापा, मुस्ताङ, म्याग्दी, बारा, अर्घाखाँची, सिन्धुपाल्चोक, तनहुँ र सोलुखुम्बु गरी ३७ जिल्लामा आयोगकै उपस्थितिमा कार्यक्रम भएका छन् भने अन्य जिल्लामा सूचनाको हकका अभियन्ता, स्थानीय प्रशासन र हुलाक प्रशासनबाट थप गतिविधि सञ्चालन भएको छ ।




चित्र: उत्तम नेपाल

यस अवधिमा नेपालको संविधान निर्माणका बखत आयोगले सूचनाको हकको बढोत्तरीका लागि गरेको पहल हाल संविधान संशोधनका एजेन्डामा 'सेल' गराउन लागिपरेको छ। यस्ता एजेन्डामा नागरिकलाई सूचना माग्ने र पाउने हकका साथै 'प्रवाह' को पनि हक दिनुपर्ने, संविधानको प्रतिबन्धात्मक वाक्यमा 'कानुनद्वारा गोप्य रहने कुरा सार्वजनिक गर्न बाध्य गरिने छैन' भन्ने स्थानमा 'सूचनाको हकसम्बन्धी ऐनले संरक्षण गर्नु भनेका सूचना सार्वजनिक गर्न बाध्य गरिने छैन' भन्ने वाक्य राख्न अयोगले पहल गरिरहेको छ । यसैगरी, प्रत्येक प्रान्तमा प्रान्तीय सूचना आयोग गठन गरिनुपर्ने र हालको राष्ट्रिय सूचना आयोगलाई संघीय राष्ट्रिय सूचना आयोग नामकरण गरी संवैधानिक हैसियत प्रदान गर्न र एउटै छाता ऐनद्वारा संघीय एवं प्रान्तीय सूचना आयोगको कार्यक्षेत्र तोक्ने आयोगले 'लबी' गरिआएको छ ।

'उद्देश्य के लिनु, उडी छुनु चन्द्र एक' भने झैँ आयोगले आफ्नो आगामी पाँच वर्षको रणनीतिलाई करिब अन्तिम रूप दिएको छ। दक्षिण एसियाली मुलुकमा सूचनाको हकका क्षेत्रमा नेपालको अभ्यास तुलनात्मक रूपमा उत्कृष्ट रहेकाले यस क्षेत्रका मुलुकमा क्रियाशील आयोगका पदाधिकारीको काठमाडौं सम्मेलन आयोजना गर्ने गृहकार्यलाई आयोगले प्राथमिकताको सूचीमा राखेको छ। संयुक्त राष्ट्रसंघीय विशेष निकायसँगको सहकार्यमा आयोगले 'ओपन गभरमेन्ट डाटा' को अभियान आरम्भ गरेको छ भने ६९ राष्ट्रको सहभागिता रहेको 'ओपन गभर्मेन्ट पार्टनरसिप' मा नेपाल पनि सहभागी हुने एजेन्डालाई अगाडि बढाएको छ। यस क्रममा आयोगले बंगलादेशको सूचना आयोगसँग नियमित रूपमा सहयोगको आदानप्रदान गर्ने गरी सम्झौतामा हस्ताक्षर गर्ने कार्यलाई अघि बढाएको छ । साथै, आयोगका पदाधिकारीले यस अवधिमा बंगलादेशका सूचनामन्त्री, बंगलादेश, पाकिस्तान, क्यानडा र अन्य थुप्रै मुलुकका समकक्षीसँग सहयोगको आदानप्रदान गर्ने विषयमा कुराकानी भएको छ । अन्य विकासका साझेदारसँग पनि आयोग निकट रहेको छ। यसरी, आयोग नेपालका सूचनाको हकको सार्थक प्रचलनका लागि लागिपरेको स्थिति छ ।

राष्ट्रिय सूचना आयोगले आफ्नो एक वर्षको अवधिमा सूचनाको हकलाई सबैको जानकारीमा ल्याउने ध्येयले भदौ ३ गते राष्ट्रिय सूचना दिवसको आयोजना गरेको छ । यस कार्यक्रमलाई पचहत्तरै जिल्लामा प्रमुख जिल्ला अधिकारीमार्फत नेपालभर नै सञ्चालन गरी जनचेतना अभिवृद्धि गर्ने प्रयास गरिएको छ । यसैगरी, गत सेप्टेम्बर २८ का दिन आयोगले अन्तर्राष्ट्रिय थाहा दिवस मनाएको छ। यस्ता सबै प्रकारका सृजनशील र प्रवर्द्धनात्मक काम गर्न आयोगको वर्तमान जनशक्ति निकै कम भएकाले संगठन तथा व्यवस्थापन अध्ययन गरी दरबन्दी थप गर्ने प्रयास गरिएको छ। जति सक्दो छिटो प्रत्येक प्रान्तमा प्रान्तीय सूचना आयोग स्थापना गर्न सके यस अभियानलाई राष्ट्रव्यापी तुल्याउन मद्दत पुग्ने थियो । यसैबिच, आयोगले विभिन्न मन्त्रालयमा पुगी विभागीय मन्त्री, सचिव र कर्मचारीसँग सूचनाको हकका बारेमा अन्तर्क्रिया गरिरहको छ । साथै, जिल्ला न्यायाधीशहरूको सेवा प्रवेश तालिममा पनि यस विषयलाई समावेश गरी सूचनाको हकका क्षेत्रमा समान बुझाइको स्थिति सृजना गर्न आयोग क्रियाशील रहेको छ । यस क्षेत्रमा प्रशिक्षक र अभियन्ताको संख्या वृद्धि गर्न प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने, जानकारीको स्तरलाई माथि उठाउन निबन्ध प्रतियोगिता गर्ने, लेखको सँगालो प्रकाशित गर्ने र बुलेटिन मुद्रण गर्नेसम्मको काममा आयोग लागिपरेको छ। आयोगले अनलाइनबाटै सूचना लिन सकिने पद्धतिको विकास गर्नाका साथै यस क्षेत्रमा क्रियाशील गैरसरकारी संस्थालाई पनि उत्प्रेरित गरिरहेको छ । यसको कारण गत आ.व. २०७१/०७२ मा आयोगमा ७ सय ७७ ओटा पुनरावेदन परेका थिए भने गत वर्षको अवधिमा आयोगले मागअनुसारको सूचना दिनु भन्नेलगायतका ९ सय ४ ओटा आदेश जारी गरेको छ ।

अन्त्यमा, लोकतन्त्रको प्राणवायुका रूपमा रहेको सूचनाको हकको प्रचलनले लोकतन्त्रको प्रवर्द्धनमा टेवा पुग्छ। मुलुकको महारोगका रूपमा देखिएको भ्रष्टाचार समूल नष्ट हुन्छ । संविधानप्रदत्त नागरिकका अन्य मौलिक हक र विशेषगरी वाक् तथा प्रकाशन स्वतन्त्रताको बढोत्तरी हुन्छ । सूचना प्राप्तिका माध्यमद्वारा जनतामा सशक्तीकरण हुन्छ र यसको प्रचलनबाट प्रशासकहरू विधिको शासन अनुशरण गर्न गन्तव्यमा पुग्ने मार्ग प्रशस्त हुनेछ । यस पुनीत लक्ष्य प्राप्तिका लागि गतिशील राष्ट्रिय सूचना आयोगप्रति सद्भाव राख्ने सबैमा धन्यवाद दिनैपर्छ ।

# नेपालमा जिका भाइरसको जोखिम



■ डा. प्रकाश बुढाथोकी

**विगतमा इबोला भाइरसको संक्रमणका बेला विश्व स्वास्थ्य संगठनको विफलताका कारण धेरैले ज्यान गुमाउनुपरेको आरोप लगाएपछि त्यसलगत्तै संगठनले अमेरिकी महाद्विपमा ३० देखि ४० लाखमा संक्रमण भएकाले आपत्कालीन समूह गठन गरेर विश्व महामारी स्वास्थ्य आपत्कालको घोषणा गरिसकेको छ ।**

जिका भाइरस संक्रमण ३३ मुलुकमा फैलिइसकेको छ । अन्य थप ६ मुलुकमा समेत संक्रमण भएको समाचार आएको छ। ब्राजिलमा पहिलो पटक स्पेनबाट आएको र हाल १५ लाखभन्दा बढी संक्रमित भएका तथा पछिल्लो समयमा ४ हजार १ सय ८० शिशुमा माइक्रोसेफाली बनाएको र यसकै कारण ५३ भन्दा बढीको मृत्यु भएको छ। भेनेजुयलामा ५ हजारभन्दा बढी प्रभावित, ६८ जना अस्पताल भर्ना र ३ जनाको मृत्यु भएको छ। दक्षिण अमेरिकी मुलुकबाट २ दिनअघि फर्किएका चीनका ३४ वर्षीय एक पुरुषमा पनि संक्रमण देखिएको छ। अमेरिका, अफ्रिका, दक्षिण एसिया र पश्चिमी प्रशान्त क्षेत्रमा फैलिएको जिका भाइरस विश्वव्यापी बन्ने सम्भावना बढ्दै छ । अमेरिकी वैज्ञानिकहरूले अमेरिकी महाद्विपमा फैलिएको जिका भाइरसले खतरनाक महामारीको रूप लिन सक्ने खतरा रहेको भन्दै निवारणका लागि तत्काल अग्रसर हुन विश्व स्वास्थ्य संगठनको ध्यानाकर्षण गरेका थिए। विगतमा इबोला भाइरसको संक्रमणका बेला संगठनको विफलताका कारण धेरैले ज्यान गुमाउनुपरेको आरोप लगाएपछि त्यसलगत्तै संगठनले अमेरिकी महाद्विपमा ३० देखि ४० लाखमा संक्रमण भएकाले आपत्कालीन समूह गठन गरेर विश्व महामारी स्वास्थ्य आपत्कालको घोषणा गरिसकेको छ।

फ्लेभी भाइरस समूहको आरएनए भाइरस डेंगु, चिकेनगुनिया, वेस्ट नाइल र एल्लो फिवर भाइरसजस्तै भाइरस जिका भाइरस हो । डेंगु रोग फैलाउने एडिस एजिप्टाई अर्थात कालो जिउमा सेतो थोप्ला भएको उज्यालोमा मानिसलाई टोक्ने लामखुट्टेले यो भाइरस सार्छ। यो भाइरस सर्वप्रथम सन् १९४७ मा युगान्डाको जिका वनमा रहेका बाँदरमा भेटिएको थियो भने सन् १९५४ मा नाइजेरियाका मानिसमा यसको संक्रमण भेटिएको थियो। त्यसपछिका दशकौंसम्म मानिसमा संक्रमण नदेखिएपछि यस रोग र भाइरसप्रति वैज्ञानिकलगायत सबैले नजरअन्दाज गर्दै आएका थिए। सन् २०१५ मा ब्राजिलमा पहिलो संक्रमण स्पेनबाट आएका रुबियो सोआर्स क्याम्पोसलाई भएको थियो।

**सर्ने तरिका** : एडिस एजिप्टाई नामक लामखुट्टेको टोकाइबाट यो भाइरस सर्छ। ब्राजिलमा पहिलोपटक २ जना बिरामीमा जिका भाइरस र्‍याल र पिसाबबाट सरेको ओस्वाल्डो क्रुज फाउन्डेसनले पत्ता लगाएपछि लामखुट्टेको टोकाइका अतिरिक्त मानिसको तरल पदार्थबाट पनि जिका भाइरस सर्न सक्ने जानकारीमा आएको हो। संक्रमितसँगको यौन सम्पर्कले पनि यो सर्छ। थुक, र्‍याल, पिसाब, रगत, यौनरस तथा शरीरबाट निस्कने तरल पदार्थमा जिका भाइरस पाइने गरेको छ। आमाको दूधमा पनि जिका भाइरस पाइने भएकाले स्तनपानबाट पनि सर्न सक्ने सम्भावना छ। तसर्थ, वैज्ञानिक तथ्य बाहिर नआउँदासम्म शरीरका सबै रसबाट टाढै रहन जरुरी छ। रगतमा १ देखि १० दिनसम्म देखिने भाइरसप्रतिरोधी प्रणालीले संरक्षित अंगहरू, जस्तै : अन्डकोश, आँखा, प्लासेन्टा, एम्नोटिक रस र दिमागमा जिका भाइरस लामो समयसम्म रहन सक्ने, मर्न समय लाग्ने गर्दा संक्रमण भइरहन सक्छ। वीर्यमा संक्रमण भएको ६२ दिनसम्म पनि जिका भाइरस भेटिएको छ। संक्रमणको लक्षण सामान्य र माइल्ड हुने भएकाले संक्रमितले आफूलाई स्वस्थ ठानेर काम र भीडभाडमा गइरहने भएकाले संक्रमणले महामारी लिने गर्छ।

**लक्षण** : संक्रमण भएको हरेक ५ जनामध्ये एकजनामा मात्र केही दिनमा लक्षण देखिन्छ। लक्षण देखिएकामा पनि २ देखि ७ दिनमा रोग निको हुन्छ। लक्षण अन्य भाइरल संक्रमणजस्तै हुन्छ र लक्षण सिकिस्त तथा ज्यान जाने हुँदैन। संक्रमणले सामान्यतया युवायुवती तथा बच्चामा छालामा रातो धब्बा वा बिमिरा देखिने, हल्का ज्वरो आउने, टाउको दुख्ने, जिब्रो रातो हुने, गाला सुन्निने, असजिलोपना, खाना नरुच्ने, आँखा रातो हुने कन्जंगटाइभाइटिस तथा भित्री भाग सुन्निने, मांसपेसी तथा जोर्नी सुन्निने र दुख्ने हुन्छ। टाउको सानो भएको र सुस्त बच्चा जन्मन्छ तर सबैमा एउटै खाले लक्षणहरू देखिँदैनन्। यसबाट गर्भवती महिला बढी जोखिममा रहन्छन्। गर्भवतीमा संक्रमण भए सानो टाउको, मानसिक कमजोर तथा मृत्यु भएको बच्चा जन्मने सम्भावना बढी हुन्छ। गर्भावस्थाको पहिलो ३ महिनामा संक्रमण भए टाउको सानो हुने माइक्रोसेफालीको सम्भावना अझै बढी रहन्छ।

**जटिलता** : धेरै ठुलो नभएको र पटकपटक महामारी नफैलिएकाले यसको जटिलताका बारेमा धेरै अध्ययन भइसकेका छैनन्। जिका भाइरसको संक्रमणले माइक्रोसेफाली र गुलियन बेरी सिन्ड्रोम गरी २ किसिमका जटिलता ल्याउँछ। सानो टाउको भएको शिशुको जन्म वा जन्मपश्चात् टाउकोको वृद्धि रोकिनुलाई माइक्रोसेफाली भनिन्छ। धेरै कम अर्थात धेरै हजार जन्ममा एउटा बच्चामा देखिने यो समस्यामा जन्मेको २४ घन्टादेखि २ महिनासम्मका शिशुको टाउकाको परिधि उसको गेस्टेसनल उमेर, तौल र लम्बाइअनुसार विश्व स्वास्थ्य संगठनको वृद्धि चार्टभन्दा कम हुन्छ। माइक्रोसेफालीमा टाउको सानो भएकाले दिमागको विकास असामान्य, अपूर्ण र कम हुन्छ। जन्मका बेला लक्षण केही नभए पनि प्रायःमा पछि गएर बढ्दै जाँदा सुस्त मनस्थिति, कन्भल्सन, सेरिब्रल पल्सी, छारे रोग, शारीरिक दृष्टिमा समस्या, कान नसुन्ने र सिकाइमा अक्षमता हुने गर्छ। तर केहीमा सामान्य विकास नै हुन सक्छ। तथापि, टाउको सानो हुने अन्य कारणमा शिशु गर्भमा रहेका बेलामा टोक्सोप्लाज्मोसिस, रुबेला, हर्पिस, सिफिलिस, एचआईभी र साइटामेगालो भाइरसको संक्रमण, गह्रौं धातु, आर्सेनिक, मर्करी, अल्कोहल, विकिरण, धुम्रपान जस्ता विषालु रसायनको संसर्ग, केही वातावरणीय र जेनेटिक कारणहरू, जस्तै : डाउन्स सिन्ड्रोम र गर्भस्थ शिशुमा कडा खालको कुपोषण पर्छन्।

जीबी सिन्ड्रोम हरेक १ लाखमा ० दशमलब ४ देखि ४ मा प्रतिवर्ष देखिने समस्या हो जहाँ व्यक्तिको प्रतिरोधी प्रणालीले आफ्नै पेरिफेरल प्रणाली र नसाहरूमा आक्रमण गर्छ। मांसपेसीको चाल गराउने, पीडा, तापक्रम र स्पर्शको महसुस गराउने नसाहरूलाई असर गरी मांसपेशी कमजोर बनाउने, हात, पाखुरा, खुट्टामा थाहा नपाउने गराउँछ। कमजोरी र झमझमाउने खुट्टाबाट सुरु भई पाखुरा र अनुहारमा फैलिन्छ। केहीमा त बढ्दै गई खुट्टा, पाखुरा र अनुहारका मांसपेसीको प्यारालाइसिससमेत हुन्छ। धेरै कम देखिने गम्भीर अवस्थामा पूर्ण पक्षाघात हुन्छ जसमा २० देखि २५ प्रतिशत छातीका मांसपेशी वा श्वासप्रश्वासका मांसपेशी पर्छन्। श्वासप्रश्वासका मांसपेसी कमजोर भए अस्पतालमा राखी आईसीयूमा र कहिलेकाहीं भेन्टिलेटरको सहयोगमा उपचार गर्न पनि जरुरत पर्न सक्छ। ३ देखि ५ प्रतिशत जीबी सिन्ड्रोमका बिरामीहरूको जतिसुकै अत्याधुनिक अस्पतालमा समेत श्वासप्रस्वासका मांसपेसीको पक्षाघात, रगतको संक्रमण, फोक्सोमा रगत जम्ने वा कार्डिएक अरेस्ट भई मृत्यु हुने गर्छ। सबै उमेरलाई लाग्न सक्ने भए पनि धेरै वयस्क र पुरुषमा देखिन्छ। गम्भीर लक्षण देखिएकामा पनि प्रायः सबैलाई निको हुन्छ।

**निदान** : भाइरल संक्रमण भएकाले अन्य भाइरल संक्रमणजस्तै लक्षण, लामखुट्टेले टोकेको इतिहास, प्रभावित क्षेत्रको भ्रमण र लक्षण देखिएको १ देखि ३ दिनमा रगत र ३ देखि ५ दिनमा र्‍याल वा पिसाबमा पीसीआर र भाइरस आइसोलेसन गरी भाइरसका अवशेष भेट्टाउन सकिन्छ। गर्भमा रहेको शिशुमा निदान शिशुको पानी निकालेर १८ देखि २० साता वा पछिको अल्ट्रासाउन्ड गरेर तथा जन्मिँदा टाउकोको गोलाइ ३२ सेमीभन्दा कम भएबाट गर्न सकिन्छ। तर, १५ सातामुनिको गर्भावस्थामा पानी निकाल्दा गर्भ खेर जाने सम्भावना हुन्छ। भिडियो एक्सरेमा टाउको सानो देखिने, संक्रमणका कारण दिमागमा क्याल्सियम थुप्रेर दागहरू देखापर्ने देखिन्छ।

**व्यवस्थापन** : आजसम्म संक्रमित, गर्भवती तथा गर्भको शिशुलाई जिकाविरुद्ध न त केही औषधि न त उपचार न त खोप नै छ। भाइरल इन्फेक्सन भएकाले लाक्षणिक उपचार मात्र गर्ने गरिन्छ। आराम, प्रशस्त पानी र झोलिलो पदार्थ सेवन गर्ने, लक्षणअनुसारका औषधि प्रयोग गर्ने तथा सावधानी अपनाउनुपर्छ। गर्भवतीहरूले उच्च जोखिमपूर्ण देशको भ्रमण नगर्ने ती देशमा गई गर्भवती नबन्ने, दिउँसो लामखुट्टेको टोकाइबाट बच्ने तथा औषधियुक्त झुलको प्रयोग गर्नु जति जरुरी छ त्यति नै यौन सम्पर्क, जुठो, चुम्बनदेखि पनि गर्भावस्थामा टाढै रहनुपर्छ।

अमेरिकी वैज्ञानिकहरूले खोप उपलब्ध हुन २ वर्ष लाग्ने र सर्वसाधारणका लागि सार्वजनिक रूपमा उपलब्ध हुन दशक नै लाग्ने बताएका छन्। तथापि, भारतको हैदराबादस्थित ल्याब भारत बायोटेक इन्टरनेसनल लिमिटेडका डा. कृष्ण इलाले खोप बनाएको दाबी गरेका छन्। ४ महिनाभित्र १० लाख डोज उपलब्ध गराउने पनि भनेका छन्। यद्यपि, इन्डियन काउन्सिल अफ मेडिकल रिसर्चले यसबारेमा थप अनुसन्धान गरिरहेको बताएको छ। त्यस्तै, फ्रान्सको सानो फिफा खोप अनुसन्धान केन्द्रले कुनै खोप विकास गर्न १० वर्ष लाग्ने भए पनि आफूले छिट्टै बनाउने दाबी गरेको छ। उसले नै डेंगुको पहिलो खोप बनाएको छ।

नेपाल सरकारले पनि माइक्रोसेफाली र गुलियन बेरी सिन्ड्रोमको निगरानी थालेको छ। तथापि, प्रकोप राष्ट्रबाट सीधा हवाई उडान नेपालमा नभएकाले संक्रमित लामखुट्टे सीधै नेपालमा आउने सम्भावना छैन। तर, भारतको उडान उक्त संक्रमित मुलुकसँग भएकाले भारतमार्फत विगतमा डेंगु, चिकेनगुनिया, जापानिज इन्सेफलाइटिस, चान्दिपुरा आएजस्तै यो भाइरस नेपालमा आउने सम्भावना प्रचुर छ। त्यसै पनि यो क्षेत्र उक्त प्रजातिको लामखुट्टे पाइने र प्रतिरोधी कम भएका मानिस बस्ने क्षेत्र हो। फागुन, चैतपछि जिका भाइरसको जोखिम नेपालमा हुन सक्ने भएकाले सबै सचेत हुन जरुरी छ।

*(डा. बुढाथोकी नेपाल चिकित्सक संघका केन्द्रीय सदस्य हुन्।)*

# पारिवारिक निजी वन : समृद्धिको आधार



■ जोगराज गिरी

**जति पारिवारिक निजी वनको विकास हुँदै जान्छ त्यति नै सरकारद्वारा व्यवस्थित वनहरूमा यसको सकारात्मक प्रभाव परिरहेको हुन्छ । किनभने, पारिवारिक वनहरूबाट नै उपभोक्ताले दैनिक रूपमा चाहिने घाँस र दाउराजस्ता वस्तु उपभोग गरिरहेका छन् ।**

नेपाल प्राकृतिक स्रोतसाधनले भरिपूर्ण रहेको छ। यिनको परिचालन र उपयोग व्यवस्थित र वैज्ञानिक रूपमा गरियो भने मुलुकलाई समृद्ध बनाउन सकिनेछ। विश्व बैंकको तथ्यांकअनुसार नेपालको कुल वन क्षेत्रबाट १५ लाख मानिसलाई रोजगार दिलाउन सकिन्छ। तर, नेपालको वन क्षेत्रले अहिलेसम्म त्यति उल्लेखनीय योगदान गर्न सकिरहेको छैन। नेपालको वन प्रशासनले समयसापेक्ष नीतिनिर्माण गर्न तथा वन क्षेत्रमा नयाँ सम्भावनाको खोजी गर्न सकिरहेको छैन। यस कारणले वन क्षेत्र खाली हेर्न र देख्न सकिने क्षेत्रको रूपमा रहेको छ। नेपालको समग्र वन क्षेत्रमध्ये समुदायद्वारा व्यवस्थित सामुदायिक वनले मात्र केही सम्भावना र नमुनाका रूपमा समाजमा आफ्नो भूमिका प्रदर्शन गर्दै आएको छ।

स्थानीय समुदायले आफ्नो दैनिक गुजारा सञ्चालन गर्नका लागि आफ्नै पहल र प्रयासमा आफ्नो निजी जग्गामा वृक्षरोपण गरी हुर्काएको जंगल पारिवारिक निजी वन हो। नेपालको काठ बजारमा ४० प्रतिशतभन्दा बढी काठको आपूर्ति गर्दै आएको छ, पारिवारिक निजी वनले। तर, नेपाल सरकारले यसलाई प्राथमिकताको क्षेत्रमा पारेको छैन। यसले सरकारी वन क्षेत्र र घर परिवारलगायत जलवायुजस्तो संवेदनशील क्षेत्रमा पुर्‍याएको योगदानलाई पनि नेपाल सरकारले ध्यान दिई प्रोत्साहन गर्न सकिरहेको छैन। नेपाल सरकार वन तथा भू-संरक्षण मन्त्रालयमा यस विषयमा कुनै कार्यक्रम रहेको छैन। न त यस पारिवारिक निजी वनका विषयमा बहस र संवाद नै गरिरहेको छ। अझ उल्टै यसमा वन तथा भू-संरक्षण मन्त्रालयले कानुनी असहजता कायम गरेर यसको विकास र प्रगतिलाई अघि बढ्न दिइरहेको छैन।

नेपाल सरकार वन तथा भू-संरक्षण मन्त्रालयले वर्तमान अवस्थामा जिल्लामा निजी वन सञ्जाल निर्माण गरेर सानो कामको थालनी गर्दै आएको छ।

नेपालमा बर्सेनि ४ लाखभन्दा बढी नेपाली युवा खाडी मुलुकमा पसिना बगाउँदै छन्। यसै कारणले गर्दा नेपालका खेतीयोग्य खाली जमिनमा बिरुवाहरू बढिरहेका छन्। यो क्रम अझ भविष्यमा धेरै बढ्ने देखिन्छ। सरकारी तथ्यांकलाई हेर्ने हो भने अहिलेसम्म २५ सय निजी वन मात्र जिल्ला वन कार्यालयमा दर्ता भएका छन्। तर, नेपालमा यो संख्या लाखौं रहेको छ। गत वर्ष मात्र नेपाल सरकारलाई पारिवारिक निजी वनले राजस्व मात्र १ करोड रुपैयाँ बुझाएको तथ्यांक वन विभागसँग रहेको छ। यसरी हेर्दा नेपालमा पारिवारिक निजी वनको संख्या उल्लेखनीय रहेको देखिन्छ। जति पारिवारिक निजी वनको विकास हुँदै जान्छ, त्यति नै सरकारद्वारा व्यवस्थित वनमा यसको सकारात्मक प्रभाव परिरहेको हुन्छ। किनभने, पारिवारिक वनबाट नै उपभाक्ताले दैनिक रूपमा चाहिने घाँसदाउराजस्ता वस्तुहरू उपभोग गरिरहेका छन्। घर बनाउनका लागि आवश्यक काठ पनि आफ्नै जग्गाबाट प्राप्त गरिरहेका छन्।

गत वैशाखमा गएको विनाशकारी भूकम्पका कारणले भूकम्प प्रभावित जिल्लामा भौतिक संरचना निर्माणका लागि काठको निकै आवश्यकता पर्ने भएका कारण वन तथा भू संरक्षण विभागले नेपालको काठ कुनकुन वन क्षेत्रबाट निकाल्ने भन्ने विषयमा व्यापक अध्ययन गरेर काठको परिमाण बाहिर ल्याएको छ। त्यसमध्ये पारिवारिक निजी वनबाट करिब १ लाख क्युबिक फिट काठ निकाल्न सकिने अनुमान पेस गरेको छ। यसबाट के प्रस्ट हुन्छ भने नेपालमा पारिवारिक निजी वनको सम्भावना अत्यन्तै धेरै छ।



पारिवारिक निजी वनको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्न सकेको अवस्थामा स्थानीय समुदायको आर्थिक समृद्धि कायम हुन गई समग्र नेपालको अर्थतन्त्रलाई समेत माथि उठाउन सक्ने पारिवारिक वन क्षेत्र सरोकारवाला सबैको प्राथमिकतामा परेको छैन। पारिवारिक निजी वनको विकास र यसको मार्गचित्रको विश्लेषणात्मक अध्ययन र अनुसन्धान हुन सकिरहेको छैन। यस क्षेत्रमा काम गर्ने वन अभियन्ता, विज्ञ र नीतिनिर्माताको ध्यान यतातिर जान सकिरहेको छैन। यसले गर्दा यस वनका सम्भावना हाम्रो समाजमा ओझेलमा परिरहेका छन्। पारिवारिक निजी वन क्षेत्रलाई सबै क्षेत्रबाट प्रोत्साहन गरेर अघि बढाउन नेपाल सरकारले नलैजानुले पारिवारिक निजी वनबाट जुन हिसाबले समाज र देशलाई पुर्‍याउनुपर्ने योगदान हो त्यसको आधिकारिक तथ्यांक हाम्रासामु नआउनु अर्को चुनौतीको विषयका रूपमा रहेको छ।

पारिवारिक निजी वन संघ, नेपाल स्थापना भइसकेपछि विभिन्न क्षेत्रको सूचनाका आधारमा पारिवारिक निजी वन लगाएका जग्गाधनीले आफ्नो समस्या समाधानका लागि रूख कटानी गर्दा देशैभरबाट ४० जनाभन्दा बढी व्यक्तिलाई पक्राउ गरिएको थियो। जसरी, अन्नबाली काट्दा कसैलाई सोधिरहनुपर्दैन त्यस्तै आफ्नो बारीका रूख काट्नलाई कसैलाई सोध्नुनपर्ने हो तर कानुनी जटिलताले गर्दा पारिवारिक निजी वनवालालाई झनै अप्ठ्यारो परिस्थिति सृजना भएको छ। यसप्रति नेपालमा काम गर्ने विभिन्न सरोकारवाला, वनविज्ञ तथा नीतिनिर्माताको ध्यान जान आवश्यक छ। यसैगरी, पारिवारिक निजी वनका सम्भावना र चुनौतीका विषयमा स्थानीय तहदेखि केन्द्रीय तहसम्म दोहोरो संवाद गर्दै पारिवारिक निजी वनलाई अघि बढाउनु आजको ज्वलन्त आवश्यकताका रूपमा रहेको छ।

पारिवारिक निजी वन भएकाको दर्ता प्रमाणपत्र दिनेदेखि यसको संरक्षण, संवर्द्धनलगायतका सम्पूर्ण क्षेत्राधिकार स्थानीय सरकारको जिम्मामा दिनु उपयुक्त र सान्दर्भिक हुन्छ। अहिलेको संरचनालाई हेरियो भने जिल्ला वन कार्यालय हुँदै सेक्टर वन कार्यालयमा कटान अनुमति लिनाका साथै दर्ता गर्नेदेखि सम्पूर्ण अधिकार वन ऐन, २०४९ र वन नियमावली, २०५१ ले प्रदान गरेको छ। यसकारण, पारिवारिक निजी वनवालाहरूको पहुँच त्यहाँसम्म पुग्न सक्दैन। तर, स्थानीय सरकार पारिवारिक निजी वनका सम्पूर्ण समस्या र तिनको समाधानका हरेक पक्षमा जानकार हुन्छ। यसको प्रभाव पारिवारिक निजी वनमा पर्न गइरहेको हुन्छ। अर्को अर्थमा त्यहाँको राजनीतिक, सांस्कृतिक र आर्थिक अवस्थाको सिंगो जानकारी स्थानीय सरकारले राखेको हुन्छ।

स्थानीय रूपमा केकस्ता उद्यम सञ्चालन गर्न सकिन्छ र त्यसको सम्भावना के रहेको छ भन्ने जानकारीसमेत त्यहाँ रहेका जनप्रतिनिधि र त्यहाँको प्रशासन चलाउने कर्मचारीमा हुने भएकाले यसको दुरुपयोग किमार्थ हुन सक्दैन। यदि, नीतिगत रूपमा यो व्यवस्था हुन सकेको अवस्थामा पारिवारिक निजी वनवालाको पहुँच पुग्न गई आफ्ना समस्याहरू खुलस्त राख्ने वातावरणसमेत निर्माण हुन्छ। पारिवारिक निजी वनवालाले पनि अपनत्व ग्रहण गर्दै गाउँ-गाउँमा उद्यम स्थापना गरेर आफ्नो गाउँ र समाजलाई समृद्ध बनाउँदै लैजान्छन्। हरेक गाउँमा स्वरोजगारको सृजना हुन्छ र युवाहरूलाई गाउँमै स्वरोजगार हुन्छ भन्ने विश्वास दिलाउन थप बल प्रदान गर्छ।

यसैगरी, पारिवारिक निजी वन आर्थिक उपार्जन र रोजगारीका सम्भावनाहरू धेरै बोकेको क्षेत्र पनि हो। स्थानीयस्तरमा हुने रोजगारीको ग्यारेन्टी गर्न र आर्थिक समृद्धि कायम गर्नका लागि तथा जलवायु परिवर्तनका जोखिमहरूको न्यूनीकरण गर्नका लागि पनि यस क्षेत्रमा रहेका कानुनी र नीतिगत जटिलताहरूलाई समाधानतिर जानु नितान्त आवश्यक छ।

*(गिरी पारिवारिक निजी वन संघ नेपालका अध्यक्ष हुन्)*

## पाठक मत

# रमेशनाथको 'कूटनीति र राजनीति' बारे केही कुरा



■ निरोधराज पाण्डे

विगत ३१ वर्षदेखि प्रतिशोधको आगोमा दन्किरहेका रमेशनाथ पाण्डेले 'कूटनीति र राजनीति' किताबमा मबारे मनगणन्ते कुरा लेखेर केही सन्तोष त लिए होलान् तर काल्पनिक प्रतिशोधका रूपमा लेखिएका कुराले पक्कै पनि उनमा कहीँ कतै मानवीय संवेदनशीलता छ भने झनै उनलाई पिरोल्नेछ।

उनले उनको 'कूटनीति र राजनीति' पुस्तकमा मलाई २०४२ सालमा 'उनको प्रेस बेच्ने' जस्ता झुटा आरोप लगाएका रहेछन्। उनको परिवार त हाँडीगाउँको एउटा किसानको छिँडीबाट पद्मबहादुर खत्रीको घरमा पुगी खत्रीकै आशीर्वादले बाबुले भन्सारमा डिट्ठाको जागिर खाएका र त्यहीं रमेशका दाई गोविन्द र दिदी अम्बिका हुर्केका थिए। रमेश पनि त्यहीं जन्मेका थिए जुन कुरा मेरी आमा, ठूलीआमा तथा मामा (भीमनिधि तिवारी) ले धेरै पटक भन्ने गर्नुहुन्थ्यो। रमेश, खत्रीकै घरमा जन्मेकाले पनि उनीबारे धेरैले धेरैथरी कुरा गर्थे, अद्यापि गर्छन् पनि जसलाई कोट्याउन म आवश्यक ठान्दिनँ। यी कुरा उनले आफ्नो पुस्तकमा लेख्न आवश्यक देखेनन्। विभिन्न टीकाटिप्पणी हुन थालेपछि आश्रय दिएर राखिएको रमेशको परिवारलाई पछि पद्मबहादुर खत्रीले नारायणचौरमा पुरानो घरसमेत भएको जग्गा किनी त्यहीं बस्ने व्यवस्था मिलाइएको भनिन्छ। नारायणचौरको घरमा रमेशका भाइ महेश र तिन बहिनी जन्मेका हुन्, भनी सुनेको हुँ।

रमेशनाथले २०४२ सालताका मैले उनको प्रेस बेच्न खोजेँ भन्नु काल्पनिक उडन्ते कुरा हुन्। म २०२८ सालदेखि नै रेडियो नेपालको वरिष्ठ कार्यक्रम सञ्चालक भएको समेत जगजाहेर छ। दसौं पटक राजासँग देशविदेश भ्रमणमा गइसकेको थिएँ। काठमाडौं ३३ नम्बर वडाको वडा अध्यक्ष भएर पनि लामो समय काम गरेको हुँ। रत्न रेकर्डिङ संस्थानको डाइरेक्टर थिएँ, जनक शिक्षा सामग्री केन्द्रको प्रसार इकाइको कार्यक्रम प्रस्तोता थिएँ र जाँचबुझ समितिमा प्रेस सल्लाहकार थिएँ।

रमेशनाथले व्यक्तिगत प्रतिशोधनका लागि मेरा विरुद्ध लेखेको कुरा कतिसम्म झुठ छ भने म स्वयं जनभावना साप्ताहिकको सम्पादक तथा प्रकाशक भएको पनि चार वर्ष भइसकेको थियो र मेरो आफ्नै निशान्त छापाखाना सञ्चालन गरेको पनि तिन वर्ष भइसकेको थियो। मेरा बारेमा उनले गलत प्रचार गर्नाको कारण २०४२ सालताका रामचन्द्र हुमागाईंको 'नेपाल भूमि' साप्ताहिकमा रमेशनाथ पाण्डे 'पद्मबहादुर खत्रीको छोरा हुन्' भन्ने समाचार प्रकाशनको कारण नै हो।




राजाबाट मनोनीत पर्यटन राज्यमन्त्री रमेशनाथको अहंकारले समाचारको पत्रिकामै खण्डन गर्नुसाटो नेपाल भूमिविरुद्ध जिल्ला अदालतमा मुद्दा हाल्न पुगे। काठमाडौं जिल्ला अदालतको करिब दुई वर्षपछि रमेश खत्री होइन, पाण्डे नै दोषी हुन् भनी फैसला गरी नेपाल भूमिलाई पाँच रुपैयाँ जरिवाना गरेको थियो। जिल्ला अदालतका फैसला चित्त नबुझी रामचन्द्रजीले रानीपोखरीमा रहेको क्षेत्रीय अदालतमा डीएनए जाँच गरी उनले लेखेको समाचार आधिकारिकता प्रमाण गर्न खोजेका थिए। तर, राजाबाट मनोनित पर्यटन राज्यमन्त्री रमेशनाथले अञ्चालाधीश, सीडीओ र डीआइजीको प्रयोग गरी रामचन्द्रलाई क्षेत्रीय अदालतमा तारिखमा छोड्नुपर्ने बाध्यता गरायो भनी रामचन्द्रले बताएका थिए। यो कुरा पनि रमेशनाथले आफ्नो पुस्तकमा उल्लेख गरेनन्।

त्यसपछि रामचन्द्र हुमागाईंको 'खत्रीको छोरो' भन्ने समाचारको स्रोत म भएँ हुँला भन्ने रमेशनाथले आशंका गरेको देखियो। समाचार निस्केपछि राससका रामकृष्ण पाण्डे तथा नेपाल वायु सेवा निगमका प्रेस सल्लाहकार पुरु रिसाललाई 'कसले लेखायो' भनी सत्यतथ्य पत्ता लगाउन उनले भनेका रहेछन्। ३३ नम्बर वडाको चुनावमा मेरा प्रतिस्पर्धी रामकृष्ण पाण्डेले 'मैले लेखाएको' भनी भनेछन् भने पुरु रिसालले त्यो समाचारमा उनको कुनै संलग्नता नभएको बताएछन्। तर, रमेशनाथले भरत गुरुङ, डीबी लामामाथि कारबाही भइरहेका बखत मलाईसमेत त्यसैमा मुछी कारबाही गर्नका लागि त्यसताकाका अञ्चलाधीश तथा डीआइजीलाई मैले जथाभावी उनका बारेमा लेखाएँ भनेर थुन्न प्रयास गरे। त्यो सूचना मैले स्वयं अञ्चलाधीश, डीआईजी मात्रै होइन, पत्रकारहरू नरेन्द्र विलाश पाण्डे, मञ्जुरत्न शाक्य, कपुर ज्ञवालीलगायतका साथीहरूबाट थाहा पाएँ। उनले ती पत्रकारलाई मलाई पक्रना साथ मेरो बदनाम गर्ने तयारी गरेका रहेछन्। ती पत्रकार साथीहरूले यसबारे मलाई सजग गराए।

रमेशनाथका काला कर्तुतको जानकारी पाएपछि मैले प्रधानमन्त्री मरिचमान सिंह, जाँचबुझ समितिका अध्यक्ष नवराज सुवेदी, सचिव नूतनदेव खनाल, गृहमन्त्री प्रकाशबहादुर सिंहलगायत धेरैलाई गुहारेँ। राजाबाट मनोनित मन्त्री र आफू राजासँग अत्यन्त निकट भएको देखाउन सक्ने भएकाले कसैले पनि मेरो पक्षमा कुरा गर्न चाहेनन् जब कि अञ्चलाधीश र डीआईजी भने बेलाबखत 'रमेशनाथको प्रेसर छ तपाईंका विरुद्ध' भन्थे।

त्यस्तो कठिन बेलामा मैले कि नेपाल छोडेरै जानुपर्ने कि राजालाई नै गुहार्नुपर्ने अवस्था आएको थियो। मैले दोस्रो विकल्प रोजेँ। बिहानै राजाका प्रमुख संवाद सचिव चिरणशमशेर थापाकहाँ पुगेर आफ्ना समस्या अवगत गराएँ। उनले मेरा कुराहरू राम्ररी सुनेर मेरैअघि अञ्चलाधीश तथा डीआईजीलाई 'निरोधजीमाथि कुनै कारबाही हुने हो भने स्पष्ट कारणसहित मलाई सोधेर मात्रै कारबाही गर्नुहोला,' भने। उनले मलाई त्यसैबेला श्री ५ को जुनाफमा आफूमाथि पर्न लागेको अन्यायबारे बिन्तीपत्र पनि लेख्नु भने।

त्यसपछिका दिनमा उनले मविरुद्ध अघोषित युद्ध गर्न थाले। पटकपटक मेराविरुद्ध पत्रपत्रिकामा लेख्न लगाउने र मैले काम गरिरहेको रेडियो नेपालमा विभिन्न कामबाट हटाउन दबाब दिन थालेका थिए। अहिले उनको 'कूटनीति र राजनीति' नाम राखिएको पुस्तकमा मेरो चरित्र हत्या हुने गरी मलाई लाञ्छना लगाएका छन्।

त्यसो त रमेशनाथले मेराबारे लेखेका कुराको टिप्पणी गर्नु उनको कुरालाई मान्यता दिनु हो। चिन्नेजान्ने, बुझ्नेले थाहा पाइहाल्छन् भन्ने मेरा धेरै शुभचिन्तकहरू छन् र पनि केहीलाई भ्रम पर्न सक्छ भनी आफ्नो कुरा सार्वजनिक गरेको छु। यो मेरो स्पष्टीकरणबाट उनको परिवारप्रति केही आघात पुग्न गए म क्षमाप्रार्थी छु।

*सम्पादक/प्रकाशक, जनभावना*



*म्यानमारका नवनिर्वाचित सांसद्लाई तालिम दिन आएका विदेशी संसदीय प्रतिनिधिसँग हात मिलाउँदै म्यानमारकी प्रजातन्त्रवादी नेतृ आङ साङ सुकी ।*
**तस्बिर : एपी/रासस**

# इराकमा बढ्यो नागरिक हत्या : राष्ट्रसंघ

**एजेन्सी**
बगदाद, ३ फागुन

इराकमा सन् २०१४ को तुलनामा सन् २०१५ मा नागरिक हत्याको शृंखला बढेको समाचार छ । इराकमा सन् २०१४ को अक्टोबरदेखि सन् २०१५ को अन्त्यसम्म द्वन्द्वका कारण मारिएका नागरिकको संख्या कम्तीमा पनि १८ हजार ८ सय २ पुगेको बताइएको छ ।

यसरी, मारिनेमा सर्वसाधारण नागरिक धेरै परेका छन् । इराकमा भएको यस मृत्युको पछिल्लो तथ्यांक संयुक्त राष्ट्रसंघद्वारा हालै सार्वजनिक गरिएको प्रतिवेदनमा जनाइएको छ ।

इराकमा पछिल्लो समयमा आईएसका कारणले आतंक भएको बताइएको छ । त्यस आतंकका कारण इराकी सुरक्षाकर्मी र इस्लामिक स्टेट (आईएस) समूहबिच समय-समयमा हिंसा मच्चिने गरेको छ ।

सो हिंसामा परी ९० प्रतिशतभन्दा बढी सर्वसाधारण मारिएका छन् । करिब १८ हजार ८ सय २ जनाको मृत्यु भएको र यसको दोब्बर अर्थात् ३ सय ८६ हजार २ सय ४५ जना घाइते भएका राष्ट्रसंघको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

आईएसको ज्यादतीका कारण इराकमा मानव अधिकार पनि उल्लंघन भएको पाइएको छ । प्रतिवेदनअनुसार ठूलो संख्यामा मानव अधिकार उल्लंघनका घटना भएका छन् ।

यस अवधिमा हजारौं महिला तथा बालबालिकालाई पनि दासको रूपमा प्रयोग गरिएको तथ्यांकमा जनाइएको छ । त्यस्तै, यस अवधिमा करिब ९ सयजना बालबालिका अपहरणमा परेको प्रतिवेदनमा उल्लेख छ ।

यसैबिच, इजिप्टका राष्ट्रपति अबदेल फेतह अल सिसीले नागरिकलाई धैर्य रहन आग्रह गर्दै सन् २०११ को जनविद्रोहले राष्ट्रलाई गलत दिशातिर नलगेको बताएका छन् ।

सो विद्रोहले राष्ट्रलाई सही दिशातर्फ डोऱ्याएकाले धैर्य अपनाउन उनले जनतासमक्ष अपिल गरेका हुन् ।

उनले इजिप्टमा आतंकारीले अस्थिरता मच्चाउन खोजेको पनि आरोप लगाए । इजिप्टेली जनताले प्रजातान्त्रिक अधिकारका लागि बलिदान गरेको भन्दै यसले राष्ट्रलाई सही बाटोमा डोऱ्याएको धारणा राखे ।

उनले प्रजातन्त्रको उदयपश्चात् पनि प्रजातान्त्रिक मूल्य र मान्यतालाई संस्थागत गर्न समय लाग्ने भएकाले अझै यदाकदा गैरप्रजातान्त्रिक शक्तिहरू देशमा सुशासन कायम गर्न नदिन उद्यत रहेको बताए ।

इजिप्टमा भएको जनआन्दोलनद्वारा लामो सयम इजिप्टको सत्तामा आसीन पूर्वराष्ट्रपति होस्नी मुबारकलाई हटाएर उनले सैनिक विद्रोहमार्फत सत्तामा आएका थिए ।

उनी यसरी सत्तामा आएको पाँच वर्ष पुगिसकेको छ । इजिप्टमा प्रतिबन्धित रहेको मुस्लिम ब्रदरहुड समूहका गतिविधिको आलोचना गर्दै राष्ट्रपति एलसिसीले मुस्लिम ब्रदरहुडले दलगत तथा व्यक्तिगत स्वार्थका लागि काम गरेको आरोप लगाए ।

राजधानी कायरोमा आयोजित एक कार्यक्रममा बोल्दै उनले प्रजातान्त्रिक आन्दोलनबाट प्राप्त गरेका उपलब्धिमाथि धावा बोल्ने गरेको र यो मुलुकको हितविपरीत हुने बताए ।

# इजरायलका पूर्वप्रधानमन्त्रीलाई १९ महिना जेल सजाय

**एजेन्सी**
राम्ले, ३ फागुन

इजरायलका पूर्वप्रधानमन्त्री एहुद ओल्मर्टलाई भ्रष्टाचारको आरोपमा जेल चलान गरिएको छ । उनलाई १९ महिनाको जेल सजाय सुनाइएको बताइएको छ ।

भ्रष्टाचार आरोपमा जारी रहेको मुद्दामा उनलाई सो सजाय सोमबार तोकिएको छ । उनको मुद्दाको सोमबार अन्तिम टुंगो लागेको हो ।

यसरी जेल बस्नुपर्नेमा उनी इजरायलका पहिलो पूर्वप्रधानमन्त्री भएको बताइएको छ । उनलाई घुस लिएको र न्याय प्रणालीलाई नै अवरुद्ध गरेको आरोप लगाइएको छ ।

सत्तरी वर्षीय ओल्मर्टलाई इजरायलको मासियाहु जेलमा राखिएको छ । उनलाई १९ महिनाको जेल सजाय सुनाइएको र सोमबारै उहाँ जेल जीवन सुरु गरेको बताइएको छ ।

इजरायली मध्यनगर राम्लेमा उनलाई राखिने समाचार इजरायली सञ्चारमाध्यमले सोमबार सार्वजनिक गरेका छन् । उनी इजरायलका एक समयका लोकप्रिय र चर्चित प्रधानमन्त्री थिए । उनले प्यालेस्टाइनसँग एक समयमा वार्ताका लागि प्रयास गरेका बताइएको थियो ।

# हेलिकोप्टर दुर्घटनामा ३ सैनिक मारिए

**सोल/एएफपी-** दक्षिण कोरियाको एक सैनिक हेलिकोप्टर दुर्घटना हुँदा त्यसमा परी कम्तीमा पनि तिनजना सैनिकको ज्यान गएको समाचार छ । दक्षिण कोरियाली सेनाको एउटा सानो हेलिकोप्टर दुर्घटनामा परेको जनाइएको छ ।

दक्षिण कोरियाली राजधानी सोलको एक सैनिक क्याम्पको नजिकै भएको दुर्घटनामा परी ती सैनिक मारिएका कोरियाली समाचार समिति योनहापले जनाएको छ ।

सो सानो हेलिकोप्टर सैनिकको रहेको र सैनिकले आयोजना गरिरहेको तालिमको उड्डयनका क्रममा सो दुर्घटना भएको बताइएको छ ।

सो हेलिकोप्टरमा रहेका तिनजना सेनाको ज्यान गएको छ भने एकजना ५० वर्षीय पाइलट गम्भीर रूपमा घाइते भएका सेनाले जनाएको छ ।

# जिका प्रभावित क्षेत्रबाट कारिन्दा नियुक्ति गर्ने उच्च विमान कम्पनीको तयारी

**एजेन्सी**
न्युयोर्क, ३ फागुन

अमेरिकाका मुख्य एयरलाइन्स कम्पनी युनाइटेड डेल्टा र युरोपको लुफथान्सा र एयर फ्रान्सले जिका भाइरस संक्रमणबारे चासो देखाउने प्रभावित क्षेत्रका निश्चित कारिन्दालाई पुनः नियुक्ति गर्ने योजना गरिरेहका छन् ।

प्रभावित देशमा गन्तव्य रहेका उडानले यस्तो योजना गरेका हुन् । लामखुट्टेबाट सर्ने यो रोगबारे विमानका यात्रु मात्र होइन उडानका सहभागी र चालक दलका सदस्यमा पनि गम्भीर चासो बढेको छ ।

रोयटर्सले जनाएअनुसार युनाइटेड उडानमा सहभागी हुने कर्मचारी वा गर्भवती बन्न चाहिरहेका महिला कारिन्दाले जिका प्रभावित क्षेत्रमा यात्र गर्न हिच्किचाउने र आफ्नो योजना रद्द गर्न सक्ने भएकाले पुन नियुक्तिको योजना अगाडि ल्याइएको हो । सो एयरलाईन्सले चालकका लागि पनि यस्तै विकल्प अगाडि सारेको युनाइटेड कन्टिनेन्टल होल्डिङ इन्कका प्रवक्ताले बताए ।

डाल्टा एयरलाइन्स इन्कले पनि उडानमा सहभागिता र नयाँ चालकलाई यही जनवरी १७ देखि नियुक्त गरेको छ । उसले केही कर्मचारीलाई अदलबदल गरेको सो एयरलाइन्सका प्रवक्ता मोरगान डुरेटले बताए । 'हाम्रा सदस्यको स्वास्थ्यका बारेमा तत्काल चासो जनाएका छौं,' एसोसिएसन अफ फ्लाइट एटेन्डेन्ट्स-सीडब्लुएका अन्तर्राष्ट्रिय अध्यक्ष सारा नेल्सनले बताइन् ।

युरोपमा पाइलट तथा कारिन्दा गर्भवती भएमा उनीहरूलाई तत्काल काम रोक्न बतइएको जिकासम्बन्धी सुरक्षा सावधानी निर्देशिकामा भनिएको छ । उता, लुफथान्जा र एयर फ्रान्सले निश्चित उडानमा आफ्ना कर्मचारीलाई स्थान परिवर्तनको सुविधा प्रदान गरेका छन् ।

एयर फ्रान्सले इबोला महामारीको समयमा पनि आफ्ना पाइलट र कारिन्दालाई केही लचकता प्रदान गरेको थियो । जिकाको त्रासमा केही कारिन्दाले उडान मार्ग परिवर्तन गरेको लुफथान्जाका प्रवक्ताले बताए । जिका महामारीले होटल तथा उडनमा प्रभाव पारेको विषयमा अहिल्यै बोल्नु हतार हुने त्यहाँका उडान र होटल व्यवसायीको भनाइ छ ।

तर, गर्भवती महिलालाई भने केही व्यवसायीले यात्रा तालिका परिवर्तन गराएको वा रद्द गरेको बताइन्छ । युनाइटेड र डेल्टालगायतका अमेरिकाका उच्च विमानले प्रभावित क्षेत्रको उडानका लागि रकम फिर्ता गरेको प्राप्त समाचारमा जनाइएको छ ।


## CYPRUS मा रोजगार

१. कम्पनी : H & R EMPLOYMENT CONSULTANTS — शहर : Pafos
पुन स्वीकृत मिति : २०७२/१०/२८ — चलानी नं. : २६७३१ — LT. No. 108988

| | कामदारको पद | पुरुष | महिला | EURO | ने.रु. | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | 0 | 15 | 314 | 38,308 | | | ८ घण्टा | ६ दिन | | छ | छ | २ वर्ष |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैं | हुने रोजगार दाता कम्पनीले | निःशुल्क | निःशुल्क | निःशुल्क | ६०,००० |

- छनौट भई भिषा प्राप्त भै सकेको व्यक्तिहरु रोजगारमा जान नचाहेमा भीषा बापतको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ ।

**निलकमल ह्युमन रिसोर्स प्रा.लि.**
सिनामंगल-९, एयरपोर्ट (सूचना विभाग पछाडी, काठमाडौं, नेपाल
फोन : ०१-४११२७१३ ४११२७१४, सागर, ९८५१०१९१६१, चम्पा, ९८०२०९९४११, ९८०२० ९९४१२ (नगराज) ९८५७०८०३९१,
Email : info@neelkamalnepal.com, Web : www.neelkamalnepal.com

## पिजन इन्टरनेशनल ओभरसिज प्रा. लि.

(श्रम इजाजत नं. ३८४/०५९/६०)
PIGEON: FOR PROFESSIONAL AND FRIENDLY SERVICE

१ कम्पनी : KHALD PALSTIC FACTORY — शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/११/०३ — चलानी नं. : १०७३९ — LT. No. 151481 — जम्मा खर्च : कम्पनीले दिने

| | कामदारको पद | पुरुष | SR | ने.रु. | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 03 | 800 | 23,152 | | | ८ घण्टा | ६ दिन | | छ | छ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैं | हुने रोजगार दाता कम्पनीले | निःशुल्क | निःशुल्क | [illegible] |

केन्द्रीय कार्यालय : पो.ब.नं. १४४८७, का.म.न.पा.-३, बसुन्धरा, काठमाडौं
फोन : ४३७५४१८, ४३७५४३९, ४३७५२८७, फ्याक्स : ४३७५३०५
E-mail: info@pigeoninternational.com.np
Web: www.pigeoninternational.com.np

## साउदी अरेबीयामा रोजगार

१. कम्पनी : AJAYB SNAITAN HARBI CAR WASH — शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/११/०३ — चलानी नं. : १०७७१ — LT. No. 152128

२. कम्पनी : SAAD JUMAN SAID AL-MALIKI AUTOMOTIVE CENTER — शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/१०/२९ — चलानी नं. : १०४८९ — LT. No. 152990

३. कम्पनी : ABDULAZIZ M.AL-MANA CO. — शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/११/०३ — चलानी नं. : १०७६२ — LT. No. 151513

४. कम्पनी : FAISAL YASSIN SOMALI RESTAURANT — शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/११/०३ — चलानी नं. : १०७४४ — LT. No. 149419

| कम्पनी | | कामदारको पद | पुरुष | SR | ने.रु. | | |
|---|---|---|---|---|---|---|---|
| १ | 1 | Vehicle Washing & Lubricating Labour | 03 | 1100 | 31,814 | ८ घण्टा | ६ दिन |
| २ | 1 | Vehicle Wshing & Lubricating Labour | 02 | 1000 | 28,940 | ८ घण्टा | ६ दिन |
| ३ | 1 | Truck Driver | 01 | 1800 | 52,092 | ८ घण्टा | ६ दिन |
| ४ | 1 | Labour | 01 | 1000 | 28,940 | ८ घण्टा | ६ दिन |
| ४ | 2 | Cooker | 02 | 1400 | 40,516 | | |
| ४ | 3 | Clenaner Utensils | 02 | 1000 | 28,940 | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैं | हुने रोजगार दाता कम्पनीले | निःशुल्क | निःशुल्क | १०००० |

**World Wide Employment Consultant (P.) Ltd.**
Govt Lic No. : 127/055/065 | Tripureshwor, Ktm, Nepal
Tel : 4257905, 4266768, 4218371
Fax : +977-1-4267079 | E-mail : wwpspa@hotmail.com

## साउदी अरेबीयामा रोजगार

१. कम्पनी : ABDULLAH GAEED DEIF ALLAH AL-MUTAIRI CONTRACTING EST. — शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/११/०३ — चलानी नं. : १०८१० — LT. No. 153109

२. कम्पनी : MOHAMMED S. AL SUBAIE WORKSHOPI — शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/११/०३ — चलानी नं. : १०८३२ — LT. No. 152858

३. कम्पनी : MAQAYEES INJAZ CONTRACTING EST — शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/११/०३ — चलानी नं. : १०८२९ — LT. No. 153105

४. कम्पनी : HADABET AL-SHIOKH TRADING & CONTRACTING — शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/११/०३ — चलानी नं. : १०८६३ — LT. No. 153104

५. कम्पनी : HADABET AL-SHIOKH TRADING & CONTRACTING — शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/११/०३ — चलानी नं. : १०८५४ — LT. No. 152850

६. कम्पनी : M.S. HUSSEIN THWAIRAN AL-MUTAIRI TO EXAMINE AUTOMOTIVE COMPUTER WORKSHOP — शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/११/०३ — चलानी नं. : १०८५७ — LT. No. 152848

७. कम्पनी : SULTAN AHMED HASSAN HAKAMI FOOD STUFF TRADIND BRANCH EST. — शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/११/०३ — चलानी नं. : १०८५२ — LT. No. 150056

८. कम्पनी : SALEM OWAYED AL ENIZI EST — शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/११/०३ — चलानी नं. : १०८६२ — LT. No. 150915

| कम्पनी | | कामदारको पद | पुरुष | SR | ने.रु. | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | 1 | Plastere | 03 | 1000 | 28,940 | ८ घण्टा | ६ दिन | छ |
| २ | 1 | Car Mechanic | 01 | 1800 | 52,092 | ८ घण्टा | ६ दिन | छ |
| ३ | 1 | General Labour | 03 | 1000 | 28,940 | ८ घण्टा | ६ दिन | छ |
| ४ | 1 | Labour | 05 | 1000 | 28,940 | ८ घण्टा | ६ दिन | छ |
| ५ | 1 | Labour | 05 | 1000 | 28,940 | ८ घण्टा | ६ दिन | छ |
| ६ | 1 | Auto Mechanic | 03 | 1800 | 52,092 | ८ घण्टा | ६ दिन | छ |
| ७ | 1 | Labour | 02 | 1000 | 28,940 | ८ घण्टा | ६ दिन | छ |
| ८ | 1 | Labour | 02 | 900 | 26,046 | ८ घण्टा | ६ दिन | छ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैं | हुने रोजगार दाता कम्पनीले | निःशुल्क | निःशुल्क | १०००० |

**METTA INTERNATIONAL PVT. LTD.**
Airport-09, Manpower Bazar, Kathmandu.
Tel : 4112976, 4112977, Fax: +977 1 4112978.
E-mail: info@mettain.com, mettainternational@gmail.com,
Web: www.mettaint.com

## वर्गीकृत डिस्प्ले

सिधा सम्पर्क : ५५४६३००, ५५४१०३०/४० Ext : १०२
E-mail : rajdhanimarketing76@gmail.com / rajdhani_marketing@yahoo.com

**राहदानी हरायो**
मिति २०७२/९/२ गतेका दिन बनस्थलीबाट बसपार्क सम्म जाँदा मेरो निम्न व्याहोराको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।
नामः राजकुमार चौधरी
राहदानी नंः ०८४४४७५१
ठेगानाः गौरीशंकर-३, सर्लाही
सम्पर्कः ४३८०३८८

**जानकारी सम्बन्धमा**
मिति : २०७२/१०/२५ गतेको बैठकको निर्णय अनुसार यस श्री टुरिस्ट सर्भिसेज एण्ड एजेन्सी प्रा.लि.को नाम, ठेगाना परिवर्तन गरी श्री मुग्ु ट्रेकिङ एजेन्सी प्रा.लि. कागेश्वरी मनोहरा नगरपालिका वडा नं. १६ मा रहेको जानकारी गराउँदछौं।
www.help4services.com

**माईग्रेशन हरायो**
मिति २०७२/८/२५ गते बानेश्वरदेखि तिनकुनेसम्म जाँदा मेरो निम्न व्यहोरा भएको माईग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम थर : रिंकु कुमारी शाह
रजिष्ट्रसन नं. : ६५१७१४२०१
सिम्बोल नं. : २१७१४१२९
ठेगाना : प्र.खे. महुवा-७, धनुषा
सम्पर्क : ९८४१४९६८६०

**राहदानी हरायो**
मिति २०७२/८/२० गते कलंकीदेखि बल्खुसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम थर : डाल बहादुर बस्नेत
राहदानी नं.: ०७६५०७२०
ठेगाना : सैल्यङ्गेश्वर-५, दोलखा
सम्पर्क : ९८६१२०३६८०

**राहदानी हरायो**
मिति २०७२/९/१४ गते बाँकेको बनकटवादेखि कोहलपुरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम थर : रामनाथ योगी
राहदानी नं.: ०९०३७११५
ठेगाना : बनकटवा-५, बाँके
सम्पर्क : ९८२२५५४०९०

**राहदानी हरायो**
मिति २०७२/९/१४ गते बाँकेको मनिकापुरदेखि नेपालगन्जसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम थर : सुरज कुमार वर्मा
राहदानी नं.: ०६४१३३९५
ठेगाना : मनिकापुर-६, बाँके

**राहदानी हरायो**
मिति २०७२/९/१५ गते बाँकेको लक्ष्मणपुरदेखि नेपालगन्जसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम थर : Muzammil shekh
राहदानी नं.: ०६५२०९२३
ठेगाना : लक्ष्मणपुर-१, बाँके

**राहदानी हरायो**
मिति २०७२/१०/२६ गते भादापुलदेखि गुलरियासम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम थर : चित्र बहादुर सिंह ठकुरी
राहदानी नं.: १६७५७६५
ठेगाना : जामुनी-९, बर्दिया
सम्पर्क : ९८५८०२६१२१

**वर्गीकृत डिस्प्ले २५०**
वर्गीकृत विज्ञापन प्रति शब्द रु ५/-

# हार्दिक श्रद्धाञ्जलि



## कर्मयोगी लूनकरणदास चौधरी

वि.सं. १९७९ बैशाख ९ गते - २०७२ माघ २१ गते

हाम्रा प्रात:स्मरणीय स्वर्गीय लूनकरणदास चौधरी नेपाली उद्योग व्यवसाय क्षेत्रका अग्रणी व्यक्तित्व हुनुहुन्थ्यो । नेपालको निजी क्षेत्रको जग हाल्नेदेखि लिएर यसको निरन्तर विकासमा क्रियाशील रहनुभएका उहाँ हाम्रा लागि सदैव अनुकरणीय हुनुहुन्छ । सानै उमेरदेखी आफ्ना पिता भूरामल चौधरीले सुरु गरेको व्यापारको वागडोर सम्हाल्नुभएका लूनकरणदास चौधरीले छोटो समयमै परम्परागत व्यापारलाई आधुनिक व्यवसायको रुप दिँदै नेपाली अर्थतन्त्रलाई आधुनिक युगमा प्रवेश गराउन विशेष योगदान पुऱ्याउनु भएको थियो । उहाँको दूरदृष्टि, व्यापारप्रतिको लगनशीलता, मिलनसारिता र इमानदारिता सबैका लागि प्रेरणाको स्रोत रहेका थिए । उहाँले काममा सधैं उत्कृष्टताको खोजी गर्नुभयो, आफ्ना ग्राहक र सेवाग्राहीको हित उहाँका लागि सबैभन्दा महत्वपूर्ण हुन्थे, र आफ्ना परिवार तथा कर्मचारीको खुशीमा उहाँ रमाउनुहुन्थ्यो । नेपालकै पहिलो डिपार्टमेन्टल स्टोरको स्थापना, पहिलो निर्माण कम्पनीको स्थापना, तयारी खाद्यको निर्यात, अमेरिकामा जुट निर्यात, अन्तर्राष्ट्रियस्तरको अस्पतालको स्थापनाजस्ता अनेकौं योगदानले उहाँलाई नेपालको निजी क्षेत्रमा कहिल्यै नअस्ताउने उज्ज्वल ताराको रुपमा स्थापित गरेको छ । नेपालको निजी क्षेत्रको व्यवसायिक हितको पक्षमा उहाँ सधैं अभिनुभयो, र नेपाल उद्योग वाणिज्य महासंघ तथा नेपाल चेम्बर अफ कमर्सको स्थापनामा महत्वपूर्ण योगदान दिनुभयो । उहाँले जग हाल्नुभएको चौधरी ग्रुप अहिले राष्ट्रिय घेरा नाघेर अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको निजी क्षेत्रलाई स्थापित गराउँदै नेपालकै पहिलो बहुराष्ट्रिय कम्पनी बन्न सफल भएको छ । उहाँले दिनुभएका जीवनोपयोगी ज्ञान र उहाँकै दर्शनको अनुसरण गर्दै हामीले चौधरी ग्रुपलाई जीवन्त राख्ने प्रयास गरिरहेका छौं । उहाँको अभाव सधैं खट्किइरहनेछ, तर उहाँको प्रेम र दिशानिर्देशले हामीलाई उज्ज्वल भविष्यको बाटो देखाइरहनेछ ।

चौधरी ग्रुपका संस्थापक, अग्रणी उद्योगपति, समाजसेवी, धर्मपरायण व्यक्तित्व, कोमलहृदयी, साहित्य कला प्रेमी एवं मृदुभाषी हाम्रा पूजनीय पिता **लूनकरणदास चौधरी**को स्वर्गारोहणले हामीलाई अत्यन्त दु:खी र मर्माहत तुल्याएको छ । उहाँको देहावसान भएको तेह्रौं दिनको पूण्य तिथिमा दिवंगत आत्माको चिर शान्ति तथा बैकुण्ठबासका लागि आराध्यदेव श्री पशुपतिनाथसँग हार्दिक प्रार्थना गर्दछौं । श्री चौधरीको निधनले यस चौधरी ग्रुपमा भएको अपूरणीय क्षतिको परिपूर्ति कदापि हुँदैन । साथै राष्ट्रले समेत एक देशभक्त नागरिक गुमाएको छ । यस दु:खद घडीमा हामीप्रति समवेदना र सद्भाव व्यक्त गर्नुहुने सम्पूर्ण महानुभावहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

**छोरा/बुहारी:**
विनोद/सारिका चौधरी
बसन्त/मीना चौधरी
अरुण/शीला चौधरी

**छोरी/ज्वाई:**
कुसुम/महेश कुमार अग्रवाल

**नाति/नातिनी बुहारी:**
निर्वाण/आश्रयता चौधरी
राहुल/सुरभी चौधरी
वरुण चौधरी
करण चौधरी
सूर्यान्स चौधरी
हेमन्त/स्मीता अग्रवाल

**नातिनी/नातिनी ज्वाई:**
मेघा चौधरी शाक्य/पारस शाक्य
उषाकिरण/राजेश अग्रवाल

**पनाति/पनातिनी:**
दिवाङ्कर अग्रवाल
कस्तुप अग्रवाल
काव्या अग्रवाल
आह्ना शाक्य

**तथा समस्त चौधरी ग्रुप परिवार**

CG CHAUDHARY GROUP®
*Touching life everyday*

### भावपूर्ण श्रद्धाञ्जलि
### बुबा । म तिम्रो आदर्शले रुभ्दै रहूँ...

कता हराएछ
कोपिलाको हाँसो
किन म्लान छन्
फूलहरु फुल्नै छाडेर
के भयो
पृथ्वीको प्राँगणमा आज
किन नियाल्दैछन् तल ताराहरु
किन खस्दै छ आकाश
आँसुमा आफुलाई बगाएर ।

किन धमिलो धुँवाले
पोतियो आकाश
विरहजनित विषादले
ब्रम्हाण्डै व्याप्तियो
हेर्दा हेर्दै,
मेरो अस्तित्व नै
बालुवा भएर किनारमा
छरपस्टियो ।

वृक्ष थियो,
हरियो थियो,
शीतल थियो,
तिमी थियौ
खुशियाली झलमल्ल थियो
म कसैलाई के सुनाउँथें र
आफ्नो दु:ख
मेरो आँसै
आँसुले टलपल थियो ।

घाम आगो थियो,
म एक्लै मरुस्थलको बाटो
हिंडिरहेको रहेछु
नपोल्दा पो झल्यासिएँ
म त तिम्रै स्मृति पो ओढिरहेको रहेछु ।
त्यो क्षण थियो
श्रीहीन -
कुबेरको ढुकुटीको हीरा पनि,
म तिम्रो त्यो निधारको पसिना हेर्दै
हराइरहेको रहेछु ।

तिमी थियौ र आँट थियो,
जीवन थियो,
तिमी छैनौ
जीवनै चोइटियो जीवनबाट
देख्दा देख्दै,
खरानी-खरानी भयो आश
तर,
किन रहिरह्यो ?
तिम्रो आदर्शको आभा
अछिट्टिएन म बाट ।

हृदयभित्र,
जबसम्म हुन्छ तिम्रो शान्त छविको वास
विनाश्वास पनि,
म बाँच्ने छु
यो मेरो दृढविश्वास
मेरो बुबा !
यो आकाशभन्दा असीम छ
धेरै गुणा असीम,
तिम्रो श्रद्धाले सुसज्जित
मभित्रको मेरो आकाश ।

- बसन्त चौधरी
४ फाल्गुन २०७२

सुन-चाँदी



| | |
|---|---|
| छापावाल प्रतितोला | - रू.५५,४००/- |
| तेजाबी प्रतितोला | - रू.५५,१५०- |
| चाँदी प्रतितोला | - रू.७४०/- |

# अर्थ

## सेयर बजार

**सोमबार ३ फागुन २०७२ (१५ फेब्रुअरी २०१६)**

| कम्पनीको नाम | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | सेयर संख्या | फरक |
|---|---|---|---|---|---|
| एस डेभलपमेन्ट बैंक लि. | ३४४ | ३३५ | ३३८ | २९४४ | -६ |
| कृषि विकास बैंक लि. | ५९० | ५५५ | ५९० | १०७२६ | २० |
| अल्पाइन डेभलपमेन्ट बैंक लि. | ४७९ | ४७८ | ४७९ | १३० | ९ |
| अपी पावर कम्पनी लि. | ५१० | ४७० | ४८५ | ४७२८ | -१५ |
| अरनिको डेभलपमेन्ट बैंक लि. | २७० | २५५ | २७० | ५३५१ | १४ |
| अरुणभ्याली हाइड्रोपावर कम्पनी लि. | ३१० | २९७ | २९८ | ९०१० | -२ |
| एसियन लाइफ इन्स्योरेन्स क. लि. | १३२८ | १२८९ | १३२८ | ५२४० | २६ |
| बागमती डेभलपमेन्ट बैंक लि. | २३९ | २३९ | २३९ | १० | ४ |
| बरुण हाइड्रोपावर कम्पनी लि. | ३४५ | ३३९ | ३४५ | १६० | ० |
| भक्तपुर फाइनान्स कम्पनी लि. | १६० | १५४ | १५४ | १२८ | -९ |
| बुटवल पावर कम्पनी लि. | ६०८ | ६०० | ६०८ | ५४० | ६ |
| सेन्चुरी कमर्सियल बैंक लि. | ३४२ | ३२८ | ३४२ | ११३४० | ० |
| छिमेक लघुवित्त विकास बैंक लि. | १८५० | १८२५ | १८४० | २००५ | -२३ |
| चिलिमे हाइड्रो पावर कम्पन लि. | १३८५ | १३६० | १३८४ | २०५७ | ५ |
| सिटिजन्स बैंक इन्टरनेसनल लि. | ६२० | ६११ | ६१९ | १११०६ | -१ |
| सिटिजन्स इन्भेष्टमेन्ट ट्रष्ट | ४३६० | ४३०० | ४३४३ | ३६३ | २३ |
| कसमस डेभलपमेन्ट बैंक लि. | ४१० | ३९४ | ४०१ | १०९० | -१७ |
| कन्ट्री डेभलपमेन्ट बैंक लि. | २१६ | २१२ | २१६ | ९३१ | ० |
| डेप्रोक्स डेभलपमेन्ट बैंक लि. | २०९९ | १९७९ | २०९९ | १०३० | ३९ |
| देव विकास बैंक लि. | २३० | २२२ | २२४ | १३९२३ | -६ |
| एभरेष्ट बैंक लि. | २३७० | २३४३ | २३७० | ४२४१ | -५ |
| एभरेष्ट इन्स्योरेन्स कम्पनी लि. | १००५ | ९८० | १००५ | ६०० | ५ |
| एक्सेल डेभलपमेन्ट बैंक लि. | ६३७ | ६३७ | ६३७ | १०० | -१३ |
| फष्ट माइक्रोफाइनान्स बैंक लि. | ९३३ | ८७५ | ९२५ | २७२७ | -३ |
| गण्डकी विकास बैंक लि. | ३३३ | ३२७ | ३२७ | ३९४ | -१२ |
| गरिमा विकास बैंक लि. | ३४७ | ३२३ | ३४२ | २१०४ | -५ |
| ग्लोबल आईएमई बैंक लि. | ४६० | ४५० | ४५५ | ७१९१ | -६ |
| गुराँस लाइफ इन्स्योरेन्स क. लि. | ६५५ | ६४८ | ६५५ | १२६६ | -१ |
| हामा मर्चेन्ट एन्ड फाइनान्स लि. | १९० | १८९ | १८९ | १४० | -४ |
| हिमालयन बैंक लि. | १०३५ | ९९१ | १०३५ | ५४०६ | २९ |
| हिमालन जनरल इन्स्योरेन्स क. लि. | ७५५ | ७३३ | ७५५ | ४२७० | -१ |
| आईसीएफसी फाइनान्स लि. | २५५ | २५० | २५३ | ६२४ | -५ |
| आईएलएफसीओ माइक्रोफा. वि.सं.लि. | १०३० | १००५ | १००९ | १८६० | -४१ |
| जेविल्स फाइनान्स लि. | १७५ | १७५ | १७५ | १५० | -३ |
| कालिका माइक्रोक्रेडिट डे. बैंक लि. | १६०९ | १५७० | १६०९ | १८०० | -११ |
| कालिञ्चोक डेभलपमेन्ट बैंक लि. | २२३ | २११ | २१४ | १६८४ | ७ |
| कञ्चन डेभलपमेन्ट बैंक लि. | ३७५ | ३७५ | ३७५ | ३२० | ४ |
| काष्ठमन्डप डेभलपमेन्ट बैंक लि. | २३० | २२४ | २२७ | १२०५ | -३ |
| लक्ष्मी बैंक लि. | ६१२ | ६०१ | ६११ | १५२०२ | २ |
| लक्ष्मी लघुवित्त वित्तीय संस्था लि. | २०५० | १९८० | २००० | ८९० | -७५ |
| लक्ष्मी भ्यालु फन्ड-१ | १०.२० | १०.२० | १०.२० | ५०० | ०.२० |
| लाइफ इन्स्योरेन्स क. नेपाल | ३५०० | ३४९५ | ३५०० | ४७७ | -२० |
| लुम्बिनी जनरल इन्स्योरेन्स क. लि. | ६५५ | ६३५ | ६५५ | ५२१४ | -८ |
| महाकाली विकास बैंक लि. | २३४ | २२२ | २३० | ६७९१ | -८ |
| मालिका विकास बैंक लि. | ३८० | ३४५ | ३५५ | ३१४१४ | ९ |
| मनास्लु विकास बैंक लि. | ३१६ | ३१६ | ३१६ | १०० | -६ |
| मितेरी डेभलपमेन्ट बैंक लि. | ६२० | ६०९ | ६१० | ६५२ | ० |
| मिथिला लघुवित्त विकास बैंक लि. | १६८५ | १६८५ | १६८५ | ६३ | ३३ |
| मुक्तिनाथ विकास बैंक लि. | ८२७ | ८२० | ८२७ | २९३४ | ६ |
| नबिल ब्यालेन्स फन्ड १ | १५.९० | १५.९० | १५.९० | १०९७३७ | -०.१० |
| नबिल बैंक लि. | १९०० | १८७५ | १९०० | २०५३ | ० |
| नबिल बैंक लि. (प्र.) | १४९० | १४७० | १४८१ | ८८० | ६ |
| नागबेली लघुवित्त विकास बैंक लि. | ३६३५ | ३४९० | ३४९० | ३९० | -१४६ |
| नमस्ते वित्तीय संस्था लि. | २७७ | २५७ | २७७ | ५० | २५ |
| नारायणी नेशनल फाइनान्स लि. | ३२२ | ३१६ | ३२१ | १९४७ | ५ |
| नेशनल हाइड्रो पावर कम्पनी लि. | १६८ | १५९ | १६६ | ३८२१४ | ० |
| नेशनल लाइफ इन्स्योरेन्स क. लि. | २६१५ | २५५५ | २५९५ | ४५८० | ० |
| नयाँ नेपाल लघुवित्त विकास बैंक लि. | १४९५ | १४८६ | १४८६ | १११ | -३९ |
| नेको इन्स्योरेन्स कम्पनी लि. | १०१० | ९६१ | १०१० | १४०४६ | ० |
| नेपाल बंगलादेश बैंक लि. | ४८८ | ४७७ | ४८५ | २३३०३ | ० |
| नेपाल बैंक लि. | ३४७ | ३३६ | ३४५ | ४८७५७ | ३ |
| नेपाल कम्युनिटी डेभलपमेन्ट बैंक लि. | ३६१ | ३५७ | ३५७ | ६०४ | ३ |
| नेपाल दूरसञ्चार कम्पनी लि. | ७०३ | ६९२ | ७०० | ५७७० | -३ |
| नेपाल ग्रामीण विकास बैंक लि. | ४९३ | ४४९ | ४८४ | १५३६० | -१४ |
| नेपाल इन्स्यारेन्स कम्पनी लि. | ७०० | ६८६ | ६८६ | १०८ | -२० |
| नेपाल इन्भेष्टमेन्ट बैंक लि. | ९४० | ९१० | ९३४ | ३६४४७ | -१० |
| नेपाल इन्भेष्टमेन्ट बैंक लि. (प्र.) | ८३६ | ८१९ | ८३१ | ३०२६९ | -५ |
| नेपाल लाइफ इन्स्योरेन्स क. लि. | ३२०० | ३१४५ | ३१७६ | २००१ | -२१ |
| नेपाल एसबीआई बैंक लि. | १४३५ | १४०५ | १४२१ | ४७६१ | -१९ |
| नेरुडे लघुवित्त विकास बैंक लि. | २२५० | २२१५ | २२५० | ४८१ | २८ |
| एनआईबीएल स्मृद्धि फन्ड १ | ११.०५ | ११ | ११.०५ | ११८४७ | ०.०३ |
| एनआईसी एसिया बैंक लि. | ७२५ | ७१४ | ७१८ | ५१९५ | -४ |
| निर्धन उत्थान बैंक लि. | १७२४ | १६९१ | १७२४ | ४१५ | २४ |
| एनएलजी इन्स्योरेन्स कम्पनी लि. | ९२७ | ९०० | ९२२ | ६३१२ | २ |
| एनएमबी बैंक लि. | ५१४ | ५०० | ५१० | ४०१९१ | -१ |
| ओरियन्टल होटल्स लि. | ४४० | ४४० | ४४० | १०० | -६ |
| प्रिमियर इन्स्योरेन्स कम्पनी लि. | ११०५ | ११०० | ११०० | १८९४ | -१२ |
| प्राइम कमर्सियल बैंक लि. | ५१७ | ५१० | ५१५ | २५२३ | -८ |
| प्राइम लाइफ इन्स्योरेन्स क. लि. | १६४५ | १६१८ | १६३५ | ४७११ | १० |
| प्रोफेसनल दियालो विकास बैंक लि. | २१५ | २०८ | २१५ | ६८३७ | १० |
| प्रोग्रेसिभ फाइनान्स लि. | १५४ | १४२ | १५४ | २११० | १४ |
| प्रुडेन्सीयल इन्स्योरेन्स कम्पनी लि. | ७५८ | ७२७ | ७५० | ८२३२ | ० |
| राप्तीभेरी विकास बैंक लि. | २३३ | २२९ | २३३ | २२३ | -३ |
| रिलायवल डेभलपमेन्ट बैंक लि. | ३४० | ३३६ | ३४० | ९१७ | -२ |
| रिलायन्स लोटस फाइनान्स लि. | २४९ | २३१ | २४० | १८५० | -५ |
| रिडी हाइड्रोपावर डे. कम्पनी लि. | ४०१ | ४०१ | ४०१ | ३४० | ६ |
| रुलर माइक्रोफाइनान्स डे.सेन्टर लि. | ८४० | ८१३ | ८३५ | ४५७९ | ५ |
| सगरमाथा फाइनान्स लि. | २७५ | २५५ | २७५ | १४६४ | १५ |
| सगरमाथा इन्स्योरेन्स क. लि. | ११२० | १०७० | ११२० | १५०६ | ६ |
| साना किसान विकास बैंक लि. | १५२९ | १५०० | १५२९ | ४४२७ | ४ |
| सानिमा माई हाइड्रोपावर लि. | ७३४ | ७१८ | ७२५ | ११५८२ | -३ |
| सानिमा माई हाइड्रोपावर लि. | ८९० | ८६१ | ८६५ | ३१४९ | -११ |
| सेवा विकास बैंक लि. | ३१२ | ३०० | ३१२ | ६६०९ | ६ |
| शिखर इन्स्योरेन्स क. लि. | १७६१ | १६६८ | १६९५ | ११६८४ | -५६ |
| सिद्धार्थ फाइनान्स लि. | २१२ | २११ | २११ | ७०० | -२ |
| सिद्धार्थ इक्युटी ओरिन्टेड स्किम | १०.८९ | १०.८९ | १०.८९ | १८२ | -०.११ |
| सिद्धार्थ इन्स्योरेन्स लि. | ११९५ | ११७२ | ११९० | १०८३४ | -५ |
| सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्किम-१ | १७.९५ | १७.५० | १७.९५ | २५१७०० | ०.३० |
| सिन्धु विकास बैंक लि. | ३३६ | ३२८ | ३३६ | १३०० | २ |
| सोल्टी होटल लि. | ३२० | ३२० | ३२० | २६३ | ६ |
| स्टचान्डर्ड चार्टर्ड बैंक लि. | २६९० | २६३१ | २६९० | ७७९ | ४ |
| शुभेच्छा विकास बैंक लि. | ३१९ | ३१५ | ३१५ | ५८३ | -१० |
| सम्मीट माइक्रोफाइनान्स डे.बैंक लि. | २५२० | २४९० | २५२० | २५० | २१ |
| सनराइज बैंक लि. | ४३८ | ४१७ | ४३८ | १३२२७ | ११ |
| सूर्य लाइफ इन्स्योरेकस कम्पनी लि. | ८०० | ७९० | ८०० | १३२६ | -५ |
| स्वावलम्वन विकास बैंक लि. | २०९५ | २०६५ | २०९४ | १७८३ | -१६ |
| सिनर्जी फाइनान्स लि. | ११३ | १०९ | ११० | १८१६ | -१ |
| तारागाउँ रिजेन्सी होटल | २२० | २१९ | २२० | ९० | ० |
| तिनाउ डेभलपमेन्ट बैंक लि. | ३६३ | ३६३ | ३६३ | १० | ६ |
| टुरिज्म डेभलपमेन्ट बैंक लि. | २८२ | २७० | २८२ | ८४०८ | ७ |
| त्रिवेणी विकास बैंक लि. | २९५ | २९४ | २९५ | १३३१ | ५ |
| युनियन फाइनान्स कम्पनी लि. | १३४ | १३२ | १३२ | ६५६ | २ |
| युनिक फाइनान्स लि. | २०५ | १९४ | १९४ | २३० | -१५ |
| युनाइटेड फाइनान्स लि. | ३४२ | ३३६ | ३४२ | ११५० | २ |
| युनाइटेड इन्स्योरेन्स क. (नेपाल) लि. | ६६० | ६३१ | ६५८ | ७१४७ | -१० |
| विजय लघुवित्त वित्तीय संस्था लि. | १४११ | १३३० | १३७० | २३४९ | -६९ |
| वेस्टर्न डेभलपमेन्ट बैंक लि. | ४२५ | ४०८ | ४१० | २८३१ | ० |
| यति डेभलपमेन्ट बैंक लि. | १७२ | १६१ | १६८ | ७६५९ | -२ |

**नेप्से परिसूचक** १२५८.२३ (-१.१२)

**कुल कारोबार रकम** : ४०३,३०३,८२४
**कुल सेयर कारोबार** : ९७८,३०१
**कुल कारोबार** : २,२२९

# केन्द्रीय राजस्व बोर्ड गठन हुँदै

## यसै वर्षभित्र कानुनी र संरचनागत प्रक्रिया पूरा हुने

**शिव दुवाडी/राजधानी**
काठमाडौं, ३ फागुन



सरकारले चालु आर्थिक वर्षभित्रै केन्द्रीय राजस्व बोर्ड गठन गर्ने भएको छ। करसम्बन्धी सबै खालका विवाद र गुनासा सल्ट्याउन बोर्डको प्रस्ताव अगाडि सारिएको हो।

अर्थ मन्त्रालयका सहसचिव एवं राजस्व महाशाखा प्रमुख लक्ष्मण अर्यालले करसम्बन्धी सबै काम एउटै निकायले हेर्ने गरी केन्द्रीय राजस्व बोर्ड गठन गर्न लागिएको बताए। बोर्डको गठनपछि राजस्वको सवालमा उठ्ने विवाद समाधान तथा नयाँ नीति तर्जुमालगायत सबै काम एउटै निकायबाट हुनेछ।

हालसम्म राजस्वसम्बन्धी कामका लागि आन्तरिक राजस्व विभाग, भन्सार विभाग, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण तथा अनुसन्धान विभागलगायत निकायले आ-आफ्नो क्षेत्राधिकार अनुसार राजस्वसम्बन्धी आवश्यक निर्णय र त्यसको कार्यान्वयन गर्दै आएका छन्। बोर्डको गठनपछि कुनै विशेष निर्णयका लागि ती सबै निकायले छुट्टाछुट्टै गर्ने काम बोर्ड एक्लैले गर्न सक्छ।

पछिल्लो समयमा एनसेलको बिक्री प्रकरणमा राजस्वसम्बन्धी देखिए जस्ता समस्या पुनः दोहोरिन नदिन र त्यस किसिमका विवाद वा अस्पष्टता देखिएमा एउटै निकायबाट सहजै निर्णय गर्न पनि यस किसिमको निकायको आवश्यकता रहेको उनको भनाइ छ। यस्तो निकाय भएका त्यसले सबै ऐन/कानुनलाई अध्ययन गरी आफैं निर्णय लिनसक्ने उनको भनाइ छ। निजी क्षेत्रका तर्फबाट पनि करको क्षेत्रमा देखिएको झन्झट र अस्पष्टताको अन्त्यका लागि यस किसिमको बोर्डको आवश्यकता औंल्याएको उल्लेख गर्दै सहसचिव अर्यालले अहिले बोर्डसम्बन्धी नीतिगत व्यवस्थाको तयारी भइरहेको बताए। 'केन्द्रीय राजस्व बोर्ड गठनको प्रक्रिया सुरु भइसकेको छ,' उनले राजधानीसँग भने, 'यससम्बन्धी आवश्यक कानुन र संरचना यसै आर्थिक वर्षको असार मसान्तभित्र तयार भइसक्छ।'

बोर्डको संरचना निर्माणका क्रममा निजी क्षेत्रको सल्लाह र सुझावलाई पनि समेट्ने गरी काम भइरहेको उनले बताए। यसका लागि निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थासँग आवश्यक परामर्श भइरहेको उनको भनाइ छ। यस्तो बोर्डको गठनपछि राजस्वसम्बन्धी काम एउटै निकायबाट गर्न सकिने, विवाद समाधानका लागि सजिलो हुने, ऐन/कानुन बाझिएमा त्यसलाई सहजीकरण गर्न सजिलो हुने र राजस्व सम्बद्ध कुनै पनि निकायलाई आवश्यक सेवा लिन थप सजिलो हुने अर्थ मन्त्रालयको ठम्याइ छ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष पशुपति मुरारकाले केन्द्रीय राजस्व बोर्ड गठनका लागि निजी क्षेत्रकातर्फबाट पहिलादेखि नै माग हुँदै आएको बताए। अर्थ मन्त्रालयले पछिल्लो समयमा बोर्डको अवधारणा कार्यान्वयनका लागि प्रक्रिया सुरु गरेकाले अब भने बोर्डको गठन प्रक्रियाले तीव्रता पाउने उनको भनाइ छ। बोर्डको गठनले सरकार र व्यवसायी दुवै पक्षलाई काम गर्न सजिलो हुने र राजस्वसम्बन्धी नीतिमा एकरूपता आउने उनको विश्वास छ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेशकाजी श्रेष्ठले पनि बोर्डको गठन प्रक्रियालाई स्वाभाविक र अत्यावश्यक कामको रूपमा लिएका छन्। धेरै अगाडि नै भइसक्नुपर्ने यो काम ढिलागरी सुरु भएको उनको बुझाइ छ। यद्यपि बोर्ड गठनको प्रक्रिया सुरु भइसकेकाले अब भने यो कार्यान्वयनमा आउने आशा बढेको उनको भनाइ छ। राजस्व बोर्डको गठनपछि विवादित र जटिल कर कानुनहरूको सरलीकरणमा सहयोग पुग्छ। यस्तै, कानुन बाझिएमा त्यसको उपयुक्त र छिटोछरितो निकासका लागि पनि त्यसले फाइदा पुऱ्याउँछ।

# शालीनदी मेलाको व्यापार घट्यो

**गोमा परियार/राजधानी**
काठमाडौं, ३ फागुन

काठमाडौंको उत्तरी भेग साँखुस्थित शालीनदीमा वर्षमा एक पटक लाग्ने मेलाको व्यापार यो वर्ष घटेको छ। करिब एक महिनासम्म शालीनदीमा माघ शुक्ल पूर्णिमाका दिनदेखि सुरु भएको श्री स्वस्थानी व्रतकथाको अवसरमा दर्शन गर्ने दर्शनार्थीहरूको भिड देखिए पनि अघिल्नो वर्षको तुलनामा नदी वरपर राखिएका मिठाई, कपडा, भाँडावर्तन र फलफुलको व्यापार घटेको हो।

श्री स्वस्थानीको व्रतकथा समापन गर्ने बेलासम्म पनि दुई/चार हजारभन्दा बढी व्यापार नभएको रामराजा वाग्लेको भनाइ छ। वाग्ले हरेक वर्षझैं यो वर्ष पनि बागलुङबाट शालीनदी मेलामा कपडाको व्यापार गर्न आएका हुन्। उनी भन्छन्, 'पोहोर साल त २ सातामै २५/२६ हजारको व्यापार भएको थियो तर यो वर्ष त अहिलेसम्म दुई/चार हजारको व्यापार पनि भएको छैन। यो वर्षको व्यापारले नोक्सानी हुने पक्का छ।'

यस्तै धनादेवी न्यौपानेले दार्चुलाबाट आएर भाँडावर्तनको पसल थापेकी छिन्। दिनभर पसलमा बसेर धुलो खानुबाहेक अरू काम नभएको उनी बताउँछिन्। उनी भन्छिन्, 'भूकम्प र नाकाबन्दीको प्रभावले हो कि मान्छे एकदमै कम देखिन्छन्, २/३ बजेतिर बुहुनीसम्म हुन्छ। किन आएछु झैं भो मलाई त।' पसल राख्न ओगटिएको ५ हात जमिनको १७ हजार ५ सय भाडा पनि तिर्न व्यापारबाट आउला भन्ने आशा मरेको अर्का व्यापारी कमलेश गुप्ताको भनाइ छ।

कमलेश भन्छन्, 'पोहोर साल त मैले डेढ लाख कमाइ गरे तर यो पालि त अहिलेसम्म २५ सय मात्रै कमाइ भएको छ भाडा कसरी तिर्ने ?' कमलेशको बुझाइमा पनि व्यापार घट्नुको कारण भूकम्प र नाकाबन्दी नै हो। त्यस्तै, तीर्थकुमारी डंगोलले थापेको अमिलोको व्यापारको अवस्था पनि त्यस्तै छ। मेला हेर्ने र दर्शन गर्न आउने मान्छे बढी भए पनि व्यापार सोचेअनुसारको नभएको डंगोलको भनाइ छ।

सो शालीनदीमा लागिरहेको मेलामा विभिन्न जिल्लाहरूबाट आएर करिब ३/४ सय विभिन्न सामानहरूको पसल थापिएका छन्। तर, व्यापारमा व्यापारी सन्तुष्ट नभएको बताउँछन्। अन्य ठाँउहरूभन्दा शालीनदीमा सामान केही सस्तो भए पनि धुलोमा पोतिएका हुनाले नकिनेको दर्शन गर्न शालीनदी पुगेकी सरिता पराजुलीको भनाइ छ। यस्तै, म्याद नाघेका सामान र विश्वासिलो नभएकाले आफूले त्यहाँको सामान नकिनेको हेमा घर्ती बताउँछिन्।

यता व्यापारीहरूले भने व्यापार घट्नु र दिनभरिमा १ हजार पनि व्यापार नहुनुको मुख्य कारण १० महिनाअघिको भूकम्प र सहज भन्दै गइरहेको नाकाबन्दीलाई नै मानिरहेका छन्।

# बजारमूल्य अझै घटेन, उपभोक्ता मारमै

**लक्ष्मी सापकोटा/राजधानी**
काठमाडौं, ३ फागुन

नाकाबन्दी खुलेको एक साता भइसक्यो बजारमा आपूर्ति व्यवस्था नियमित रूपमा सहज हुन थालेको छ। तर, नाकाबन्दीको समयमा अकासिएको बजार मूल्य भने अझै घट्न सकेको छैन। नेपाल आयल निगमले इन्धनको मूल्य घटाई सार्वजनिक सवारीसाधनको भाडा घटे पनि बजार मूल्य भने अझै सामान्य अवस्थामा आउन सकेको छैन। जसकारण त्यसको प्रत्यक्ष असर आमउपभोक्तालाई पर्न गएको छ।

नाकाबन्दीको समयमा वृद्धि भएको खाद्यान्न, खानेतेल, खाना पकाउने ग्याँस, तरकारीदेखि अधिंकाश दैनिक उपभोग्य वस्तुको मूल्य सामान्य रूपमा घटे पनि अझै पूर्ण रूपमा घट्न सकेको छैन। इन्धन सहज नभएको भन्दै ठुला होलसेल व्यापारीले मूल्य नघटाउँदा बजारमूल्य घट्न नसकेको हो। राष्ट्रिय उपभोक्ता मञ्च नेपालका अध्यक्ष प्रेमलाल महर्जनले पेट्रोलियम पदार्थको आपूर्ति सहज भए पनि बजारमा व्यापारीले मनपरी मूल्य लिने, कृत्रिम अभाव गरी कालोबजारी गर्ने काम भइरहेको बताए।

सरकारले बजार व्यवस्थित गर्न मूल्य नियन्त्रण नीति पारित गरे पनि कार्यान्वयनमा ल्याउन नसक्दा बजार व्यवस्थित हुन सकेको छैन,' उनले भने, 'यसले गर्दा बजार नियन्त्रणबाहिर गई दिनहुँजसो उपभोक्ता ठगिइरहेका छन्।' अन्तर्राष्ट्रिय बजारमा खाद्यान्नदेखि इन्धनको मूल्य घटिरहेको बेला नेपालमा भने बजार व्यवसायीको नियन्त्रणमा हुँदा मूल्य घट्न नसकेको उनको भनाइ छ। सरकारले बजार अनुगमन प्रभावकारी ढंगले गर्न नसक्दा बजारमा दैनिक उपभोग्य वस्तुदेखि खाना पकाउने ग्याँसमा कालोबजारी चुलिँदै गएको उनको भनाइ छ।

'सार्वजनिक यातायातको भाडा घटे पनि नियमन प्रभावकारी नहुँदा अझै कार्यान्वयनमा आउन सकेको छैन,' उनले भने, 'बजार व्यवस्थित गर्न प्रभावकारी अनुगमनसँगै उपभोक्ता ठग्ने व्यापारीलाई तत्काल कारबाही गरिनुपर्छ।' ठुला होलसेल व्यापारीबाट कालोबजारी हुँदा सरकारले कारबाही गर्न नसक्दा बजार व्यवस्थित बन्न नसकेको उनको भनाइ छ।

नेपाल खुद्रा व्यापार संघका अध्यक्ष पवित्रमान बज्राचार्यले इन्धनको आपूर्ति सहज नहुँदा बजारमा दैनिक उपभोग्य वस्तुको मूल्य अझै घट्न नसकेको बताए। नाकाबन्दीअघिको तुलनामा खानेतेल, दाल, चामलमा सामान्य मूल्य घटेको छ,' उनले भने, 'इन्धन सहज नभएको भन्दै ठुला होलसेल व्यापारीले मूल्य नघटाउँदा बजार मूल्य अभै घट्न सकेको छैन।'

१ सय ३० रुपैयाँ पर्ने प्रतिलिटर सनफ्लावर तेललाई व्यापारीले १ सय ५० देखि ६० रुपैयाँमा बेच्ने गरेका छन्। चामल प्रतिबोरा ५० देखि सय रुपैयाँ बढेको छ। बजार अनुगमन प्रभावकारी नहुँदा व्यापारीले पसलपिच्छे फरक- फरक मूल्य लिई उपभोक्ता ठग्ने गरेका छन्।

उता वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागले नियमित रूपमा बजार अनुगमन गरी उपभोक्ता ठग्ने व्यापारीलाई कारबाही भइरहेको बताएको छ। इन्धनको आपूर्ति व्यवस्था सहज नहुँदा बजारमा मूल्यवृद्धि र कालोबजारी बढ्दै गएको थियो,' विभागका निर्देशक हरिनारायण बेलबासेले भने, 'अभावको फाइदा उठाई उपभोक्ता ठग्ने व्यापारीलाई कालोबजारी ऐन अनुरूप कारबाही गरिहेका छौं।' लामो समयदेखि अवरुद्ध भएको रक्सौल नाका खुलेसँगै पेट्रोलियम पदार्थको आयात सहज भए पनि बजारमा खाना पकाउने ग्याँसको भने अझै अभाव हट्न सकेको छैन। आपूर्ति सहज नभएको भन्दै विक्रेताले ७ सय रुपैयाँ पर्ने सात दशमलव एक किलोको ग्याँसलाई व्यापारीले १ हजारदेखि १५ सय रुपैयाँमा बेच्ने गरेका छन्।

ढुवानी खर्च दोब्बर लागेको भन्दै व्यापारीले ग्याँसमा मनपरी मूल्यमा बेच्ने गरेका छन्। पाँच महिनादेखि भारतले गरेको अघोषित नाकाबन्दीले गर्दा अकासिएको बजार मूल्य नाकाबन्दी खुला भइसक्दा पनि नियन्त्रण हुन सकेको छैन। नेपाल राष्ट्र बैंकको तथ्यांकले बजारमूल्य ११ प्रतिशत देखाए पनि बजारमा दैनिक उपभोग्य वस्तुको मूल्य २० देखि ३० प्रतिशतसम्म वृद्धि भइरहेको छ।

लामो समयदेखि नाकाबन्दीले महँगीको मार खेपिरहेका उपभोक्तालाई नाका खुल्दा पनि बजार मूल्य नघट्दा थप मारमा पारेको छ।

## नेपाल राष्ट्र बैंक

**विदेशी मुद्राको विनिमय दर (मंगलबार ४ फागुन २०७२)**

| देश/मुद्रा | एकाइ | खरिद | बिक्री |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १०८.७० | १०९.३० |
| युरो | १ को | १२१.६९ | १२२.३६ |
| पाउन्ड स्ट्रलिङ्ग | १ को | १५७.५२ | १५८.३९ |
| स्विस फ्रचांक | १ को | ११०.५१ | १११.१२ |
| अस्ट्रेलियन डलर | १ को | ७७.६४ | ७८.०६ |
| क्यानेडियन डलर | १ को | ७८.५७ | ७९.०१ |
| सिंगापुर डलर | १ को | ७७.६६ | ७८.०९ |
| जापानी येन | १० को | ९.५४ | ९.५९ |
| चिनियाँ युआन | १ को | १६.७३ | १६.८२ |
| साउदी अरब रियाल | १ को | २८.९८ | २९.१४ |
| कतारी रियाल | १ को | २९.८५ | ३०.०२ |
| थाइ भाट | १ को | ३.०५ | ३.०७ |
| संयुक्त अरब इमिरेट्स दिराम | १ को | २९.५९ | २९.७६ |
| मलेसियन रिंगिट | १ को | २६.३२ | २६.४७ |
| दक्षिण कोरियन वन | १०० को | ८.९७ | ९.०२ |
| **खरिद मात्र** | | | |
| स्विडिस क्रोनर | १ को | १२.८५ | - |
| डेनिस क्रोनर | १ को | १६.३० | - |
| हङकङ डलर | १ को | १३.९६ | - |
| कुबेती दिनार | १ को | ३६४.०२ | - |
| बहराइन दिनार | १ को | २८८.२० | - |

**नोट**
- यो विनिमय दरलाइ बैंकले आवश्यकताअनुसार जुनसुकै समयमा पनि संशोधन गन सक्नेछ।
- वाणिज्य बैंकहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ।
- अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

# व्यवसायीद्वारा जिविसमा तालाबन्दी

**कपिलवस्तु/रास-** लामो सयम बित्दा पनि नदीजन्य पदार्थको निकासीको ठेक्का लगाउन नसकेको भन्दै निर्माण व्यवसायीले आइतबार जिविसमा तालाबन्दी गरेका छन्।

खोला र नदीबाट नदीजन्य पदार्थ निकासीको ठेक्काका लागि सात पटक म्याद थप गरिए पनि अहिलेसम्म ठेक्का लगाउन जिविसले प्रभावकारी पहल नगरेको भन्दै आक्रोशित निर्माण व्यवसायीले जिविसको मूल गेट र स्थानीय विकास अधिकारीको कोठाको गेटमा ताला लगाएका हुन्। बाणगंगा नदीसहितका आठ स्थानबाट ढुंगा, गिट्टी, बालुवा, मिस्कट निकासीका लागि जिविसले गत १९ असोजमा ठेक्का आह्वान गरेको थियो।

स्थानीय विकास मन्त्रालयले प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन स्वीकृत नगरेकाले अहिलेसम्म ठेक्का लाग्न नसकेको जिविसका राजस्व फाट प्रमुख शान्ताराज आचार्यले बताए। गत पुस अन्तिम साता मन्त्रालयबाट २ सदस्यीय टोली आएर खोलाहरूको स्थलगत निरीक्षण र अनुगमन गरी प्रतिवेदन बुझाएको थियो।

प्रतिवेदनको आधारमा मन्त्रालयले बाणगंगा नदीबाहेक अन्य सात खोलाबाट माल निकासी गर्न पाउने गरी स्वीकृत गरेको छ। ठेक्कामा ढिलाइ भएको अवस्थामा जिल्लाको सबैभन्दा ठुलो बाणगंगा बाहेक अन्य सात खोलाबाट मात्र माल निकासीको ठेक्का लगाउन थालिएपछि आफूहरूले त्यसैको विरोधमा तालाबान्दी गरिएको निर्माण व्यवसायी सुनिल कौसलले बताए।

प्रतिवेदन स्वीकृतिका आधारमा बाणगंगाबाहेक धिरी, कोइली, चन्घाट, कोन्द्रे, अगिया र सुरई खोलाबाट मात्र माल निकासीका लागि टेन्डर फाराम किन्ने आइतबारसम्म म्याद रहेको थियो। विरोधमा उत्रिएका निर्माण व्यवसायीले कसैले पनि किनेन्।

'ठेक्का नलाग्दा निर्माण सामग्रीको चरम अभाव छ, लिएको काम ठप्प बनेको छ, निर्माण व्यवसायी महासंघका सचिव गुन्जन कुमार गुप्ताले भने, 'स-साना खोलानालाको ठेक्का लगाउने ठुलो खोलाबाट माल निकासी गर्न नदिने यो निर्माण हामीलाई अमान्य छ,' बाणगंगा खोलाको निकासीको ठेक्का नलाई अरूको आफूहरूले कुनै हालतमा हुन नदिने उनले बताए।

स्थानीय विकास अधिकारी चन्द्रकान्त न्यौपानेले आफूले प्रतिवेदन स्वीकृतिका लागि डटेर लागे पनि मन्त्रालयले हालसम्म नदिएको बताए।

बाणगंगाबाहेक खोलाहरूको स्वीकृतिको पनि गत २८ माघमा मात्र पाएकाले त्यसैको आधारमा ती सात खोलाबाट माल निकासीका लागि ठेक्का प्रक्रियाअघि बढाएको बताए। आइतबार बिहान ढुंगा, गिट्टी, बालुवालगायत गठित व्यवस्थापन समितिको बैठक प्रजिअ अब्दुल कलाम खाँको अध्यक्षतामा बसेर ती सात खोलाको ठेक्का लगाउने निर्णय गरिएको थियो। समितिले पनि माल सहज ढंगबाट आपूर्तिका लागि थप पहल गर्नेसमेत निर्णय गरेको थियो।


नेपाल सरकार
**संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय**
**राजापुर नगरपालिका कार्यालय**
बर्दिया

**व्याक हो लोडर आपूर्ति सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशन मिति : २०७२/११/०४ गते)**

१) यस नगरपालिकालाई आवश्यक पर्ने व्याक हो लोडर सप्लाई गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।
२) यो सूचना प्रकाशित भएको मिति देखि ३० औ दिनसम्म बोलपत्र फारम यस कार्यालयमा अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ. व. २०७१/०७२ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र वा आर्थिक वर्ष २०७१/०७२ को कर/आय विवरण पेश गरेको प्रमाणित कागजात, उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपी र निवेदन साथ पेश गरेपछी नियमानुसार बोलपत्र फारम (रकम फिर्ता नहुने गरी) यस कार्यालयबाट उपलब्ध गराइने छ।
३) खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखी ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गराउन सकिने छ। दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारमहरु सोही दिनको ठिक २:०० बजे (३१ औं) दिन यस नगरपालिकामा नगरपालिकाको प्रतिनीधि, बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। तर बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुका अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन।
४) बोलपत्र फारम साथ जमानत वापतको रकम यस नगरपालिका कार्यालयको राष्ट्रिय वाणिज्य बैंक गुलरिया शाखा,बर्दियामा रहेको खाता नं. ४१४०३०३००३३५६ नं. को धरौटी खातामा दाखिला गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको १२० दिन म्याद भएको जमानीपत्र (विडवण्ड) बोलपत्रसाथ पेश गर्नुपर्नेछ। यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ।
५) फारम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।
६) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन्।
८) अन्य कार्यविधिहरु स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ।
९) अन्य थप केही कुराहरु बुझ्नु परेमा यस नगरपालिका कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिने छ।

| ठेक्का नं. | विवरण | आवश्यक संख्या | बोलपत्र फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| १ | Backhoe Loader (As Per approved technical specification) | थान १ (एक) | १,०००/- | कम्तिमा कबोल अङ्कको २.५० प्रतिशत |

कार्यकारी अधिकृत

# फुटबलमा स्वर्णसँगै पलाएको आशा

**प्रकाश कँडेल/राजधानी**
काठमाडौं, ३ फागुन

नेपाली फुटबल पछिल्लो समय निकै आकर्षक फुटबलका कारण पुनः एकपटक चर्चित बनेको छ। सागमा सोमबार भारतलाई फाइनलमा पराजित गर्दै स्वर्ण जित्दा उसले नेपाली फुटबलमा मानिँदै आएका दुई कुराको भ्रम स्पष्ट चिर्न सफल भयो भने आफूलाई दक्षिण एसियामा पुनः एकपटक उदय गराउन सफल रह्यो।

साग फुटबलमा २३ वर्षपछि उपाधि जित्दा यस बिच नेपाली फुटबल संघर्षमै सीमित रह्यो। यस्तोमा नेपाली टिमलाई बलियो मानिएका टिमविरुद्ध कमजोर मनोबल बनाएर मैदान उत्रने आरोप लाग्ने गरेको थियो भने विपक्षीले गोल गरेपछि 'कमब्याक' गरेर जित्नु सपना जस्तै थियो। यस्तोमा नेपाली फुटबलले साँच्चिकै सुन्दर दिनको सुरुआत गरेको तर्फ बहस केन्द्रित भएको छ। उसले भारतविरुद्ध सोमबार प्रदर्शनमा स्पष्ट रूपमा आफूलाई प्रोफेसनल फुटबल टिमका रूपमा स्थापित गर्न सफल रह्यो।

पहिलो हाफमा भारतले अग्रता लिएपछि नेपाली टिमले जित्ने सम्भावना कमजोर मानिएको थियो।

यस्तोमा नेपाली टिमले जे गर्‍यो, त्यो साँच्चिकै तारिफयोग्य रह्यो। अधिकांश युवा स्टारहरू रहेको टिमले आफूलाई भारतविरुद्ध प्रमाणित गर्दै फुटबलको पछिल्ला समयका विकृतिहरूलाई छायामा मात्र पारेन सम्बन्धित निकायलाई कडा दबाबसमेत सिर्जना गर्‍यो। मैदानभित्रको जितले मैदानबाहिर हुने गतिविधिलाई दबाब बढायो भने अब नेपाली फुटबलमाथिको भरोसालाई थप बलियो बनाउन सफल भयो।

सोमबार साग जित्दा नेपालले आयोजक भारतलाई नै हरायो। पछिल्लो समय नेपालविरुद्ध भारत हावी हुँदै आएको थियो। यस्तोमा भारतलाई पराजित गर्नु नेपाली टिमका लागि निकै सनसनीपूर्ण र रोमाञ्चक मौकाका रूपमा पनि रह्यो।

समग्र सागमा नेपाल पदकमा कमजोर रहे पनि नेपाली फुटबलले ती सबै पदकविहीन यात्रालाई अन्तिम समयमा आएर खुसी दियो। माल्दिभ्सविरुद्धको जितपछि फाइनल जित्ने अपेक्षा बढे पनि भारतलाई कमजोर आँकलन गर्नु पूर्णरूपमा नेपाली टिमका लागि घातक थियो।

यस्तोमा नेपाली टिमका प्रशिक्षक राजुकाजी शाक्यले नेपाली टिमलाई साँच्चिकै इतिहासका लागि प्रेरित गरे।

आफू खेलाडीका रूपमा रहँदा भारतलाई नै हराएर स्वर्ण जितेका शाक्यले प्रशिक्षकका रूपमा पनि भारतलाई हराएर नयाँ इतिहास बनाए। उनी खेलाडी हुँदा र नहुँदा पनि नेपाली फुटबलमा सधैं अग्रस्थानमा रहने छवी बनाएका उनले आफ्नो प्रशिक्षण इतिहासमै सर्वाधिक गर्विलो छाप छोड्न सफल भए जुन नेपाली फुटबलका लागि सर्वाधिक सुखद पक्षका रूपमा रहेको छ।

नेपालले स्वर्ण जितेसँगै अबका दिनमाथि बढ्दो चुनौतीलाई थेग्नु बाँकी दिनका चुनौती हुनेछन्। तर, नेपाली फुटबलले जे दिएको छ। त्यो अहिले नेपाली मनहरूलाई मलम लगाउन पर्याप्त रहेको छ। पछिल्ला खेलमा यू-१६, यू-१९ र अहिले यू-२३ टिमले नेपाली फुटबलमा अब नयाँ पुस्ता आएको तर्फ आफूलाई उभ्याएको छ। यस्तोमा अब नेपाली फुटबल पछि फर्कन सक्दैन। अघि बढेको फुटबललाई अब बढी एक्सपोज दिँदै थप उपलब्धितर्फ केन्द्रित गर्नु अबको चुनौती हुनेछ।








# जुडोबाट फुपुले दिलाइन् अर्को स्वर्ण

**रामसूदन तिमल्सिना/राजधानी**
सिलोङ, ३ फागुन



१२औं दक्षिण एसियाली खेलकुदमा नेपालले अपेक्षा गरेविपरीत दोस्रो स्वर्ण पदकका लागि अन्तिम समयसम्म कुर्नुपरेको छ। एक स्वर्णमा मात्र सीमित रहेको नेपालका लागि १२औं सागको ११औं दिन जुडोकी फुपु ल्हामु खत्रीले स्वर्ण पदक दिलाएकी हुन्।

सोमबार सिलोङको पोलो ग्राउन्डस्थित कभर्ड हलमा आयोजित प्रतियोगितामा ६३ केजीकी फुपुले राउन्ड रोबिनका आधारमा खेलाइएको खेलमा आफ्ना सबै प्रतिद्वन्द्वीलाई पाखा लगाउँदै स्वर्ण पदक कब्जा गरेकी हुन्। सो प्रतिस्पर्धामा भारतीय खेलाडी सुनिबाला देवीले रजत र पाकिस्तानकी अम्बरिन मनीष तथा श्रीलंकाकी डीवाईएल बिजेबर्दनेले कांस्य जिते।

फुपु २०१६ मा ब्राजिलमा आयोजना हुने रियो ओलम्पिकको तयारीका क्रममा हंगेरीमा प्रशिक्षणरत छिन्। उनले त्यही क्रममा हंगेरी कप जुडोमा कांस्य जितेकी थिइन्। यस्तै, विश्व र्‍याङकिङ छनोट प्रतियोगिताअन्तर्गत हङकङ जुडो च्याम्पियनसिपमा रजत र मकाउ खुला जुडो च्याम्पियनसिपमा कांस्य जितेकी थिइन्। आठ स्वर्ण पदकका लागि भएको प्रतियोगितामा सोमबार जुडोबाट नेपाल एक स्वर्णका साथै दुई रजत र तिन कांस्य पदक हासिल गर्न सफल भयो।

महिला ५२ केजीमा लीला अधिकारी र ५७ केजीमा मनिता प्रधान श्रेष्ठले नेपालका लागि रजत दिलाए। उनलाई भारतीय खेलाडी कल्पना देवीले पछाडि पारेकी थिइन्। पाकिस्तानकी इरान साहजादी र बंगलादेशकी तहमिदा ताब्बास जेरिनले कांस्य पाए।

त्यस्तै, मनिता पनि भारतीय खेलाडी अनिता चानु अंगोमसँग पछाडि परिन् पाकिस्तानकी सुमैला गुल र श्रीलंकाकी केएलएमपीके लियानागेले कांस्य पदक प्राप्त गरे।

स्वर्ण पदकका आशा गरिएका रमेश मगर कांस्यमा सीमित भएका थिए उनी ६६ केजी तौल समूहमा अफगानिस्तानका खेलाडी एम आर्यनसँग सेमिफाइनलमा पराजित हुन पुगेका थिए। उनले हार बेहोर्नुअघि भुटानका किन्ले छिरिङलाई पराजित गरेका थिए। सो स्पर्धामा भारतका जे. सैनीले स्वर्ण प्राप्त गरेका थिए।

पुरुषको ६० केजी तौलमा बाई पाएर सेमिफाइनल प्रवेश गरेका इन्द्रबहादुर श्रेष्ठ अफगानी अली पोपालजाईसँग पराजित हुँदै कांस्यमा सीमित भए। सो स्पर्धामा भारतीय भूपिन्दर सिंहले स्वर्ण र पाकिस्तानका मुदासिर अलीले कांस्य पाए। महिलाको ४८ केजी तौलमा पाकिस्तानकी हुमरिया आसिकीले सेमिफाइनलमा हराउँदै कांस्य पदकमा खुम्चन बाध्य पारिन्। उनी बाई पाएर सेमीमा प्रवेश गरेकी थिइन्। सो स्पर्धामा भारतकी सुशीला देवी लिकाम्बमले स्वर्ण तथा श्रीलंकाकी एमपी सन्दमालीले कांस्य पाइन्।

पुरुषको ७३ केजीका सञ्जित डंगोल र ८१ केजीका पवनकुमार श्रेष्ठ पहिलो चरणबाटै बाहिरिएका थिए। नेपाल जुडो संघ अध्यक्ष दीपक हर्ष बज्राचार्यले फुपुको प्रदर्शनबाट सन्तुष्ट भएको जानकारी दिँदै भने, 'उनीबाट हामी स्वर्णको अपेक्षा गरेका थियौं। सोचेजस्तै प्रदर्शन गर्दै उनले स्वर्ण पदक जितिन्।'

उनले अन्य खेलाडीहरूबाट पनि स्वर्णको अपेक्षा गरिएको भए पनि रजतमा सीमित हुन पुगेकोमा नतिजा सोचेअनुरूप नभए पनि सन्तुष्ट हुने ठाउँ रहेको बताए। उनले १२औं सागको अन्तिम दिन मंगलबार हुने प्रतिस्पर्धाबाट नेपालले अर्को स्वर्ण जित्ने सम्भावना प्रबल रहेको बताए। स्वर्णको अपेक्षा गरिएको तेक्वान्दोबाट एक स्वर्ण पनि प्राप्त नभएको समयमा जोडोको प्रदर्शनले केही राहत दिएको छ।

# तेक्वान्दो स्वर्णविहीन

## तेक्वान्दोबाट थप चार कांस्य

**गुवाहाटी/रास–** १२औं सागमा स्वर्णको अपेक्षा गरिएको तेक्वान्दोमा स्वर्ण पदकविहीन हुँदै घर फर्केको छ। नेपालले सोमबार थप ४ रजत पदक जोड्न सफल भएको छ। स्वर्णको आशा गरिएकी आयषा शाक्यले उत्कृष्ट प्रदर्शन गरेको भए पनि अन्ततः रजतमा चित्त बुझाउन बाध्य भइन्।

महिलाको ५३ केजी तौल समूहमा निमा गुरुङ भारतीय खेलाडी लतिका भन्डारीसँग १६-८ अंकले पराजित हुँदै रजतमा सीमित हुन पुगिन्। उनले आफ्नो तौल समूहको पहिलो खेलमा श्रीलंकाली खेलाडी एस गुणवर्द्धनेलाई पराजित गरेकी थिइन् भने दोस्रो खेलमा अफगानी खेलाडीलाई ६-५ले पराजित गरेकी थिइन्।



यस्तै, ६२ केजी तौल समूहमा सागकी स्वर्ण विजेता आयषा शाक्य भारतीय खेलाडी मार्गोरिता रेगीसँग संघर्षपूर्ण पराजय भोग्न बाध्य भइन्। पहिलो र दोस्रो चरणमा २-१ ले अग्रता लिएकी शाक्यले तेस्रो चरणको खेलमा ३-६ को अन्तरमा रहेको अवस्थामा महत्त्वपूर्ण ३ अंक बटुल्दै ६-६ अंकको बराबरीमा खेल टुंग्याउँदै गोल्डेन प्रतिस्पर्धामा खेललाई पुर्‍याइन्। गोल्डेन अंकका लागि भएको खेलमा उनले रेगीलाई ०-३ अंक दिँदै स्वर्णबाट वञ्चित हुन पुगिन्।

सिलोङको नेगरिम्स कभर्ड हलमा भएको पुरुषतर्फको ८० केजी तौल समूहमा सक्षम कार्की भारतीय खेलाडी नवजित मानसँग पराजित हुँदै रजतमा खुम्चिए। उनी नवजितसँग ७-१ अंकले पराजित भए। उनले अफगानिस्तानका खेलाडी जि. काफायातुल्लाहलाई २-० र भुटानी कुसुङ वाङदीलाई १०-३ ले पराजित गरेका थिए।

यस्तै, पुरुषको ६३ केजीमा वीरबहादुर महरा अफगानी अहमद अली बक्सिसँग पराजित भए। श्रीलंकाका दिलान सन्जिवा र भुटानका छिमी वाङचुकलाई पराजित गरेका उनी बक्सिसँग ९-१२ अंकले पछि पर्दै रजत पदकलाई आत्मसात् गर्न बाध्य भए। यसका साथै तेक्वान्दो ७ रजतका साथै ३ कांस्य पदकमा सीमित हुन पुग्यो।

**महिला फुटबलमा नेपाल ४–० ले पराजित**

उत्कृष्ट प्रदर्शन गर्दै आएको महिला फुटबल फाइनलमा भने चुकेको छ। सिलोङस्थित जवाहरलाल नेहरू स्टेडियममा भएको महिला फुटबलमा नेपाल भारतसँग ४-० को गोलअन्तरले पराजित भएपछि रजत पदकमा सीमित भएको छ। राउन्ड रोबिनमा भएको खेलमा भारतलाई बराबरीमा रोक्दै फाइनल पुगेको नेपाल फाइनलमा भारतसँग निरीह बन्यो।

लिगमा एक गोल पनि नखाएको नेपाल फाइनलमा ४ गोल खान पुग्यो। भारतका लागि ३२, ५६ र ७३ मिनटमा कमला देवी वाईले ह्याट्रिक गरिन् भने अर्को गोल असलता देवी एलले ८० मिनटमा गरेकी थिइन्।

# राष्ट्रिय पुरुष भलिबल तथा म्याराथन हुने

**काठमाडौं/रास–** महाशिवरात्री तथा सेना दिवसको अवसर पारेर नेपाल आर्मीले राष्ट्रिय पुरुष भलिबल तथा विभिन्न प्रतिष्ठित क्षेत्रको सहभागिता हुने म्याराथन प्रतियोगिताको आयोजना गर्ने भएको छ।

आगामी ९ देखि १४ फागुनसम्म हुने प्रतियोगितामा आर्मीका दुई टिम साथै अन्य दुई विभागीय टिम (नेपाल पुलिस, एपीएफ) र ५ विकास क्षेत्रका पाँच टिम गरी कुल ९ टिमले प्रतियोगितामा सहभागिता जनाउने तय भएको आर्मीले जनाएको छ। आर्मी प्रवक्ता ताराबहादुर कार्कीले भलिबलतर्फको विजेता टिमले ३ लाख तथा उपविजेताले १ लाख ५० हजार प्राप्त गर्ने जानकारी दिए। प्रतियोगिताको तेस्रो हुने टिमले ७५ हजार प्राप्त गर्नेछ। उसले विभिन्न उत्कृष्ट विधा (वेस्ट प्लयेर, ब्लकर, डिफेन्डर, स्पाइकर, कोच) मा पनि पुरस्कारको व्यवस्था गरेको छ। साथै प्रतियोगितामा उत्कृष्ट खेलाडीले विशेष पुरस्कार स्वरूप मोटरसाइकल प्राप्त गर्ने जनाएको छ।

त्यस्तै, आर्मीले २२ फागुनमा म्याराथनको आयोजना गर्ने भएको छ। विशेष गरेर विभागीय टिमलाई मध्यनजर गर्दै उसले म्याराथन आयोजना गर्न लागेको हो। म्याराथनमा उसले विभिन्न १४ क्षेत्रमा सहभागीहरूले प्रतिस्पर्धा गर्न पाउने जनाएको छ। पुरुष खुलातर्फ ४२.१९५ किमि रहेको छ भने हाफ म्याराथन (२१ किमि) मा महिला र पुरुषले प्रतिस्पर्धा गर्नेछन्। साथै उसले मिलिटरी अट्याची/विदेशी र सैनिक अधिकृतहरूका लागि १० किमि तथा विद्यालयका छात्रछात्रा र नेपाल सरकारका उच्च पदाधिकारीका लागि ५ किमि दौडको आयोजना गर्ने जनाएको छ।

म्याराथनतर्फका विजेताले १ लाख तथा मोटरसाइकल प्राप्त गर्नेछन् भने उपविजेतादेखि छैटौं सम्मकाले क्रमशः ५०, २५, १५, ७ र ५ हजार प्राप्त गर्नेछन्। हाफतर्फको महिला, पुरुष विजेताले २५ हजार पाउनेछन् भने अन्य विधामा ३५ सय पुरस्कार राखिएको छ। उसले म्याराथनका लागि मात्र ३१ देखि ३५ लाख खर्च हुने जनाएको छ। भने भलिबलमा १८ देखि १९ लाख खर्च हुने जानकारी दिएको छ।

सो अवसरमा नेपाल आर्मीका प्रवक्ता ताराबहादुर कार्कीले खेल क्षेत्रमा आर्मीले उल्लेख्य सफलता हासिल गरेको भन्दै जारी सागमा पनि आर्मीका खेलाडीहरू सफल रहेको बताए। उनले ३ सय ८४ खेलाडी सागमा भाग लिनेमध्ये १ सय ४७ जना आर्मीका खेलाडी रहेको र अधिकांश मेडल आर्मीका खेलाडीले जितेको जानकारी दिए।

**राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा** प्रकाशित तथा मुद्रित, राजधानी भवन, कुपण्डोल, पो.ब.नं. २०५०३ काठमाडौं, फोन : ५५४६३००/५५४१०३०/४०, फ्याक्स : ९७७-१-५०११५९४, प्रमुख कार्यकारी अधिकृत : **आषिश शेरचन**, सम्पादक : **राजन शर्मा**